नगर शिक्षा योजना

पालुङटार नगरपालिका

(२०८३/२०८४–२०९३/२०९४)

पालुङटार नगरपालिकाको
मिति २०८३/०२/२१ को कार्यपालिका
बैठकबाट स्वीकृत

प्रकाशक

पालुङटार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ठाँटीपोखरी, गोरखा

हाम्रो भनाइ

शिक्षा मानव विकासको मूल आधार हो। समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक तथा आर्थिक विकासको परिकल्पना गर्न सकिँदैन। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यही संवैधानिक व्यवस्था तथा स्थानीय आवश्यकतालाई ध्यानमा राखी हाम्रो नगरपालिकाले यो नगर शिक्षा योजना तर्जुमा गरेको हो।

नगर क्षेत्रमा शैक्षिक पहुँच विस्तार हुँदै गएको भए तापनि सिकाइ उपलब्धि सुधार, शैक्षिक समानता सुनिश्चितता, शिक्षण–सिकाइको गुणस्तर अभिवृद्धि, सूचना प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत विकास तथा विद्यालय व्यवस्थापनका क्षेत्रमा अझै सुधार आवश्यक देखिन्छ। भौगोलिक अवस्था, सामाजिक–आर्थिक असमानता, लैङ्गिक विभेद तथा अपाङ्गतासँग सम्बन्धित चुनौतीका कारण सबै बालबालिकाले समान स्तरको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन।

यस नगर शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत–साधन तथा सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ। योजना तयार गर्दा विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकासका लक्ष्यहरूसँग समन्वय कायम गरिएको छ, जसले हाम्रो शिक्षा प्रणालीलाई अझ व्यवस्थित, समावेशी र परिणाममुखी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ।

हाम्रो विश्वास छ—शिक्षा केवल विद्यालयको सीमाभित्र सीमित रहने प्रक्रिया होइन, यो जीवनभरि चलिरहने सिकाइको आधार हो। बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा क्षेत्रमा दिगो सुधार सम्भव छ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदार सबै पक्षको सक्रिय सहकार्य र साझा प्रतिबद्धता आवश्यक छ। सामूहिक प्रयास र प्रभावकारी कार्यान्वयनमार्फत हाम्रो नगरलाई सिकाइमैत्री, समावेशी तथा गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ संकल्प व्यक्त गर्दछु।

नगर प्रमुख
विवस चिन्तन

योजनाको सारांश

नगर शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो।यस योजनाले प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा,माध्यमिक शिक्षा प्राविधिक शिक्षा र व्यवसायिक तालिम क्षेत्र र वैकल्पिक एवम् आजीवन शिक्षाका कार्यक्रमसमेतलाई एकीकृत ढङ्गले समेटेको छ। योजनाको प्रमुख उद्देश्यहरूमा- गुणस्तरीय शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय प्रशासन, व्यवस्थापन र शैक्षिक नेतृत्व विकास, विद्यालयमा प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण गर्नु जस्ता उद्देश्यहरू समावेश छन्।

योजना तयार गर्दा पालिकाको वर्गीकृत तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ। यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ।स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो।योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

क) विषय प्रवेश

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन -२०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ। यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन योजना हो। यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै संघीय तहको विद्यालय शिक्षा क्षेत्र योजना २०८२/८३-२०३०/३१ मा उल्लेखित दुरदृष्टी, लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रमसमेतलाई स्थानीय आवश्यकता अनुसार अनुकूलित गरी तथ्याङ्कमा आधारित बजेट तथा कार्यक्रमको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, तथा संयुक्त राष्टसंघको दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान रहेकाअसमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक

तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ।

ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन। संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ। स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो। देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ। एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ। यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो। शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। साथै, यसले पालुङटार नगरपालिकाको विकास साझेदार संस्थाहरु तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो। बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ। शिक्षा योजनाले GEDSI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ। शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ। साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ।

यसरी, शिक्षा योजना निर्माणहुनुले स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले नेपाल सरकारको विद्यालय शिक्षा क्षेत्र योजना (SESP)२०७९-२०८८, संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य (SDG-4) तथा नेपालको राष्ट्रिय शिक्षा नीति (२०७६) सँग पालुङटार नगरपालिकाको स्थानीय शिक्षा विकासकार्यलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

ग) योजना निर्माण प्रक्रिया

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको छ ।

क) नेपालको संविधान

ख) सोह्रौँ आवधिक योजना (आ.व. २०८१/२०८२-२०८५/२०८६)

ग) स्थानीय सरकार सञ्चालन ऐन- २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन- २०७७

ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच

च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

छ) विद्यालय शिक्षा क्षेत्र योजना

ज) राष्ट्रिय शिक्षा नीति २०७६,

झ) दिगो विकास लक्ष्य

ञ) नगरशिक्षा ऐन २०८२

ट) पालुङटार नगरपालिकाको दोस्रो आवधिक योजना -२०८१

ठ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

ड) स्थानीय तहको मध्यकालिन खर्च संरचना

ढ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ण) राजनीतिक दलको घोषणापत्र

त) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको छ ।

ग) योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा यस पालुङटार नगरपालिकाको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु, चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस नगरपालिकाले शिक्षा योजनाका सम्बन्धमा लिएको दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् । परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम कार्यान्वयन तथा सिकाइ मूल्याङ्कन,

शिक्षक व्यवस्थापन र पेशागत विकास, विद्यालय शिक्षामा समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ । परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा नगर क्षेत्रमा शिक्षा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ ।

विषय सुची

परिच्छेद १

परिचय

१.१ भौगोलिक अवस्थिति 5
१.२ जनसाङ्ख्यिक संरचना 6
१.३ सामाजिक तथा सांस्कृतिक अवस्था 8
१.४ आर्थिक अवस्था 8
१.४.१ प्रमुख आर्थिक क्रियाकलापहरु 9
१.४.२ आर्थिक रूपान्तरणका लागि सम्भावनाका क्षेत्रहरू 10
१.४.३ आर्थिक विकासका प्रमुख चुनौतीहरू 8
१.५ शैक्षिक अवस्था 8
३. शिक्षा क्षेत्रका समस्याहरू 11
सामुदायिक विद्यालयमा भएका भौतिक पूर्वाधारहरुको समग्र अवस्था 15

परिच्छेद २

दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

२.१ दूरदृष्टि 20
२.२ लक्ष्य 20
२.३ उद्देश्य 20
२.४ रणनीतिहरु 20
२.६ अपेक्षित उपलब्धि 23
२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण 23

परिच्छेद ३

विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

३.१ प्रारम्भिक बालविकास र शिक्षा 26
३.१.१ परिचयः 26
३.१.२ वर्तमान अवस्थाः 26
३.१.३ उदेश्यः 28
३.१.४ रणनीतिहरू 28
३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण 29
३.२ आधारभतू शिक्षा 33
३.२.१ परिचय 33
३.२.२ वर्तमान अवस्था 33
३.२.३ उद्देश्य 34
३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 35
३.३ माध्यमिक शिक्षा 43
३.३.१ परिचय 43
३.३.२ वर्तमान अवस्था 43

३.३.३ उद्देश्य 44
३.३.४ रणनीतिहरू 44
३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 46
३.४ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई 52
३.४.१ परिचय 52
३.४.२ वर्तमान अवस्था 52
३.४.३ उद्देश्य 53
३.४.४ रणनीतिहरू 53
३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य 54

परिच्छेद ४

अन्तरसम्बन्धित विषय क्षेत्रहरु

४.१ पाठ्यक्रम र मूल्याङ्कन 57
४.१.१ परिचय 57
४.१.२ वर्तमान अवस्था 57
४.१.३ उद्देश्य 58
४.१.४ रणनीतिहरू 58
४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 59
४.१.६ नतिजा तथा परिमाणात्मक लक्ष 60
४.२ शिक्षक व्यवस्थापन र विकास 62
४.२.१ परिचय 62
४.२.२ वर्तमान अवस्था 62
४.२.३ उद्देश्य 63
४.२.४ रणनीतिहरू 63
४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 65
४.३ समता र समावेशीकरण 67
४.३.१ परिचय 67
४.३.२ वर्तमान अवस्था 67
४.३.३ उद्देश्य 68
४.३.४ रणनीतिहरू 68
४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 69
४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम 71
४.४.१ परिचय 71
४.४.२ बर्तमान अवस्था 71
४.४.३ उद्देश्यहरु 71
४.४.४ रणनीतिहरू 72
४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य 73
४.५ आपतकालीन अवस्थामा शिक्षा 75

४.५.१ परिचय 75
४.५.२ वर्तमान अवस्था 75
४.५.३ उद्धेश्य 76
४.५.४ रणनीति 76
४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 77
४.६ विद्यालय भौतिक पूर्वाधार विकास 81
४.६.१ परिचय 81
४.६.२ वर्तमान अवस्था 81
४.६.३ उद्देश्य 82
४.६.४ रणनीतिहरू 82
४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य 83
४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि 86
४.७.१ परिचय 86
४.७.२ वर्तमान अवस्था 86
४.७.३ उद्देश्य 87
४.७.४ रणनीतिहरू 87
४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 87
परिच्छेद ५
विद्यालय सुशासन तथा व्यवस्थाप
५.१ संस्थागत क्षमता विकास 88
५.१.१ परिचय 88
५.१.२ वर्तमान अवस्था 89
५.१.३ उद्देश्य 90
५.१.४ रणनीतिहरू 90
५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 90
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध 91
५.२.१ परिचय 91
५.२.२ वर्तमान अवस्थाः 91
५.२.३ उद्देश्यहरुः 91
५.२.४ रणनीतिहरू 92
५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 92
५.३ अनुगमन तथा मूल्याङ्कन 92
५.३.१ परिचय 92
५.३.२ वर्तमान अवस्था 93
५.३.३ उद्देश्य 93
५.३.४ रणनीतिहरू 93
परिच्छेद ६

लगानी र स्रोत व्यवस्थापन

६.१ परिचय 94
६.२ वर्तमान अवस्था 94
६.३ उद्देश्य 95
६.४ रणनीतिहरू 95
६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 95

परिच्छेद ७

कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

७.१ परिचय 96
७.२ वर्तमान अवस्था 96
७.३ उद्देश्य 97
७.४ रणनीतिहरू 97

परिच्छेद १
परिचय

१.१ भौगोलिक अवस्थिति

पालुङटार नगरपालिका गणडकी प्रदेश अन्तर्गत गोरखा जिल्लामा अवस्थित छ। गोरखा जिल्लाको निर्वाचन क्षेत्र नं. २ का साविकमा रहेका च्याङली पालुङटार गाइखुर र आँपपिपल गाविसहरु मिलेर वि.सं. २०७१ मार्ग १६ गते प्रथम पटक गठन भएको थियो भने त्यस पश्चात वि.सं. २०७३ सालमा साविकका अरु ३ ओटा गाविसहरु क्रमश: मिरकोट, खोप्लाङ, र धुँवाकोट थपिएर हालको पालुङटार नगरपालिका बनेको छ । यस नगरपालिकामा लिगलिगकोट जस्तो ऐतिहासिक र पर्यटकीय स्थल समेत रहेको छ । यस पालुङटार नगरपालिकाको पूर्वमा गोरखा नगरपालिका र सिरानचोक गाँउपालिका, पश्चिममा तनहुँ जिल्लाको भानु नगरपालिका, उत्तरमा सिरानचोक गाउँपालिका र लम्जुङ जिल्ला र दक्षिणमा गोरखा नगरपालिका वडा नं. १३ र १४ र तनहुँ जिल्ला पर्दछ। १० ओटा वडा रहेको यो नगरपालिका उत्तर दक्षिण २८ डिग्री ४ मिनेट ५८ सेकेन्ड उत्तरी अक्षांश देखि २७ डिग्री ३२ मिनेट ४५ सेकेन्ड उत्तरी अक्षांश र ८४ डिग्री ३२ मिनेट ४५ सेकेन्ड पूर्वी देशान्तर देखि ८४ डिग्री २७ मिनेट ४५ सेकेन्ड पूर्वी देशान्तरसम्म रही उत्तर दक्षिण लामो र पूर्व पश्चिम केही साँघुरो प्रकृतिको आकारमा चेपे, मर्स्याङ्दी र दरौदी नदीको करीडोर सँगै १५८.६२ वर्ग किलो मिटर क्षेत्रमा फैलिएको छ। भौगोलिक रूपमा राजधानी काठमाण्डौबाट करीव १६० किलोमिटर र गण्डकी प्रदेश राजधानी पोखराबाट करीव ८० किमीदुरीमा रहेको छ। समुद्री सतहदेखि करिब २२८ मिटरदेखि १४१८ मिटरको क्षेत्रसम्म फैलिएको विविध भौगोलिक संरचनाले नगरपालिकालाई विशिष्ट बनाएको छ। यहाँ तराईक्षेत्रको जस्तै समथर फाँट, मध्यपहाडी भूभाग, नदी उपत्यका तथा पहाडी भिरालो क्षेत्रहरूको समिश्रण पाइन्छ। नगरपालिकाको सिमानाहुँदै हुँदै बग्ने मर्स्याङ्दी नदी,चेपे खोला, र दरौंदी नदीले यहाँको कृषि, जैविक विविधता तथा मानव बसोबासमा महत्वपूर्ण योगदान पुर्‍याएको छ।

पालुङटार नगरपालिका प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले समेत अत्यन्त महत्वपूर्ण क्षेत्र हो। नगरपालिकाभित्र अवस्थित लिगलिगकोट नेपाली इतिहासको गौरवशाली स्थलका रूपमा परिचित छ भने आँपपिपल क्षेत्र, मिरकोट कोटगढी क्षेत्र, अन्नपूर्ण मन्दिर क्षेत्र,तालपोखरी तथा वरपरका हरियाली पहाडहरूले यस क्षेत्रको प्राकृतिक सौन्दर्यलाई थप आकर्षक बनाएका छन्। यहाँको समशीतोष्ण जलवायु, उर्वर कृषि भूमि तथा ग्रामीण–शहरी मिश्रित बसोबासले शिक्षा, कृषि, पर्यटन तथा मानव विकासका लागि अनुकूल वातावरण सिर्जना गरेको छ। भौगोलिक विविधता, ऐतिहासिक महत्व, प्राकृतिक स्रोत–साधन तथा सहज अन्तरजिल्ला पहुँचका कारण पालुङटार नगरपालिका गण्डकी प्रदेशकै सम्भावनायुक्त स्थानीय तहहरूमध्ये एक मानिन्छ। यस भौगोलिक परिवेशले नगरपालिकाको शैक्षिक विकास, सामाजिक रूपान्तरण तथा दिगो स्थानीय विकासका लागि महत्वपूर्ण आधार प्रदान गरेको छ।

१.२ जनसाङ्ख्यिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्या ३७,४०९ रहेको छ भने ११०७२ घर धुरी रहेको छ। २०८३ सालको प्रक्षेपित जनसंख्या ३६०२६ रहेको छ जसमा महिला जनसंख्या १५६९०(४३.५५%) र पुरुष जनसंख्या २०३३६ (५६.४५%) रहेको छ। औसत परिवार संख्या ३.३८ प्रति घरघुरी रहेको छ जुन राष्ट्रिय औषत परिवार संख्या ४.३७ प्रति घरघुरी भन्दा कमी हो। यस नगरपालिकाको लिङ्ग अनुपात ८५.६८ छ अर्थात प्रति १०० महिलामा ८५.६८ पुरुष रहेको छ ।लैङ्गिक अनुपात कम हुनुमा रोजगारी, शिक्षा तथा बैदेशिक रोजगारका लागि पुरुषहरुको बाह्य बसाईँसराइ बढी हुनु सक्छ। यस नगरपालिकाको २०७८ सालको जनसाङ्खिक संरचनालाई वडागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ।



जनगणना २०७८ का अनुसार पालुङटार नगरपालिकाका अधिकांश वडामा न्यूक्लियर (एकल) परिवारको अनुपात ५० प्रतिशतभन्दा बढी रहेको छ भने केही वडामा एक्सटेन्डेड (संयुक्त) परिवारको अनुपात तुलनात्मक रूपमा बढी देखिन्छ। यसले पालुङटार नगरपालिकामा संयुक्त परिवारभन्दा एकल परिवारको प्रचलन बढ्दो रहेको संकेत गर्दछ, जसले सामाजिक, आर्थिक तथा शैक्षिक संरचनामा परिवर्तन भइरहेको देखाउँछ। एकल परिवारमा अभिभावकको ध्यान बालबालिकामा केन्द्रित हुने भएकाले शैक्षिक उपलब्धि सुधार हुन सक्छ। तर वैदेशिक रोजगार वा रोजगारीका कारण अभिभावक अनुपस्थित भएमा बालबालिकाको निगरानी र सिकाइमा समस्या आउन सक्छ। संयुक्त परिवारमा हजुरबा–हजुरआमा तथा अन्य सदस्यको सहयोगले बालबालिकाको हेरचाह र विद्यालय उपस्थितिमा सकारात्मक प्रभाव पर्न सक्छ। एकल परिवारको वृद्धि शहरीकरण, आधुनिक जीवनशैली

तथा आर्थिक परिवर्तनको सूचक मानिन्छ। यसले छुट्टाछुट्टै आवास, खानेपानी, विद्युत्, स्वास्थ्य तथा अन्य सेवाको माग बढाउँछ। पालुङटार नगरपालिका भित्र रहेका जम्मा ११०७२ मध्ये करिव ३५% घरमूली महिला छन। यसको प्रमुख कारणहरुमा पुरुषहरु बैदेशिक रोजगारीमा जानु, बैवाहिक विछोड (सम्बन्ध विच्छेद) वा पुरुष घरमुलीको मृत्यु हुनु, पुरुष दीर्घ रोगी वा असक्त अवस्थामा हुनु ,महिलाको आर्थिक सक्रियता र सशक्तिकरण बढ्नु वा शिक्षा र चेतनामा बृद्धि भएर महिलाले नेतृत्व लिनु जस्ता कारणहरु हुन सक्छन। २०७८सालको जनगणनाको आधारमा २०८३ सालको लागि प्रक्षेपित तथ्याङ्क अनुसार पालुङटार नगरपालिकाको उमेरगत जनसंख्या तल दिइएको तालिकामा देखाइएको छ।

पालुङटार नगरपालिकाको २०८३ सालको उमेर समूहगत प्रक्षेपित जनसंख्या					
उमेर समूह	**पुरुष%**	**महिला%**	**पुरुष जम्मा**	**महिला जम्मा**	**जम्मा**
०-४	३.६	३.२	१२९२	११५६	२४४८
५-९	३.६	३.४	१३०५	१२१८	२५२३
१०-१४	४.२	३.८	१५०२	१३५१	२८५३
१५-१९	४.३	४.४	१५४२	१५८०	३१२२
२०-२४	३.१	४.३	११००	१५४९	२६४९
२५-२९	१.९	४.१	६८२	१४७६	२१५८
३०-३४	२.०	४.४	७२९	१५८१	२३१०
३५-३९	१.९	४.१	६७८	१४९०	२१६८
४०-४४	२.१	४.०	७७२	१४५८	२२३०
४५-४९	२.६	३.७	९४६	१३३०	२२७६
५०-५४	२.६	३.२	९२२	११४७	२०६९
५५-५९	२.९	३.३	१०४३	११८३	२२२६
६०-६४	२.६	३.०	९५४	१०७५	२०२९
६५-६९	२.२	२.७	८०४	९५९	१७६३
७०-७४	१.८	२.१	६३४	७५५	१३८९
७५-७९	१.१	१.६	४०९	५६८	९७७
८०-८४	०.७	०.८	२४१	२८२	५२३
८५-८९	०.२	०.३	९०	१११	२०१
९०-९४	०.१	०.२	४२	५९	१०१
९०+	०.०१	०.०२	३	८	११
जम्मा			१५६९०	२०३३६	३६०२६

माथिको तालिका देखाइए अनुसार पालुङटार नगरपालिका भित्र हाल २०८३ सालमा पूर्व प्राथमिक शिक्षा तथा बालविकास केन्द्रमा भर्नाहुनु पर्ने ४ वर्ष उमेर समूहको जनसंख्या ४८७ जना र विद्यालय तह (कक्षा १ देखि कक्षा ५) मा भर्ना हुन योग्य ५ देखि ९ वर्ष उमेर समुहको जनसंख्या २५२३ जना, आधारभूत तह (कक्षा १ देखि कक्षा ८) का ५ -१२ वर्ष उमेरसमूहको जनसंख्या ४१९४ जना यसैगरी विद्यालयतह (कक्षा १-१२) मा भर्ना हुनु पर्ने उमेर समूह ५-१६ वर्ष उमेर समूहको जनसंख्या ६६१६ जना रहेको छ।

१.३ सामाजिक तथा सांस्कृतिक अवस्था

पालुङटार नगरपालिकाका नागरिकहरूको भेषभूषा, रहनसहन तथा सामाजिक–सांस्कृतिक चालचलनमा नेपालको पहाडी समाजको मौलिक विशेषता झल्किन्छ। यहाँ मुख्य रूपमा ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, नेवार, दलित लगायत विभिन्न जातजाति तथा समुदायहरूको बसोबास रहेको पाइन्छ, जसका कारण सांस्कृतिक विविधता र सामाजिक सहअस्तित्वको समृद्ध परम्परा विकसित भएको छ । जातजातिका आधारमा २०७८ सालको जनगणनाको तथ्याङ्क अनुसार सबैभन्दा बढी क्षेत्री १७ %, पहाडी ब्राम्हण १३ % कुमाल १२% मिजार ११.८ % तामाङ ९.६%, मगर ९.३% , नेवार ९%, विश्वकर्मा ७%, गुरूङ ६.३%, परियार ४.८% रहेको छ साथै न्यून संख्यामा बादी र गाइने जातिका मानिहरुहरुको बसोबास रहेको छ । नगरपालिका भित्र बसोबास गर्ने जनसंख्या मध्ये सबैभन्दा बढी ६३.९% (२३९००जना) नेपाली भाषा, ८.७%(३२६०जना) कुमाल भाषा, ८.५%(३१७३जना) तामाङ भाषा, ५.७%(२१४० जना) नेवारी भाषा, ५.३% (१९९३जना)मगर भाषा , ४.६% (१७१८जना) गुरुङ भाषा, ०.५%(१८३ जना) मुस्लिम भाषा र अन्य ०.९%(३६७ जना) ले अन्य भाषा बोल्नेगरेको पाइन्छ । यस नगरपालिकमा रहेकाो कूल जनसंख्या मध्ये ८२.५% ले हिन्दु धर्म,९% ले बुद्ध धर्म, ७.२% ले क्रिश्चियन धर्म, ०.८ % ले इस्लाम धर्म मानेका छन । परम्परागत रूपमा पुरुषहरूले दौरा–सुरुवाल, भोटो, टोपी तथा समुदाय विशेषका सांस्कृतिक पोशाकहरू प्रयोग गर्ने गरेका छन् भने महिलाहरूले गुन्यु–चोली, फरिया, सारी तथा जातीय पहिचान झल्कने परम्परागत भेषभूषा धारण गर्ने चलन रहेको छ। पछिल्लो समय आधुनिक जीवनशैलीको प्रभावसँगै आधुनिक पोशाकहरूको प्रयोग पनि बढ्दै गएको छ। नगरपालिकाका अधिकांश नागरिकहरू कृषि, पशुपालन, व्यापार तथा सेवा क्षेत्रमा संलग्न रहेका छन् र उनीहरूको जीवनशैली श्रमशील, सामुदायिक तथा सहकार्यमा आधारित रहेको छ। यहाँका बासिन्दाहरूले दशैं, तिहार, तीज, माघे सङ्क्रान्ति, जनैपूर्णिमा, बुद्ध जयन्ती, ल्होसार लगायत विभिन्न धार्मिक तथा सांस्कृतिक पर्वहरू उत्साहपूर्वक मनाउने गर्दछन्। विवाह, व्रतबन्ध, पास्नी, नामकरण तथा अन्त्येष्टि जस्ता संस्कारहरू परम्परागत मूल्य–मान्यता र स्थानीय रीतिरिवाजअनुसार सम्पन्न गरिन्छन्। विभिन्न जातजाति तथा समुदायबीच आपसी सद्भाव, सहिष्णुता, सामाजिक एकता र सांस्कृतिक सम्मानको भावना बलियो रहेको पाइन्छ, जसले पालुङटार नगरपालिकाको सामाजिक सद्भाव, सांस्कृतिक पहिचान तथा सामुदायिक विकासलाई थप सुदृढ बनाएको छ।

१.४ आर्थिक अवस्था

गोरखा जिल्लाको मध्य–पश्चिम क्षेत्रमा अवस्थित पालुङटार नगरपालिका कृषि, व्यापार, सेवा, पर्यटन तथा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण (Remittance) मा आधारित मिश्रित अर्थतन्त्र भएको स्थानीय तह हो। पालुङटार पूर्ण रूपमा ग्रामीण वा पूर्ण रूपमा नगरीय क्षेत्र नभई दुवै विशेषताको मिश्रित स्वरूप भएको नगरपालि**का हो।** कृषिमा आधारित अर्थतन्त्र,पशुपालनमा निर्भरता, परम्परागत बस्ती संरचान,कृषि श्रमको प्रधानता र प्राकृतिक श्रोतमा निर्भारताले पालुङटार नगरपालिको ग्रामिण स्वरुपलाई झल्काउँदछ भने, बजार केन्द्रको विस्तार, बैंक तथा वित्तीयसंस्थाको पहुँच, यातयात तथा सञ्चार क्षेत्रको विस्तार, सेवा तथा व्यपार क्षेत्रको वृद्धिले शहरी परिदृश्यलाई

समेत इङ्गीत गर्दछ। यसकारण पालुङटारको अर्थतन्त्रलाई "ग्रामीण–नगरीय संक्रमणीय अर्थतन्त्र (Transitional Economy)को रुपमा व्याख्या गर्न सकिन्छ।

पालुङटारको अर्थतन्त्रको मुख्य आधार कृषि, पशुपालन, व्यपार तथा सेवा क्षेत्र, विप्रेषण हो । अधिकांश परिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेशामा संलग्न छन्। कृषि उत्पादनसँगै स्थानीय व्यापार, यातायात, निर्माण, पर्यटन, साना उद्योग तथा विप्रेषण आयले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाएको छ।

१.४.१ प्रमुख आर्थिक क्रियाकलापहरु

(क) कृषि क्षेत्र

पालुङटार नगरपालिकाको सबैभन्दा ठूलो आर्थिक क्षेत्र कृषि हो। यहाँको समथर फाँट तथा उपयुक्त जलवायुका कारण धान मकै गहुँ, कोदो , तरकारी खेती, फलफूल उत्पादन, दलहन तथा तेलहन बाली जस्ता कृषि उत्पादन प्रमुख छन् ।

विशेषगरी सिम्पानी-कटहरे-सुन्तले क्षेत्र, खोप्लाङ-भुसुण्डी क्षेत्र, गाइखुर तथा मिर्कोट क्षेत्र, घडेरीखोला-लामुगरा क्षेत्र, सेरा-बिर्दी- ढुङ्गेटारी क्षेत्र,धुँवाकोट टार , च्याङली टार, गाइखुर टार र पालुङटार व्यावसायिक तरकारी तथा खाद्यान्न उत्पादनका लागि परिचित मानिन्छन्। पछिल्ला वर्षहरूमा कृषिको व्यवसायीकरण, प्लास्टिक टनेल, आधुनिक बीउ तथा सिँचाइ विस्तारले उत्पादनशीलता बढाउने प्रयास भइरहेको छ। राष्ट्रिय कृषि गणना २०७८ अनुसार नगरपालिकाभित्र ९४४८ कृषक परिवार छन भने ४११५.५ हेक्टर जमिन कृषक परिवारले उपयोग गरेका छन । नगरपालिकाको १२९१.४ हेक्टर खेतियोग्य जमिनमा सिँचाई सुविधा पुगेको छ । कृषि अर्थतन्त्रमा आधारित पालुङटारमा धान, मकै, गहुँ, कोदो जस्ता खाध्यबालीहरु प्रमुख रुपमा लगाइन्छ । यस नगरपालिकाको वडा नं ६ , ७, र ८ लाई लिची र केराको पकेट क्षेत्रको रुपमा विकास गरिएको छ भने वडा नं २, ९ र १० लाई सुन्तला जातको फलफूल पकेटको रुपमा विकास गरिएको छ । किसान उद्यमशीलता वृद्धिको लागि प्रत्येक २ वडामा १ प्राविधिकले सेवाप्रादान गर्ने व्यवस्था मिलाएको ४ भने सानाकिसान परिवारको आर्थिक उत्थानशिलताको लागि पालुङटार नगरपालिकामा २०८२ सालबाट हाटबजार सञ्चालनमा ल्याइएको छ ।

(ख) पशुपालन तथा दुग्ध व्यवसाय

कृषिसँगै पशुपालन नगरपालिकाको दोस्रो प्रमुख आर्थिक आधार हो। गाईपालन ,भैंसीपालन बाख्रापालन कुखुरापालन , जस्ता मौरीपालन व्यवसायमा व्यवसायीकरण ल्याउन नीतिगत व्यवस्था गरिएको छ । दुग्ध उत्पादन तथा बजार आपूर्ति स्थानीय आयको महत्वपूर्ण स्रोत बनेको छ। सहकारीमार्फत दूध संकलन र बजारीकरणको अभ्यास विस्तार भइरहेको छ।

(ग) व्यापार तथा सेवा क्षेत्र

पालुङटार ठाटीपोखरी बजार, आँपपीपल बजार, मिरकोट- सेरा- विर्दी क्षेत्र र च्याङली -धुँवाकोट, खोप्लाङ क्षेत्र स्थानीय व्यापारिक केन्द्रका रूपमा विकसित हुँदै गएका छन्। पालुङटारका मुख्य सेवा गतिविधिहरूमा खुद्रा तथा थोक व्यापार, होटल तथा रेष्टुरेन्ट ,बैंक तथा वित्तीय संस्था ,शैक्षिक संस्था ,स्वास्थ्य सेवा र यातायात सेवा रहेका

छन। गोरखा सदरमुकाम, तनहुँ तथा लमजुङसँगको सम्पर्कले पालुङटारलाई स्थानीय व्यापारिक केन्द्रको रूपमा स्थापित गरिरहेको छ।

(घ) पर्यटन क्षेत्र

पालुङटारमा धार्मिक, ऐतिहासिक तथा प्राकृतिक पर्यटनको उच्च सम्भावना रहेको छ। प्रमुख पर्यटकीय स्थलहरूमा लिगलिगकोट आँपपीपल क्षेत्र तालपोखरी ,अन्नपूर्ण मन्दिर, चेपे तथा मस्र्याङ्दी नदी आसपासका प्राकृतिक क्षेत्र, कोटगढी र पछिल्लो समय पालुङटार नगरपालिका वार्ड नं ७ मा रहेको खोलाघाट-भाइरल चौर समेत रहेको छ। यी क्षेत्रमा पर्यटकीय दृष्टीकोणबाट पूर्वाधारहरुको विकास गर्न सके यसले पालुङटार नगरपालिकाको टेवा पुऱ्याउन सक्छ।

विशेषगरी लिगलिगकोट ऐतिहासिक रूपमा शाह वंशको राज्य विस्तारसँग सम्बन्धित महत्वपूर्ण स्थल हो। धार्मिक तथा ऐतिहासिक पर्यटनलाई कृषि पर्यटन (Agro-tourism) सँग जोडेर आर्थिक विकासको आधार बनाउन सकिने सम्भावना उच्च छ।

(ङ) विप्रेषण (Remittance) आधारित अर्थतन्त्र

अन्य पहाडी क्षेत्रझैँ पालुङटारबाट पनि ठूलो संख्यामा युवा वैदेशिक रोजगारीमा गएका छन्। नेपाल सरकारबाट श्रम स्वीकृती प्राप्त देशहरुबाट प्राप्त विप्रेषणले घर निर्माण, शिक्षा, स्वास्थ्य, व्यापार लगानी, उपभोग खर्चमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। स्थानीय बजारको विस्तारमा विप्रेषणको प्रभाव उल्लेखनीय देखिन्छ।

१.४.२ आर्थिक रूपान्तरणका लागि सम्भावनाका क्षेत्रहरू

पालुङटार नगरपालिकामा आर्थिक रुपान्तरणका लागि प्रमुख सम्भावना बोकेका क्षेत्रहरु निम्नानुसार रहेका छन

क) कृषि व्यवसायीकरण
ख) फलफूल खेती तथा प्रशोधन
ग) जैविक तथा रैथाने बाली उत्पादन
घ) बीउ उत्पादन केन्द्र
ङ) कृषि प्रशोधन उद्योग
च) दुग्ध प्रशोधन
छ) पर्यटन उद्योग
ठ) चेपे दोभान,लिगलिगकोट तातोपानी, कोटगढी पर्यटन सर्किट
ठ) होमस्टे
ढ) पर्यापर्यटन, कृषि पर्यटन, खेल तथा सभा पर्यटन
ण) धार्मिक पर्यटन
त) साना तथा घरेलु उद्योग
थ) बाँसजन्य उद्योग
द) हस्तकला
ध) फर्निचर उद्योग
प) हरित अर्थतन्त्र
फ) सौर्य ऊर्जा
ब) बायोग्यास
भ) जलवायु अनुकूलित कृषि
म) सामुदायिक वन आधारित उद्यम

१.४.३ आर्थिक विकासका प्रमुख चुनौतीहरू

क) कृषियोग्य भूमिको बढ्दो बाँझोपन रोकी कृषि उत्पादन वृद्धि, कृषि व्यवसायीकरण तथा कृषि उद्यमशीलता विकासका लागि एक गम्भीर संरचनागत चुनौतीका रूपमा रहेको छ । कृषियोग्य जमिन बाँझो रहनु तथा उत्पादनशील भूमिको अपर्याप्त उपयोग पालुङटार नगरपालिकाको कृषि विकास तथा कृषि उद्यमशीलता प्रवर्द्धनका लागि एक प्रमुख चुनौतीका रूपमा रहेको छ। युवा जनशक्तिको वैदेशिक पलायन, कृषिमा घट्दो आकर्षण, श्रम अभाव तथा कृषि उत्पादनको तुलनात्मक रूपमा न्यून प्रतिफलका कारण उल्लेख्य मात्रामा कृषियोग्य भूमि उपयोगविहीन अवस्थामा रहन गएको छ। यसले कृषि उत्पादन, खाद्य सुरक्षा, रोजगारी सिर्जना तथा कृषि-आधारित उद्यम विकासमा प्रतिकूल प्रभाव पार्नुका साथै स्थानीय अर्थतन्त्रको उत्पादक क्षमतामा समेत ह्रास ल्याएको छ ।

ख) स्थानीय अर्थतन्त्रको सुदृढीकरण, कृषि तथा गैरकृषि क्षेत्रमा उद्यमशीलता प्रवर्द्धन, सीपमूलक रोजगार विस्तार तथा लगानीमैत्री वातावरणको विकासमार्फत युवा जनशक्तिको बाह्य पलायन न्यूनीकरण गरी स्थानीय स्तरमा पर्याप्त रोजगारीका अवसर सिर्जना गर्नु आवश्यक देखिन्छ ।

ग) साना, परम्परागत, निर्वाहमुखी तथा विखण्डित कृषि प्रणालीलाई एकीकरण, आधुनिकीकरण र यान्त्रीकरणमार्फत व्यावसायिक तथा प्रतिस्पर्धी कृषि प्रणालीमा रूपान्तरण गर्नु तथा कृषि उपजमा आधारित उद्योग, साना तथा मझौला उद्यमहरूको स्थापना र विकासमार्फत युवा उद्यमशीलता प्रवर्द्धन गरी स्थानीय रोजगारीका अवसरहरू विस्तार गर्नु प्रमुख चुनौती तथा आवश्यकता रहेको छ।

घ) कृषि उत्पादनको संकलन, भण्डारण, प्रशोधन तथा बजारीकरण प्रणालीलाई प्रभावकारी बनाउँदै उत्पादित कृषि उपजका लागि सुनिश्चित, व्यवस्थित र प्रतिस्पर्धी बजार पहुँच स्थापना गर्नु कृषि क्षेत्रको प्रमुख चुनौतीका रूपमा रहेको छ।

ङ) प्राकृतिक विपद् तथा जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि जोखिम व्यवस्थापन, अनुकूलन तथा प्रतिरोध क्षमता अभिवृद्धि गर्नु प्रमुख चुनौती रहेको छ।

च) सीमित रोजगारीका अवसरहरूलाई विस्तार गर्दै स्थानीय स्तरमा उत्पादनशील, दिगो तथा समावेशी रोजगार सिर्जना गर्नु आर्थिक विकासको प्रमुख आवश्यकता तथा चुनौती रहेको छ ।

पालुङटार नगरपालिका कृषि, पशुपालन, व्यापार, पर्यटन र विप्रेषणमा आधारित विकसित हुँदै गएको स्थानीय अर्थतन्त्र भएको नगरपालिका भएकोले योजनाबद्ध कृषि व्यवसायीकरण, कृषि प्रशोधन उद्योग, पर्यटन प्रवर्द्धन तथा स्थानीय उद्यम विकासमार्फत पालुङटारलाई गण्डकी प्रदेशकै एक सशक्त कृषि–पर्यटन–सेवा केन्द्रका रूपमा विकास गर्न सकिने उच्च सम्भावना रहेको छ।

१.५ शैक्षिक अवस्था

पालुङटार नगरपालिका गोरखा जिल्लाको एक महत्वपूर्ण स्थानीय तह हो जहाँ विद्यालय शिक्षाको पहुँच अधिकांश वडासम्म विस्तार भएको छ। नगरपालिकामा सामुदायिक तथा संस्थागत गरी जम्मा ३९ विद्यालय सञ्चालनमा रहेका छन्, जसमा आधारभूत र माध्यमिक तहका विद्यालयहरू समावेश छन्। केही माध्यमिक विद्यालयहरूमा कक्षा ११–१२ सञ्चालन हुँदै आएको छ। नगरपालिकामा प्रौढ तथा अनौपचारिक शिक्षा कार्यक्रम सामुदायिक सिकाइ केन्द्र मार्फत सीमित रूपमा सञ्चालन भए पनि निरक्षरता न्यूनीकरण तथा आजीवन सिकाइका कार्यक्रमलाई अझ सुदृढ बनाउन आवश्यक देखिन्छ। प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच सीमित रहेकोले स्थानीय रोजगार तथा उद्यमशीलतासँग जोडिएका सीपमूलक कार्यक्रम विस्तार गर्नुपर्ने आवश्यकता छ भने उच्च शिक्षाको अवसर प्रयाप्त नहुँदा अधिकांश विद्यार्थीहरू अन्य नजिकका शहरहरुमा जानु पर्ने अवस्था छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार पालुङटार नगरपालिकाको समग्र साक्षरता दर ७५.४१ प्रतिशत रहेको छ। पुरुष साक्षरता दर ८३.५४ प्रतिशत र महिला साक्षरता दर ६८.५३ प्रतिशत रहेकोले लैङ्गिक अन्तर अझै विद्यमान देखिन्छ। युवा उमेर समूहमा साक्षरताको अवस्था तुलनात्मक रूपमा राम्रो भए तापनि वृद्ध तथा विपन्न समुदायमा साक्षरता दर न्यून छ। विद्यालय भर्ना दरमा सुधार भए पनि सिकाइ उपलब्धि, नियमित उपस्थिति तथा माध्यमिक तहपछि अध्ययन निरन्तरतामा थप ध्यान दिन आवश्यक छ।

नगरपालिकाभित्र आधारभूत तथा माध्यमिक विद्यालयहरूको वितरण अधिकांश वडामा रहेको छ। तथापि दुर्गम तथा कम जनघनत्व भएका बस्तीहरूमा विद्यालयसम्मको पहुँच चुनौतीपूर्ण रहन गएको छ। केही विद्यालयहरूमा विद्यार्थी संख्या न्यून हुँदै गएको तथा वैदेशिक रोजगार र बसाइँसराइका कारण विद्यार्थी सङ्ख्या घट्दो क्रममा रहेको देखिन्छ। यसले शिक्षक–विद्यार्थी अनुपात, विद्यालय समायोजन तथा बहुकक्षा–बहुस्तर (Multi Grade Multi Level) शिक्षणको आवश्यकता बढाएको छ। विषयगत दक्ष शिक्षकको समान वितरण तथा विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षक उपलब्धता सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिन्छ।

अधिकांश विद्यालयमा आधारभूत भौतिक पूर्वाधार उपलब्ध भए तापनि सबै विद्यालयमा बालमैत्री, प्रविधिमैत्री तथा समावेशी कक्षाकोठाको पर्याप्त व्यवस्था हुन सकेको छैन। केही विद्यालयमा पुस्तकालय, प्रयोगशाला, खानेपानी, शौचालय तथा खेलमैदानको अवस्था सन्तोषजनक भए पनि सबै विद्यालयमा समान स्तरको सुविधा उपलब्ध छैन। विपद् जोखिम न्यूनीकरण तथा अपाङ्गतामैत्री संरचनामा थप लगानी आवश्यक देखिन्छ।

पाठ्यपुस्तकको पहुँच अधिकांश विद्यालयमा रहे पनि सन्दर्भ सामग्री, प्रयोगात्मक सामग्री, बालमैत्री सिकाइ सामग्री तथा स्थानीय पाठ्यक्रममा आधारित स्रोत सामग्रीको उपलब्धता सीमित देखिन्छ। विद्यालयमा सिकाइ सामग्रीको प्रभावकारी उपयोग र नियमित अद्यावधिक आवश्यक छ।

पालुङटार नगरपालिकामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग क्रमशः विस्तार हुँदै गए पनि सबै विद्यालयमा कम्प्युटर, इन्टरनेट तथा डिजिटल सिकाइ सामग्रीको समान पहुँच छैन। केही विद्यालयमा कम्प्युटर प्रयोगशाला तथा मल्टिमिडिया सुविधा भए तापनि ग्रामीण क्षेत्रका विद्यालयहरूमा विद्युतीकरण, इन्टरनेट पहुँच र डिजिटल साक्षरताको चुनौती विद्यमान छ। डिजिटल शिक्षण–सिकाइलाई संस्थागत गर्न थप लगानी आवश्यक देखिन्छ। यस सम्बन्धमा पालुङटार नगरपालिकाले शिक्षा क्षेत्रको विकासको लागि देखेका अन्य विषयहरु यस प्रकार छन

क) विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा पुनः भर्ना।
ख) बालमैत्री,समावेशी शिक्षा तथा अपाङ्गतामैत्री वातावरण सुदृढीकरण।
ग) प्रारम्भिक बालविकास र शिक्षा (ECED) को गुणस्तर सुधार।
घ) विद्यालय शिक्षा र स्थानीय रोजगार/उद्यमशीलताबीच सम्बन्ध स्थापना।
ङ) प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार।
च) शिक्षकको निरन्तर पेशागत विकास र पेशागत सहयोग कार्यक्रम।
छ) सिकाइ उपलब्धि मापन तथा शैक्षिक गुणस्तर अभिवृद्धि।
ज) प्रविधिमैत्री तथा विपद् प्रतिरोधी विद्यालय विकास।

पालुङटार नगरपालिका ग्रामिण परिवेशबाट शहरी उन्मुख क्षेत्र भएकाले यहाँको शैक्षिक अवस्था संरचनागत विस्तार र गुणस्तर सुधारको संक्रमण चरणमा रहेको देखिन्छ। नगरपालिकामा हाल १३ ओटा सामुदायिक माध्यमिक विद्यालय, ४ ओटा संस्थागत माध्यमिक विद्यालय, आधारभूत तह (६-८) सञ्चालन भएका सामुदायिक विद्यालय ४ वटा, १२ओटा सामुदायिक आधारभूत विद्यालय(कक्षा १-५), ६ ओटा संस्थागत आधारभूत विद्यालय,५ ओटा सामुदायिक सिकाइ केन्द्र, १ बहुप्राविधिक शिक्षालय,१ प्राविधिक धार सञ्चालित विद्यालय, र १ क्याम्पस सञ्चालनमा हुनु शिक्षामा पहुँचको दृष्टिले सकारात्मक आधार हो। यसले आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक पहुँच सुनिश्चित

गर्न सहयोग पुगेको देखिन्छ। तर घट्दो जनसंख्या र बसाइसराइको दबाबका कारण यस क्षेत्रका विद्यालयमा निरन्तर विद्यार्थी संख्या घट्दै गइरहेको छ। २०७२ सालको महाभुकम्पका कारण विद्यालयका भवनहरुमा व्यापक क्षति भएता पनि नेपाल सरकार र विभिन्न दातृ निकायको सहयोगमा क्षतिग्रस्त विद्यालयका भवनहरुको पुन:निर्माण भई सकेको छ। हाल वर्तमान विद्यार्थी संख्याको आधारमा पालुङटार नगरपालिकाका विद्यालयहरुमा भवन र कक्षा कोठाको खासै अभाव देखिदैन तर, खेलमैदान तथा प्रयोगशाला खानेपानी इन्टरनेट जस्ता अन्य पूर्वाधारको विकास गरी विद्यालय क्षेत्रमा बालमैत्री सिकाइ वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो। विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने प्राथमिकीकरण गरीएका न्यूनतम अवस्था कायम गर्नु र ती भौतिक पूर्वाधारको समन्यायिक वितरण र विद्यार्थीहरुको सिकाइमा अर्थपूर्ण सहभागिता पालुङटार नगरपालिकाको प्रमुख चुनौती रहेको छ। नगरपालिकाले आफ्नो शिक्षा नीतिमार्फत संविधान प्रदत्त अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकारको प्रभावकारी कार्यान्वयन गर्दै विद्यालय उमेर समूहका सबै बालबालिकाको शतप्रतिशत भर्ना सुनिश्चित गर्ने तथा विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा समावेश गरी समतामूलक, समावेशी र सर्वसुलभ शिक्षाको पहुँच विस्तार गर्ने लक्ष्य लिएको छ। शिक्षक व्यवस्थापनका दृष्टिले विषयगत शिक्षक अभाव प्रमुख चुनौतीका रूपमा देखिएको छ, विशेष गरी विज्ञान, गणित र अंग्रेजी जस्ता विषयमा यसले सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्न सक्छ।शिक्षकहरूको नेतृत्व र क्षमता विकास तालिम र अनुसन्धान प्रवर्द्धनका कार्यक्रम सकारात्मक पहल भए पनि तिनको प्रभावकारिता विद्यालयस्तरमा देखिन निरन्तर अनुगमन आवश्यक छ। शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका लागि तालिमलाई कक्षाकोठामा आधारित शिक्षण–सिकाइ प्रक्रियासँग आबद्ध गर्दै निरन्तर पेशागत सहयोग (Continuous Professional Support) तथा मार्गदर्शन कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको छ। विद्यार्थी भर्ना दर सन्तोषजनक भए पनि केही बालबालिका विद्यालय कहिल्यै नगएका वा बीचैमा छोड्ने समस्या कायम छ। गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र सिकाइप्रतिको अभिरुचि जस्ता कारणले ड्रपआउट दर प्रभावित हुन सक्छ। “भर्ना शतप्रतिशत” र “ड्रपआउट शून्य” लक्ष्य हासिल गर्न सामाजिक परिचालन, छात्रवृत्ति, दिवा खाजा तथा पोसाक कार्यक्रमलाई थप प्रभावकारी बनाउनु आवश्यक देखिन्छ। सिकाइ उपलब्धि सुधारका लागि शिक्षणमा विधिमा नविनता, परियोजना कार्यमा आधारित सिकाइ, अनुभवमा आधारित सिकाइ, समस्या समाधान विधि,नियमित मूल्याङ्कन प्रणाली र प्रविधि एकीकरण गर्नु अपरिहार्य छन्। पालुङटार नगरपालिकामा अपाङ्गता भएका विद्यार्थी, दलित तथा सीमान्तकृत समूहलाई छात्रवृत्ति, असाहय बालबालिकालाई विशेष शैक्षिक सामग्री र समावेशी पूर्वाधार उपलब्ध गराउने नीति सकारात्मक छ। शारीरिक, दृष्टि, श्रवण वा अटिजम जस्ता विभिन्न प्रकृतिका अपाङ्गताअनुसार सहयोगको व्यवस्था गर्ने योजना समावेशी शिक्षाको गुणस्तर अभिवृद्धिका लागि महत्वपूर्ण आधार हो। वातावरणमैत्री तथा बालमैत्री पूर्वाधार निर्माण, सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित विद्यालय अवधारणा लागू गर्ने प्रयासले सिकाइ वातावरण सुधारतर्फ संकेत गर्दछ। तर सबै विद्यालयमा आधुनिक प्रयोगशाला, कम्प्युटर ल्याब र इन्टरनेट सुविधा उपलब्ध नभएकाले प्रविधिमा असमानता देखिन्छ। शिक्षा क्षेत्रमा बजेट वृद्धि, स्मार्ट प्रविधि प्रयोग, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीति दीर्घकालीन रूपमा सकारात्मक सम्भावना बोकेको छ। यदि यी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिए भने सिकाइ उपलब्धि सुधार, रोजगारीसँग शिक्षा जोड्ने अवसर र समावेशी गुणस्तरीय शिक्षा प्रणाली विकास हुने सम्भावना उच्च देखिन्छ।

२. सबल पक्षहरु

पालुङटार नगरपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय सकारात्मक तथा असल अभ्यासहरू कार्यान्वयनमा ल्याएको छ। स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको अधिकारको प्रभावकारी उपयोग गर्दै विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन तथा कक्षा घटाउने, शिक्षक दरबन्दी मिलान तथा पदस्थापन, आधारभूत तथा माध्यमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने दिशामा विद्यार्थी भर्ना अभियान, विद्यालय बाहिर रहेका विद्यार्थीको खोजी, आवासीय छात्रवास कार्यक्रम, प्राविधिक छात्रवृत्ति कार्यक्रम, स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम, असहाय

बालकालिकालाई शैक्षिक सामग्रीको वितरण, नतिजा सुधार कार्यक्रम र विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सहयोग जस्ता लक्षित कार्यक्रम सञ्चालन गरेको छ। यी कार्यक्रमहरूले गरिब, विपन्न तथा सीमान्तकृत परिवारका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न महत्वपूर्ण योगदान पुऱ्याएका छन्। शैक्षिक गुणस्तर सुधारको लागि विभिन्न विषयमा कस्टोमाइज्ड तालिमहरु सञ्चालन गरी शिक्षकहरुको क्षमता विकास कार्यक्रमहरु सञ्चालनमा ल्याइएका छन । स्थानीय पाठ्यक्रम (कक्षा १-८) र सो को सन्दर्भ सामग्रीहरुको क्रमश: निर्माण गरी विद्यालयमा लागु गर्ने कार्यको थालनी गरिएको छ । विद्यालयमा बालमैत्री स्थानीय शासनको प्रत्याभूति गर्न विद्यालय र टोल स्तरीय बाल समूह र सञ्जाल निर्माण गरिएको छ । विद्यालय हाता भित्र र विद्यालय परिसरको १०० मिटर वरीपरी धुम्रपान, मध्यपान र सुर्तिजन्य वस्तुहरु वितरण नगर्न / नगराउन सचेतना वोर्डको निर्माण गरी टाँस गरिएको छ । विद्यालयमा सिकाइ वातावरण सुधारका लागि प्रविधिमैत्री, बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइएको छ।

शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रविधि एकीकरणमा विशेष ध्यान दिइएको छ। स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला विस्तार, इन्टरनेट जडान तथा डिजिटल सामग्रीको प्रयोगले आधुनिक शिक्षण सिकाइ प्रक्रिया प्रवर्द्धन गरेको छ। विद्यालयमा पालुङटार नगरपालिकाको स्वास्थ शाखासँग समन्वय गरी विद्यार्थी स्वास्थ्य परीक्षण र मनोसामाजिक परामर्श दिने जस्ता अभ्यासहरूले विद्यार्थीको शारीरिक तथा मानसिक स्वास्थ्यलाई पनि शिक्षा प्रणालीको अभिन्न अंगका रूपमा स्वीकार गरेको देखिन्छ, जसले समग्र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

समावेशी शिक्षाको क्षेत्रमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य सीमान्तकृत समूहलाई विशेष प्राथमिकता दिइएको छ। अपाङ्गताका प्रकृतिअनुसार सहायक सामग्री, छात्रवृत्ति तथा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ। विषयगत शिक्षकहरूको नेतृत्व विकास तालिमले शिक्षण सिकाई र पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनम गर्न सहयोग पुऱ्याएको छ।

यसका अतिरिक्त, सामुदायिक सिकाइ केन्द्रहरूको सक्रियता बढाई वयस्क साक्षरता, निरन्तर शिक्षा र जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिएको छ। विद्यालयस्तरमा नियमित शैक्षिक अनुगमन, उपलब्धि परीक्षण, अभिभावक शिक्षक अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रदर्शनी तथा प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गरी सिकाइ उपलब्धि सुधारमा ध्यान दिइएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी युवाहरूलाई स्वरोजगार र उद्यमशीलतातर्फ उन्मुख गराउने पहल पनि अघि बढाइएको छ।

समग्रमा, पालुङटार नगरपालिकाले शिक्षामा समतामूलक पहुँच, गुणस्तर, समावेशीकरण र दिगोपनालाई एकसाथ सम्बोधन गर्ने प्रयास गरेको छ। यदि यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन र स्रोत व्यवस्थापन सुनिश्चित गर्न सकियो भने स्थानीय स्तरमै गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकासको नमुना स्थापित हुनसक्ने सम्भावना प्रबल रहेको छ।

३. शिक्षा क्षेत्रका समस्याहरू

पालुङटार नगरपालिकाको शिक्षा क्षेत्रका विद्यमान समस्याहरूलाई देहाय बमोजिम विश्लेषण गरिएको छ।

क) समतामूलक पहुँच र सहभागिता

पालुङटार नगरपालिकामा २०८३ सालमा बालविकास केन्द्रको कूल भर्नादर(GER) १४०.८६% छ । बालविकास केन्द्र (ECD) को कूल भर्ना दर (GER) १०० प्रतिशतभन्दा धेरै हुनुको अर्थ लक्षित उमेर समूहभन्दा कम वा बढी

उमेरका बालबालिकाहरू पनि बालविकास कार्यक्रममा सहभागी भएका छन् भन्ने हो। यसले प्रारम्भिक बालविकास सेवाप्रति समुदायको आकर्षण र पहुँच राम्रो रहेको देखाए पनि उमेरअनुसार उपयुक्त कक्षामा भर्ना सुनिश्चित गर्नुपर्ने आवश्यकता औँल्याउँछ। यसैगरी कक्षा १ को कूल भर्ना दर १०६.७% रहेको छ। यसले विद्यालय प्रवेश उमेरभन्दा कम वा बढी उमेरका बालबालिकाहरू समेत कक्षा १ मा भर्ना भएको संकेत गर्दछ। विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने प्रयास सकारात्मक देखिए पनि समयमै विद्यालय प्रवेश गराउने विषयमा थप ध्यान दिन आवश्यक देखिन्छ। कक्षा १–५ को GER १००.०३ % तथा कक्षा १–८ को GER ९८.४७% रहेको छ। यी दरहरूले आधारभूत तहमा विद्यालय पहुँच सन्तोषजनक रहेको र अधिकांश बालबालिका विद्यालय शिक्षाको दायरामा रहेको अवस्था देखाउँछन्। तथापि, उमेरअनुसार सबै बालबालिका विद्यालयमा समावेश हुन नसकेको संकेत पनि प्राप्त हुन्छ। बालविकास केन्द्रको खुद भर्ना दर (NER) ६५ प्रतिशत मात्र रहेको छ। यसको अर्थ बालविकास केन्द्रमा भर्ना भएका बालबालिकामध्ये लक्षित उमेर समूहका बालबालिकाको सहभागिता अपेक्षाकृत कम छ। अझै करिब ३५ प्रतिशत लक्षित उमेरका बालबालिका बालविकास सेवाको पहुँच बाहिर रहेको देखिन्छ । कक्षा १ को खुद भर्ना दर ८१.०९ प्रतिशत रहेको छ, जसले विद्यालय उमेर पुगेका करिब १९ प्रतिशत बालबालिका अझै कक्षा १ मा भर्ना हुन नसकेको वा समयमै विद्यालय प्रवेश नगरेको देखाउँछ। कक्षा १–५ को खुद भर्ना दर ८९.८२ प्रतिशत रहेको छ, जुन सन्तोषजनक भए पनि अझै करिब १० प्रतिशत विद्यालय उमेरका बालबालिका प्राथमिक शिक्षाको पहुँच बाहिर रहेको संकेत हो। कक्षा १–८ को खुद भर्ना दर (NER) ८०.४ प्रतिशत रहेको छ। यसले आधारभूत तहमा उमेरअनुसार अध्ययन गर्ने विद्यार्थीको अनुपात अपेक्षाकृत कम रहेको तथा विद्यालय छोड्ने, कक्षा दोहोरिने वा उमेरअनुसार कक्षामा अध्ययन नगर्ने समस्या विद्यमान रहेको देखाउँछ।

पालुङटार नगरपालिकाको २०८२ सालको शैक्षिक समता सुचक यसप्रकार छ ।

i. पहुँच (Access) – ७५.८%: यो सूचकले शिक्षा सेवामा विभिन्न लिङ्ग, जातजाति, आर्थिक तथा सामाजिक समूहका बालबालिकाको पहुँचको अवस्था मापन गर्दछ। ७५.८ प्रतिशत अंकले पालुङटारमा शिक्षाको पहुँच तुलनात्मक रूपमा राम्रो रहेको देखाउँछ। विद्यालय बाहिर रहेका बालबालिकाको संख्या उल्लेख्य रहन सक्ने भएकोले सबै समुदाय र समूहमा समान पहुँच अझै सुनिश्चित हुन सकेको छैन।
ii. सहभागिता (Participation) – ४२.७% : यो सूचकले विद्यालयमा नियमित उपस्थित हुने, कक्षा पूरा गर्ने तथा विद्यालयमा टिकिरहने अवस्थालाई जनाउँछ। ४२.७ प्रतिशत अंकले विद्यालयमा भर्ना भए तापनि विद्यार्थीको नियमितता, निरन्तरता तथा विद्यालयमा टिकाइमा उल्लेख्य चुनौती रहेको संकेत गर्दछ। विशेष गरी सीमान्तकृत समुदाय, आर्थिक रूपमा कमजोर परिवार तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूको सहभागिता कमजोर हुन सक्ने देखिन्छ।
iii. सिकाइ (Learning) – २६.२%: यो सूचक अत्यन्त न्यून अवस्थामा रहेको छ। यसले विद्यार्थीहरूको सिकाइ उपलब्धि, कक्षागत दक्षता तथा अपेक्षित सिकाइ उपलब्धि हासिल गर्ने अवस्था कमजोर रहेको संकेत गर्दछ। विद्यालय पहुँच र भर्ना दर तुलनात्मक रूपमा राम्रो भए पनि सिकाइको गुणस्तर, शिक्षण विधि, शिक्षक क्षमता, शैक्षिक सामग्रीको उपयोग तथा सिकाइ वातावरणमा सुधार आवश्यक रहेको देखिन्छ।

उपलब्ध तथ्याङ्कका आधारमा पालुङटार नगरपालिकामा विद्यालय पहुँच र भर्ना दर सन्तोषजनक अवस्थामा रहेको देखिए तापनि यथार्थरुपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा तथ्याङ्क व्यवस्थापन गर्न नसकिएको देखिन्छ। विशेषगरी प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षामा अधिकांश बालबालिका विद्यालय प्रणालीमा समावेश भएका छन्। तर खुद भर्ना दर, सहभागिता सूचकाङ्क तथा सिकाइ सूचकाङ्कले गुणस्तर, निरन्तरता र सिकाइ उपलब्धिमा चुनौतीहरू विद्यमान रहेको स्पष्ट संकेत गर्दछ। त्यसैले आगामी शिक्षा योजनाले बालविकास सेवाको विस्तार, विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा भर्ना, विद्यार्थी टिकाइ, नियमित उपस्थिति, समावेशी शिक्षा, सिकाइ उपलब्धि अभिवृद्धि, शिक्षकको पेशागत क्षमता विकास तथा विद्यालयको सिकाइ वातावरण सुधार लाई

प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। यसबाट नगरपालिकाले दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिले परिकल्पना गरेको समतामूलक, गुणस्तरीय र समावेशी शिक्षाको लक्ष्य हासिल गर्न सहयोग पुग्नेछ।

ख) गुणस्तर र सान्दर्भिकता

शिक्षण सिकाइ प्रक्रियामा परम्परागत घोकन्ते पद्धतिको प्रभाव अझै देखिन्छ। विद्यार्थी केन्द्रित, खोजमूलक र प्रयोगात्मक शिक्षण अभ्यास सीमित छन्। विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक अभ्यास र अनुसन्धान संस्कृति विकास हुन नसक्दा सिकाइ सैद्धान्तिक रूपमा सीमित भएको छ। शिक्षकले शिक्षण कार्यसँग गर्नु पर्ने अध्ययन अनुसन्धानको पाटो कमजोर अवस्थामा रहेको छ । शिक्षणलाई प्रविधिमा जोड्नको लागि शिक्षकहरुको Digital literacy र Competency लाई बढाउनु पर्ने आवश्यकता छ । आपतकालीन अवस्थामा परम्परागत शिक्षण तरीकाले काम नगर्ने भएकोले यस पालिका भित्र आपतकालीन अवस्थामा समेत शिक्षण सिकाइ कार्य प्रभावित नहुनको लागि बैकल्पिक शिक्षण विधिको विकास गरी अभ्यास गर्नु पर्ने देखिन्छ । नगरपालिकाले कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण गरेको छ तर यसलाई वर्तमान परिवेश अनुसार परिमार्जन गर्न जरूरी देखिएको छ । पाठ्यक्रमसँग तादात्म्य हुने गरी पाठ्यसामग्रीहरुको सङ्कलन गरी शिक्षण सन्दर्भ सामग्रीहरु तयार पार्नु पर्ने आवश्यकता छ । यस कार्यमा ढिलाइ हुँदा शिक्षा र स्थानीय आवश्यकता बीचको सम्बन्ध कमजोर भएको देखिन्छ। यसले जीवनोपयोगी सीप विकासमा चुनौती सिर्जना गरेको छ।

ग) शिक्षक व्यवस्थापन

पालुङटार नगरपालिकामा हाल प्राथमिक तह १-५ को दरबन्दी जम्मा २०६ रहेको छ । निम्न माध्यमिक तहको दरबन्दी जम्मा ४९ र माध्यमकि तह कक्षा १-१० को जम्मा ४७ दरबन्दी रहेको छ । यस्तै गरी कक्षा ११-१२ मा विभिन्न विषयका ६ स्वीकृत दरबन्दी र १० अनुदान कोटामा गरी जम्मा १६ जना शिक्षक कार्यरत रहेका छन। पालुङटार नगरपालिकाका सामुदायिक विद्यालयहरूको विद्यार्थी–शिक्षक अनुपातको विश्लेषण गर्दा आधारभूत तहको प्रारम्भिक कक्षा (१–५) मा विद्यार्थी- शिक्षक अनुपात ७:१ रहेको छ। यो अनुपात राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डको तुलनामा निकै न्यून हो। यसले कक्षा कोठामा शिक्षकको पर्याप्त उपलब्धता रहेको, प्रत्येक विद्यार्थीलाई व्यक्तिगत ध्यान दिन सकिने तथा सिकाइ सहजीकरणका लागि अनुकूल वातावरण रहेको संकेत गर्दछ। तर अर्कोतर्फ यसले विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्दो क्रममा रहेको, विद्यालयहरूको आकार सानो रहेको वा शिक्षक वितरणमा असन्तुलन रहेको सम्भावनासमेत देखाउँछ। यस्तो अवस्थाले उपलब्ध मानवस्रोतको पूर्ण उपयोग हुन नसक्ने तथा शिक्षामा प्रति विद्यार्थी लागत बढ्न सक्ने चुनौती सिर्जना गरेको छ ।

कक्षा ६–८ मा विद्यार्थी–शिक्षक अनुपात २६:१ रहेको छ, जुन कक्षा १–५ को तुलनामा उल्लेख्य रूपमा बढी भए तापनि सामान्यतया व्यवस्थापनयोग्य र स्वीकार्य सीमाभित्र रहेको देखिन्छ। यसले निम्न माध्यमिक तहमा शिक्षक स्रोतको तुलनात्मक रूपमा सन्तुलित उपयोग भइरहेको सङ्केत गर्दछ। तथापि विषयगत शिक्षकको उपलब्धता, वैकल्पिक विषय सञ्चालन तथा सिकाइ उपलब्धिमा यस अनुपातको प्रभावलाई थप अध्ययन गर्न आवश्यक देखिन्छ।

त्यसैगरी कक्षा ९–१० मा प्रति शिक्षक २२ जना विद्यार्थी रहेको तथ्याङ्कले माध्यमिक तहमा शिक्षक व्यवस्थापन अपेक्षाकृत सन्तुलित रहेको देखाउँछ। यो अनुपातले विषयगत शिक्षण, विद्यार्थी परामर्श तथा सिकाइ मूल्याङ्कन

कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सहयोग पुऱ्याउने सम्भावना रहेको छ। माध्यमिक तहमा विज्ञान, गणित र अङ्ग्रेजी जस्ता विषयका दक्ष शिक्षकको उपलब्धता सुनिश्चित गर्न सके सिकाइ उपलब्धि अझ सुधार हुन सक्छ।

समग्र रूपमा कक्षा १–१० सम्मको विद्यार्थी–शिक्षक अनुपात १३:१ रहेको छ, जुन राष्ट्रिय औसतभन्दा कम तथा शिक्षक उपलब्धताको दृष्टिले अनुकूल अवस्था हो। यसले पालुङटार नगरपालिकामा शिक्षक अभावभन्दा पनि विद्यार्थी सङ्ख्याको कमी, विद्यालयहरूको छरिएको संरचना तथा शिक्षक दरबन्दी वितरणको प्रभाव बढी रहेको संकेत गर्दछ। यस्तो अवस्थाले गुणस्तरीय शिक्षाका लागि अवसर प्रदान गरे पनि स्रोतको प्रभावकारी उपयोग, विद्यालय समायोजन, शिक्षक पुनर्वितरण तथा विद्यार्थी आकर्षण कार्यक्रमको आवश्यकता औँल्याउँछ। यसकारण शिक्षक व्यवस्थापनका लागि निम्न कुराहरुमा विशेष ध्यान दिन जरूरी देखिन्छ ।

i. आधारभूत तह (कक्षा १–५) मा अत्यन्त न्यून विद्यार्थी–शिक्षक अनुपातले शिक्षक व्यवस्थापन तथा विद्यालय संरचना पुनरावलोकनको आवश्यकता देखाउँछ।
ii. विद्यार्थी सङ्ख्या घट्दै गएको प्रवृत्ति भएको हुनाले विद्यालय समायोजन, कक्षा एकीकरण वा स्रोत साझेदारीका विकल्पहरू अध्ययन गर्न आवश्यक छ।
iii. कक्षा ६–१० मा अनुपात तुलनात्मक रूपमा सन्तुलित भएकाले विषयगत शिक्षकको गुणस्तर र क्षमता विकासमा जोड दिनुपर्छ।
iv. उपलब्ध शिक्षक स्रोतलाई सिकाइ सुधार, उपचारात्मक कक्षा (Remedial Teaching), व्यक्तिगत सहयोग तथा नवप्रवर्तनात्मक शिक्षणमा परिचालन गर्नु पर्दछ।
v. समग्र १३:१ अनुपातले शिक्षाको पहुँचभन्दा पनि अब गुणस्तर, सिकाइ उपलब्धि र स्रोतको दक्ष उपयोगलाई प्राथमिकता दिनुपर्ने अवस्था रहेको संकेत गर्दछ।

पालुङटार नगरपालिकामा विद्यार्थी–शिक्षक अनुपातको अवस्था विश्लेषण गर्दा शिक्षक उपलब्धताको दृष्टिले अनुकूल देखिए तापनि प्रारम्भिक तहमा अत्यन्त न्यून अनुपात र विद्यार्थी सङ्ख्या घट्दो प्रवृत्ति तथा स्रोत उपयोगको दक्षतासम्बन्धी चुनौतीलाई उजागर गर्दछ। त्यसैले आगामी शिक्षा योजनाले शिक्षक व्यवस्थापनमा तह मिलान, विद्यालय सञ्जालको पुनर्संरचना, सिकाइ गुणस्तर अभिवृद्धि तथा विद्यार्थी आकर्षण रणनीतिलाई प्राथमिकतामा राख्न आवश्यक देखिन्छ।

घ) भौतिक पूर्वाधार

विद्यालय भौतिक पूर्वाधार सम्बन्धी तथ्याङ्कको विश्लेषण अनुसार पालुङटार नगरपालिकाभित्रका २९ वटा सामुदायिक विद्यालयका १०२ ओटा भवन/पूर्वाधार ब्लकहरू छन। विद्यालयहरूमा कुल ३७६ वटा कक्षाकोठा रहेको देखिन्छ। यसमध्ये ३१२ वटा कक्षाकोठा शैक्षिक प्रयोजन (Academic Classes) का लागि प्रयोग भइरहेका छन्। यसका अतिरिक्त विद्यालयहरूमा प्रशासनिक कक्ष, बहुउद्देश्यीय हल, पुस्तकालय, छात्रावास, क्यान्टिन तथा शौचालयलगायतका पूर्वाधारहरू समेत उपलब्ध रहेका छन्।

सामुदायिक विद्यालयमा भएका भौतिक पूर्वाधारहरुको समग्र अवस्था

पालुङ्टार नगरपालिका अन्तरगत सामुदायिक विद्यालय पूर्वाधारको प्रकार	संख्या
शैक्षिक कक्ष (Academic Classes) सञ्चालन हुने	६२ ब्लक
बहुउद्देश्यीय हल भएका	१० ब्लक
प्रशासनिक कक्ष भएका	९ ब्लक
क्यान्टिन भएका	७ ब्लक
शौचालय भएका	८ ब्लक
छात्रावास सञ्चालन भएका	२ ब्लक
पुस्तकालय सञ्चालन भएका	२ ब्लक
अपाङ्गमैत्री शौचालय भएका २	२ ब्लक

यस तथ्याङ्कले विद्यालयहरूमा आधारभूत शिक्षण–सिकाइ सञ्चालनका लागि आवश्यक पूर्वाधारको व्यवस्था रहेको देखिए तापनि पुस्तकालय, छात्रावास तथा अपाङ्गमैत्री सुविधाहरूको उपलब्धता सीमित रहेको संकेत गर्दछ।

i. **सामुदायिक विद्यालयमा भएको भवनको संरचनागत अवस्था**

विद्यालय भवनको संरचनाको प्रकार	संख्या
RCC Frame Structure	५२
Steel Truss सहित इँटा संरचना	१९
RCC Slab सहित Load Bearing Structure	११
माटोको गारो प्रयोग भएका इँटा संरचना	६
Steel Frame Structure	४
अन्य संरचना	१०
जम्मा भवन संख्या	१०२

ii. **सामुदायिक विद्यालयमा भएका भवनहरुको भौतिक अवस्था**

भवनको भौतिक अवस्था	संख्या
राम्रो अवस्था	३३
मध्यम अवस्था	४२
नाजुक अवस्था	१६
जीर्ण अवस्था	९
अत्यन्त जीर्ण (भत्काउनुपर्ने)	२
जम्मा	१०२

माथिको तथ्याङकको आधारमा किरव ७४ % भवनहरु राम्रो र मध्यम अवस्थाका प्रयोग गर्न योग्य अवस्थामा रहेका छन । २७ वटा भवन अत्यन्त नाजुक , जीर्ण तत्काल मर्मत, पुन:स्थापना वा पुन निर्माणको आवश्यकता भएका संरचनाका रुपमा देखिएका छन । यो अवस्थाले भौतिक पूर्वाधारमा गुणस्तरीय पहुँच विस्तार भए तापनि दीर्घकालीन मर्मत सम्भार तथा पुन निर्माणमा थप लगानी आवश्यक रहेको देखिन्छ ।

iii. कक्षा कोठाको अवस्था:

शैक्षिक प्रयोजनका ६२ वटा भवन ब्लकहरुको विश्लेषण गर्दा:

५० वटा भवन राम्रो र प्रयोग गर्ने अवस्थामा छन् । ८ वटा भवन नाजुक अवस्थामा छन्। ३ वटा भवन जीर्ण अवस्थामा छन्। १ वटा भवन अत्यन्त जीर्ण अवस्थामा रहेको छ। यसले अधिकांश विद्यालयमा शिक्षण–सिकाइ सञ्चालन भइरहेको भए पनि केही विद्यालयमा सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्न तत्काल पूर्वाधार सुधार आवश्यक रहेको संकेत गर्दछ।

iv. शौचालय तथा सरसफाई सुविधा:

हाल नगरक्षेत्रका सामुदायिक विद्यालयहरमा निम्नानुसारको शौचालय तथा सरसफाई सुविधाहरु रहेका छन ।

बालकका लागि ५१ वटा प्यान/कमोड, बालिकाका लागि ७५ वटा प्यान/कमोड ,बालकका लागि ४९ वटा युरिनल बालिकाका लागि ६६ वटा युरिनल उपलब्ध रहेका छन्। शौचालयहरुको विश्लेषण गर्दा निम्नानुसारको अवस्था रहेको छ ।

शौचालयको अवस्था	**संख्या**
पूर्ण रूपमा सञ्चालनमा	३८
सञ्चालनमा नरहेका	२४
विवरण उपलब्ध नभएको	४०

तसर्थ उपलब्ध भौतिक पूर्वाधारहरुको विश्लेषण गर्दा निम्नकुराहरुमा शिक्षा क्षेत्रको विकासको लागि निम्नकुराहरुलाई प्राथमिकीकरण गर्नु पर्दछ ।

१. विद्यालयहरूको अधिकांश पूर्वाधार प्रयोगयोग्य अवस्थामा भए तापनि करिब एक चौथाइ भवनहरूको मर्मत वा पुनर्निर्माण आवश्यक छ ।

२. सुरक्षित विद्यालय तथा विपद् प्रतिरोधी पूर्वाधार विकासलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

३. जीर्ण तथा नाजुक अवस्थाका भवनहरूको प्राथमिकताका आधारमा पुनःनिर्माण तथा रेट्रोफिटिङ कार्यक्रम सञ्चालन गर्न आवश्यक छ।

४. अपाङ्गमैत्री पूर्वाधार, पुस्तकालय, विज्ञान प्रयोगशाला तथा बहुउद्देश्यीय सिकाइ केन्द्रहरूको विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ।

५. विद्यालय शौचालयहरूको कार्यशीलता, सरसफाइ तथा दिगो व्यवस्थापनमा विशेष ध्यान दिनुपर्छ।

६. विद्यालय पूर्वाधारको नियमित मर्मत सम्भारका लागि वार्षिक मर्मत कोष तथा पूर्वाधार व्यवस्थापन योजना विकास गर्न आवश्यक देखिन्छ।

तसर्थ, पालुङटार नगरपालिकाका विद्यालयहरूमा आधारभूत शैक्षिक पूर्वाधारको उपलब्धता सन्तोषजनक देखिए तापनि भवनको गुणस्तर, सुरक्षित सिकाइ वातावरण, प्रयोगयोग्य शौचालय, अपाङ्गमैत्री पहुँच तथा अन्य शैक्षिक पूर्वाधारहरूको दृष्टिले अझै सुधारको पर्याप्त सम्भावना रहेको छ। आगामी शिक्षा क्षेत्र योजनाले सुरक्षित, समावेशी, विपद्

प्रतिरोधी तथा गुणस्तरीय शिक्षण–सिकाइलाई सहयोग गर्ने भौतिक पूर्वाधार विकास लाई प्रमुख प्राथमिकताका रूपमा समेट्न आवश्यक देखिन्छ।

ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली

नगरपालिका अन्तरगतका विद्यालयहरुमा नेपाल सरकारले स्वीकृत गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू कार्यान्वयनमा रहेता पनि विषय थप गरी शिक्षण गर्ने प्रवृत्तिलाई रोक्न सकिएको छैन। निर्धारित आन्तरिक तथा वाह्य मूल्याङकन पद्धतिलाई थप प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ । स्थानीय पाठ्यक्रम निर्माण भएता पनि यसको समसामयिक परिवर्तन आवश्यकता छ । कक्षा १ देखि कक्षा ८ सम्मका सन्दर्भ सामग्रीहरु तयार गर्नु पर्ने आवश्यकता छ । सिकाइ उपलब्धिको वैज्ञानिक, तथ्यमा आधारित मूल्याङ्कन प्रणाली कमजोर देखिन्छ। विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन र पृष्ठपोषण प्रणाली सुदृढ छैन। विद्यालयहरुले परीक्षाकेन्द्रित अभ्यासलाई बढी महत्व दिँदा विद्यार्थीहरुको सिर्जनात्मकता र आलोचनात्मक सोच विकासमा अपेक्षित प्रगति हुन सकेको छैन।

च) समता र समावेशीकरण

अपाङ्गता भएका, दलित तथा सीमान्तकृत बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अझै संरचनागत सुधार आवश्यक छ। लैङ्गिक साक्षरता अन्तर, सामाजिक विभेद, भौगोलिक तथा आर्थिक असमानताले शिक्षामा समान अवसर प्राप्तिमा अवरोध सिर्जना गरेका छन्। समावेशी पूर्वाधार, सहायक/ पूरक सामग्री र समावेशीतालाई सम्मान गर्ने प्रवृत्ति पर्याप्त नहुँदा समावेशी शिक्षाको प्रभाव सीमित हुन सक्ने छ।

छ) विद्यालय सुशासन र व्यवस्थापन

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक तथा स्थानीय तहबीचको समन्वय तथा सहकार्य अपेक्षित रूपमा सुदृढ हुन नसक्दा विद्यालय सुधार योजना, शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा चुनौती देखिएको छ। विद्यालयस्तरीय योजना निर्माण, स्रोत परिचालन तथा निर्णय प्रक्रियामा सबै सरोकारवालाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने प्रणाली अझ सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ। साथै, वित्तीय व्यवस्थापन तथा बजेट कार्यान्वयन प्रक्रियामा पारदर्शिता, उत्तरदायित्व र नतिजामुखी व्यवस्थापनलाई थप संस्थागत गर्न आवश्यक देखिन्छ।
विद्यालयमा आधारित योजना निर्माण तथा कार्यान्वयन प्रक्रियालाई प्रभावकारी बनाउन नियमित अनुगमन, पृष्ठपोषण तथा मूल्याङ्कन प्रणालीलाई परिणाममुखी र तथ्यमा आधारित बनाउनुपर्ने आवश्यकता छ। हाल अनुगमन तथा मूल्याङ्कन संयन्त्र अपेक्षाकृत कमजोर रहँदा विद्यालय सुधार योजनाका लक्ष्य तथा सूचकहरूको उपलब्धि मापन र सुधारात्मक हस्तक्षेप प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन। विद्यालयको शैक्षिक उपलब्धि, शिक्षक कार्यसम्पादन, विद्यार्थी सिकाइ उपलब्धि तथा संस्थागत व्यवस्थापनको नियमित मूल्याङ्कनका लागि वैज्ञानिक तथा प्रविधिमैत्री प्रणाली विकास गर्न आवश्यक देखिन्छ। त्यसैगरी, शैक्षिक सत्र, विद्यालय क्यालेन्डर तथा शिक्षण–सिकाइ कार्यक्रमको नियमितता र प्रभावकारी व्यवस्थापनमा अझ सुधारको आवश्यकता रहेको छ। सिकाइ समयको अधिकतम उपयोग, नियमित पठनपाठन तथा पाठ्यक्रमको समयमै कार्यान्वयन सुनिश्चित गर्न विद्यालयस्तरीय व्यवस्थापन क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ।
माध्यमिक तथा प्राविधिक शिक्षाको गुणस्तर अभिवृद्धि, विषयगत प्रयोगशाला विकास, सूचना तथा सञ्चार प्रविधिको एकीकरण, दक्ष जनशक्ति व्यवस्थापन तथा आधुनिक शैक्षिक पूर्वाधार विस्तारका लागि पर्याप्त वित्तीय स्रोतको

व्यवस्थापन चुनौतीपूर्ण रहेको छ। विशेष गरी प्राविधिक तथा व्यावसायिक शिक्षालाई स्थानीय श्रम बजार र रोजगारका अवसरसँग आबद्ध गर्दै दिगो वित्तीय तथा प्राविधिक सहयोगको व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ।

समग्र रूपमा हेर्दा पालुङटार नगरपालिकाले शिक्षाको पहुँच विस्तार, नीतिगत व्यवस्था तथा संस्थागत विकासका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको देखिन्छ। तथापि शिक्षाको गुणस्तर सुधार, समावेशी तथा न्यायपूर्ण पहुँच सुनिश्चितता, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार सुदृढीकरण, प्रविधिमैत्री शिक्षण प्रणाली विकास तथा सुशासन प्रवर्द्धनका क्षेत्रमा थप सुधार आवश्यक रहेको छ। प्रभावकारी योजना तर्जुमा, स्रोतसाधनको दक्ष परिचालन, तथ्यमा आधारित निर्णय प्रणाली, समुदायको सक्रिय सहभागिता तथा जवाफदेही शैक्षिक शासन प्रणालीको विकासमार्फत विद्यमान चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्दै समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माण गर्न सकिने पर्याप्त सम्भावना रहेको छ।

४. अवसरहरू

संविधान र कानुनी व्यवस्थाअनुसार शिक्षा स्थानीय तहको अधिकारभित्र परेपछि स्थानीय सरकारले आफ्नै योजनाअनुसार गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सक्ने अवसर प्राप्त भएको छ। यससँगै शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने क्षमता र तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाबाट सहकार्य र स्रोत जुटाउने वातावरण पनि उपलब्ध छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भएसँगै डिजिटल शिक्षण–सिकाइ, अनलाइन सामग्री र शिक्षक–विद्यार्थी समन्वयमा सहजता आएको छ। स्थानीय पाठ्यक्रम विकासका क्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन र जीवनोपयोगी विषयवस्तु समावेश गर्न सकिने भएकाले शिक्षा केवल सैद्धान्तिक नभई व्यवहारिक र वर्तमान चुनौतीसँग सुसङ्गत हुने सम्भावना बढेको छ। त्यस्तै, स्थानीय स्तरमा विद्यमान रैथाने ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रम र सिकाइ अभ्यासमा आन्तरिकीकरण गर्न सकिनु विद्यार्थीको सांस्कृतिक र सामाजिक सन्दर्भसँग शिक्षा जोड्ने अवसर दिन्छ। साथै, वैकल्पिक सिकाइको सहजीकरणमार्फत प्रत्येक विद्यार्थीले सिक्न पाउने अधिकार सुनिश्चित गर्न सकिने भएकाले पहुँच, समावेशीकरण र गुणस्तर एकसाथ बढाउने वातावरण तयार भएको छ। यस प्रकार, कानुनी अधिकार, स्रोत व्यवस्थापन, प्रविधि र स्थानीय ज्ञानको उपयोगले पालुङटार नगरपालिकाको शिक्षा प्रणालीलाई दिगो, समावेशी र जीवनोपयोगी बनाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको छ।

५. चुनौतीहरू

पालुङटार नगरपालिकाले शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर र समावेशीकरण सुनिश्चित गर्न थुप्रै चुनौतीको सामना गर्दै आएको छ। लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जातजाति र अन्य सामाजिक विविधताका कारण सबै बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्न अझै प्रयास आवश्यक छ। जनसाङ्ख्यिकीय प्रवृत्ति, जन्म दर, बसाइँसराइ, भौगोलिक विकटता र स्थानीय बनौटका कारण व्यावहारिक विद्यालय नक्साङ्कन तथा शिक्षक दरबन्दीको न्यायोचित वितरण आवश्यक छ, जसले विद्यार्थी र शिक्षक दुवैको सहज पहुँच सुनिश्चित गर्दछ। विद्यालयमा थप आर्थिक व्यवस्थापन गर्न कठिनाई हुँदा निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनमा पूर्णता दिन चुनौती देखिन्छ। दक्ष जनशक्तिको अभावले पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणाली सुधार तथा सूचना सञ्चार प्रविधिको प्रभावकारी प्रयोगमा बाधा पुऱ्याएको छ। साथै, विपत्का अवस्थाहरू जस्तै बाढी, पहिरो वा अन्य आपतकालीन परिस्थितिमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर उपलब्ध गराउने रणनीति आवश्यक छ। जनसाङ्ख्यिक विविधताका कारण आजीवन सिकाइ कार्यक्रममा समान अवसर र विविधता सुनिश्चित गर्नुपर्छ। सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधार निर्माण गरी हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत संकलन आवश्यक छ, साथै जलवायु परिवर्तन

र त्यसको असर कम गर्ने उपायहरू अपनाउनु दीगो शिक्षा प्रणालीका लागि अनिवार्य छ। यी सबै चुनौती र अवसरलाई व्यवस्थित रूपमा सम्बोधन गर्दा यस नगरपालिकामा समावेशी, दिगो र गुणस्तरीय शिक्षा प्रणाली विकास गर्न सकिने सम्भावना उच्च रहेको छ।

परिच्छेद २
दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

२.१ दूरदृष्टि

"गुणस्तरीय, सिपमूलक, प्रविधिमैत्री शिक्षाको माध्यमबाट सामाजिक रूपान्तरण"

२.२ लक्ष्य

समतामूलक पहुँचसहित गुणस्तरीय, सिपमूलक, जीवनोपयोगी र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय-अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्षम, नैतिक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने,

२.३ उद्देश्य

- क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
- ख) निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निशुल्क माध्यमिक शिक्षामा गुणस्तर र सान्दर्भिकता सुनिश्चित गर्नु
- ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि व्यवसायिक तालिम, सिप परीक्षण एवम् वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको अवसर सुनिश्चित गर्नु
- घ) आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकार सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी कार्यान्वयन गर्नु
- ङ) बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालमैत्री तथा अपाङ्गता मैत्री पूर्वाधार निर्माण गरी सिकाइ बातावरणमा सुधार ल्याउनु
- च) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु

२.४ रणनीतिहरु

उद्देश्य १: सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता र सुनिश्चित गर्नु

रणनीतिहरू:

- क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि अनिवार्य र निःशुल्क , पहुँचयोग्य र समतामूलक बनाउने,
- ख) विद्यालय जानबाट वञ्चित बालबालिकाहरूको पहिचान गर्न तथ्याङ्क सङ्कलन गर्ने र शैक्षिक सत्रको सुरुमा "विद्यार्थी भर्ना तथा घरदैलो अभियान" सञ्चालन गर्ने,
- ग) गरिब, विपन्न, दलित र सीमान्तकृत समूहका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न र टिकाइराख्न दिवा खाजा, छात्रवृत्ति र पोसाक वितरण गर्ने,
- घ) भौगोलिक विकटता र सामाजिक-आर्थिक कारणले विद्यालयको सहज पहुँचबाट वञ्चित भएका बालबालिकाहरूका लागि आवश्यकता अनुसार **छात्रावास**को व्यवस्था गर्ने,
- ङ) अपाङ्ग बालबालिकाका लागि उनीहरूको अवस्था अनुसार (शारीरिक, सुनाइ, दृष्टि, अटिजम आदि) ब्रेल, साङ्केतिक चित्र र ह्विलचेयर जस्ता सामग्री र विशेष छात्रवृत्तिको व्यवस्था गर्ने,
- च) अपाङ्ग, सीमान्तकृत वा विशेष आवश्यकताका बालबालिकाका लागि समावेशी सिकाइ वातावरण उपलब्ध गराउने,

छ) बालबालिकाको शिक्षामा अभिभावकलाई जिम्मेवार बनाउन अभिभावक शिक्षा कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गर्ने,

ज) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन **नियमित र नतिजामुखी तालिम** प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने

झ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता र वातावरणमैत्री पूर्वाधार सुनिश्चित गर्नु

उद्देश्य २: सबै बालबालिकाको शिक्षामा गुणस्तरीयता र सान्दर्भिकता सुनिश्चित गर्नु,

रणनीतिहरू:

क) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने

ख) शिक्षण सिकाइलाई प्रभावकारी बनाउन स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र इन्टरनेट सुविधाको विस्तार गर्ने

ग) शिक्षाको गुणस्तर कायम गर्न नतिजामा आधारित अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको विकास गर्ने

घ) स्थानीय पाठ्यक्रमलाई स्थानीय आवश्यकता, संस्कृति र जीवनोपयोगी सीपसँग मेल खाने गरी अनुकूल बनाउने

ङ) विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्ने

च) शिक्षण सिकाइमा खोजमूलक, प्रयोगात्मक, विद्यार्थी केन्द्रित र क्रियाकलाप आधारित सिकाइ प्रवर्द्धन गर्ने

छ) शिक्षकलाई नवीनतम शिक्षण विधि, ICT प्रयोग, समावेशी र गुणस्तरीय शिक्षण तालिम प्रदान गर्ने

ज) नियमित मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको माध्यमबाट सिकाइ उपलब्धि र गुणस्तर सुनिश्चित गर्ने

झ) विद्यालयमा पर्याप्त पाठ्यपुस्तक, डिजिटल सामग्री, स्मार्ट बोर्ड, कम्प्युटर ल्याब र प्रयोगशालाको उपलब्धता सुनिश्चित गर्ने

उद्देश्य ३: औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि अनौपचारिक, खुला र वैकल्पिक निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु

रणनीतिहरु

क) अनलाइन प्लेटफर्म, भिडियो क्लास, मोबाइल एप्लिकेशन र रेडियो/टेलिभिजन माध्यमबाट वैकल्पिक सिकाइ पहुँच विस्तार गर्ने

ख) प्रत्येक वडामा इन्टरनेट सुविधा सहित कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने

ग) "एक वडा एक पुस्तकालय/वाचनालय" को अवधारणा अनुसार प्रत्येक सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध रहने गरी पुस्तकालयहरू स्थापना गर्ने

घ) नगरस्तरमा एक मुख्य पुस्तकालय स्थापना गरी वडाका पुस्तकालयहरूलाई एउटै सञ्जालमा जोड्ने

ङ) परम्परागत र मौलिक ज्ञान, दर्शन र प्राकृतिक विज्ञानलाई सङ्ग्रह र सूचीकरण गरी संरक्षण गर्ने

च) प्रत्येक टोलमा नागरिकहरूको सिकाइको चाहना पूरा गर्न र "जीवन पर्यन्त सिकाइ" लाई अभियानको रूपमा सञ्चालन गर्न स्थानीय बौद्धिक समाज गठन गर्ने

छ) समुदायको समन्वय र सहयोगमा टोल-टोलमा प्रौढ कक्षाहरू सञ्चालन गर्ने र उनीहरूको सिकाइ उपलब्धिलाई मापन गर्ने सूचकहरू विकास गरि कार्यान्वयन गर्ने
ज) अनौपचारिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रहरूको भूमिका प्रभावकारी बनाएर पालुङटार नगरपालिकालाई "पूर्ण साक्षर तथा शिक्षित पालिका" घोषणा गर्ने

उद्देश्य ४ : विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,

रणनीतिहरू

क) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध गर्ने
ख) शैक्षिक क्षेत्रमा संलग्न जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्न परिणाममा आधारित जवाफदेहिता प्रणालीको विकास गर्ने
ग) प्रधानाध्यापक छनोट प्रणालीलाई योग्यता र क्षमताका आधारमा हुने गरी परिमार्जन गर्ने
घ) विव्यसको भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाई स्वचालित र सफल संस्थाका रूपमा विकास गर्ने
ङ) विद्यालयप्रति समुदायको अपनत्व बढाउन विद्यालय समुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्ने
च) विद्यालय र विद्यार्थीको विस्तृत विवरणका लागि एकीकृत तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण गर्ने
छ) सम्पूर्ण सूचनालाई सुरक्षित राख्न र 'रियल टाइम' मा प्राप्त गर्न Cloud Data Management र स्वचालित संयन्त्रको विकास गर्ने
ज) निजी (संस्थागत), गुठी र सहकारी विद्यालयहरूको स्थापना, अनुमति, सञ्चालन र आर्थिक पारदर्शिताको नियमित अनुगमन र नियमन गर्ने
झ) शैक्षिक जनशक्ति र नेतृत्व तहका लागि स्पष्ट आचारसंहिता निर्माण गरी लागु गर्ने
ञ) नगरपालिकाभरि रहेका शिक्षक दरबन्दीको अध्ययन गरी दरबन्दी मिलान र पुनर्वितरण गर्ने
ट) प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक र कर्मचारीहरूका लागि नियमित तालिम र नेतृत्व विकास कार्यक्रमहरू सञ्चालन गर्ने

उद्देश्य ५ : आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकार सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी कार्यान्वयन गर्नु।

रणनीतिहरू

क) बहु-माध्यममा आधारित वैकल्पिक सिकाइ प्रणालीको विकास तथा पहुँच विस्तार गर्ने
ख) शिक्षकहरूको व्यावसायिक क्षमता तथा प्राविधिक सशक्तीकरण अभिवृद्धि गर्ने
ग) अभिभावक, समुदाय तथा सरोकारवालाको सहभागितामूलक सिकाइ वातावरण सुदृढ गर्ने
घ) सिकाइ निरन्तरता सुनिश्चित गर्न प्रभावकारी अनुगमन, सूचना व्यवस्थापन तथा प्रतिकार्य प्रणाली सुदृढ गर्ने
ङ) समावेशी तथा समान पहुँचमा आधारित लक्षित सहयोग प्रणाली विकास गर्ने

उद्देश्य ६: बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालमैत्री तथा अपाङ्गता मैत्री पूर्वाधार निर्माण गरी सिकाइ बातावरणमा सुधार ल्याउनु

रणनीतिहरू

क) विद्यालयका नीति, योजना, कार्यक्रम तथा बजेटमा बालअधिकारका मुद्दाहरूलाई मूलप्रवाहीकरण गर्ने।

ख) बालबालिकाको अर्थपूर्ण सहभागिता तथा बाल नेतृत्व प्रवर्द्धन गर्ने

ग) सुरक्षित, समावेशी तथा संरक्षणमुखी विद्यालय वातावरण निर्माण गर्ने

घ) गुणस्तरीय, समावेशी तथा बालकेन्द्रित शिक्षण-सिकाइ प्रवर्द्धन गर्ने

ङ) विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ सेवा सुदृढीकरण गर्ने

च) अभिभावक तथा समुदायको सक्रिय साझेदारी अभिवृद्धि गर्ने

छ) बालमैत्री भौतिक पूर्वाधार तथा पहुँच सुनिश्चिता गर्ने

ज) बालमैत्री योजना, बजेट तथा स्रोत व्यवस्थापन संस्थागत गर्ने

झ) सेवा क्षेत्रमा रहेका बालबालिकाको तथ्याङ्क, अनुगमन गरी सामाजिक जवाफदेहिता प्रणाली सुदृढीकरण गर्ने

२.६ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ,

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ,

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ

ङ) आपतकालीन तथा विपद् परिस्थितिमा समेत सबै बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र सिकाइ निरन्तरता सुनिश्चित भई समावेशी, गुणस्तरीय तथा प्रभावकारी वैकल्पिक सिकाइ प्रणाली संस्थागत हुनेछ।

च) विद्यालयमा बालअधिकार, बालसहभागिता, सुरक्षा, समावेशिता तथा गुणस्तरीय सिकाइ सुनिश्चित भई बालमैत्री, सुरक्षित र बालकेन्द्रित शैक्षिक वातावरण संस्थागत हुनेछ।

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

क्र.स.	सूचक	आधार वर्ष २०८३	२०८५	२०८८	२०९३
१.	प्रारम्भिक बालविकास र शिक्षा				
१.१	प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%)	१४०.८६	१२०	११०	१००
१.२	प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%)	८६.४७	९०	९५	१००

क्र.स.	सूचक	आधार वर्ष २०८३	२०८५	२०८८	२०९३
२.	आधारभूत शिक्षा (कक्षा १ - ८)				
२.१	कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%)	५८.१३	७३	८८	१००
२.२	कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%)	८२.७२	९०	९५	१००
२.३	आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%)	८०.३८	८७	९४	१००
२.४	आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर(%)	१००.०३	१००	१००	१००
२.५	आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर (%)	६५.२	७५	८८	१००
२.६	आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर (%)	८०.८५	८५	९२	१००
२.७	आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%)	९२.३	९४	९६	१००
२.८	आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (%)	९१.६	९४	९६	१००
२.९	आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका (%)	२२.९	१४	७	०
२.१	आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क (GPI)	०.९५	०.९६	०.९८	१
२.११	आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%)	८०.४	८८	९५	१००
२.१२	आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%)	९८.४७	९९	९९.५	१००
२.१३	आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%)	७९.६२	८८	९५	१००
२.१४	आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर(%)	८०.५७	८८	९५	१००
२.१५	आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक (GPI)	०.९६	०.९७	०.९८	१
२.१९	विद्यालय वाहिर रहेका बालबालिका (%)				
२.२	आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (%)	५१.३७	५०	५०	५०
३.	माध्यमिक शिक्षा (कक्षा ९-१२)				
३.१	माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%)	४३.६४	४५	४८	५०
३.२	माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%)	५६.१५	६०	६४	६८
३.३	माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२)	१.०४	१	१	१
३.४	आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर (%)	९३.८	९५	९७	१००

क्र.स.	सूचक	आधार वर्ष २०८३	२०८५	२०८८	२०९३
३.५	कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%)	७२.७८	७५	९०	१००
३.६	कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%)	१२.७७	२५	५०	७५
३.७	माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (%)	१२.३	२०	३०	४०
४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा					
४.१	साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%)	८६.४	९०	९५	१००
४.२	साक्षरता दर (६ वर्ष भन्दा माथि) (%)	७५.४	८०	९०	१००
४.३	साक्षरता दर (१५-२४ उमेर समूह) (%)	९८.६७	१००	१००	१००
४.४	साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि)	८६.४	९०	९६	१००
५. सुशासन तथा व्यवस्थापन					
५.१	आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय)	७:१	१०:१	१५:१	२०:१
५.२	आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय)	२६:१	२८:१	३०:१	३०:१
५.३	आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय)	११:१	१५:१	१८:१	२०:१
५.४	माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय)	२३:१	२५:१	२८:१	३०:१
५.५	माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात	२१:१	२५:१	२८:१	३०:१

परिच्छेद ३
विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.१.१ परिचयः

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौँ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक एवम् सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ।

३.१.२ वर्तमान अवस्थाः

पालुङटार नगरपालिकामा हाल जम्मा ४९ वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्, जसमा सामुदायिकतर्फ ३९ र संस्थागत विद्यालयतर्फ १० केन्द्र रहेका छन्। यी केन्द्रहरूमा कुल ६८६ जना बालबालिका अध्ययनरत रहेका छन्, जसमध्ये ३५० जना छात्र र ३३६ जना छात्रा रहेका छन्। यस उमेर समूहको अनुमानित कुल जनसंख्या ४८७ रहेको आधारमा सहजै देखिने भर्नादर १४०.८६ प्रतिशत रहेको देखिन्छ, पालुङटार नगरपालिकामा हाल ४९ वटा प्रारम्भिक बालविकास केन्द्र (सामुदायिक ३९ र संस्थागत १०) सञ्चालनमा रहेका छन्। यी केन्द्रहरूमा कुल ६८६ जना बालबालिका अध्ययनरत रहेका छन्, जसमा छात्र र छात्राको सहभागिता लगभग समान (छात्र ३५० र छात्रा ३३६) रहेको देखिन्छ। यसले प्रारम्भिक बालविकास शिक्षामा लैङ्गिक समानता सन्तोषजनक रहेको संकेत गर्दछ। ४–५ वर्ष उमेर समूहको अनुमानित कुल जनसंख्या ४८७ मात्र रहेको अवस्थामा बालविकास केन्द्रहरूको कुल भर्नादर (GER) १४०.८६ प्रतिशत पुगेको छ। १०० प्रतिशतभन्दा धेरै GER हुनु सकारात्मक पहुँचको सूचक भए तापनि यसले लक्षित उमेर समूहभन्दा कम वा बढी उमेरका बालबालिका पनि बालविकास कार्यक्रममा भर्ना भएको देखाउँछ। साथै, केही बालबालिकाले एक वर्षभन्दा बढी समय ECED मा अध्ययन गरेको, निजी विद्यालयका केन्द्रहरूमा अन्य क्षेत्रबाट समेत बालबालिका आकर्षित भएको वा जनसंख्या अनुमान र वास्तविक भर्नाबीच अन्तर रहेको हुन सक्ने संकेत गर्दछ। यद्यपि, उच्च GER ले नगरपालिकामा प्रारम्भिक बालविकास सेवाको पहुँच व्यापक रहेको र अधिकांश बालबालिकाले विद्यालय प्रवेशपूर्व तयारीको अवसर प्राप्त गरिरहेको देखाउँछ। तर यस्तो असामान्य रूपमा उच्च भर्नादरले उमेरअनुसार भर्ना व्यवस्थापन, ECED बाट कक्षा १ मा समयमै संक्रमण, तथा तथ्याङ्कको गुणस्तर सुधार आवश्यक रहेको पनि संकेत गर्दछ। यसकारण प्रस्तुत शिक्षा क्षेत्र योजनाले बालमैत्री सिकाइ, खेलमा आधारित शिक्षण र सहजकर्ताको क्षमता विकासमा लगानी बढाउनुका साथै उमेरअनुकूल र गुणस्तरीय प्रारम्भिक बालविकास सेवा सुनिश्चित गर्दै ECED बाट कक्षा १ मा समयमै संक्रमण बढाउने रणनीतिलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ।

बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको संख्या ४४९ रहेको छ। यसमध्ये एक वर्षको बालविकास अनुभवसहित कक्षा १ मा जाने बालबालिकाको ८६.४७ प्रतिशत रहेको छ। पालुङटार नगरपालिकामा बालविकास कार्यक्रम (ECED/PPE) पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको संख्या ४४९ रहेको छ। यसमध्ये ८६.४७ प्रतिशत बालबालिका कम्तीमा एक वर्षको बालविकास अनुभव प्राप्त गरी कक्षा १ मा प्रवेश गरेका छन्। यसले नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच र सहभागिता सन्तोषजनक रहेको तथा अधिकांश बालबालिकाले विद्यालय शिक्षामा प्रवेश गर्नुअघि आवश्यक पूर्वतयारीको अवसर प्राप्त गरेको देखाउँछ। यद्यपि, करिब

१३.५३ प्रतिशत बालबालिका (झण्डै ६१ जना) भने पर्याप्त बालविकास अनुभवबिना कक्षा १ मा प्रवेश गरेको देखिन्छ। यसले केही बालबालिका अझै पनि प्रारम्भिक बालविकास सेवाको पहुँचबाट बाहिर रहेको वा बालविकास कार्यक्रम पूरा नगरी विद्यालय प्रवेश गरेको संकेत गर्दछ।

समावेशी पहुँचको दृष्टिले दलित बालबालिकाको संख्या १३६ (२० प्रतिशत), जनजाति बालबालिकाको संख्या १९८ (३०प्रतिशत) र अपाङ्गता भएका बालबालिकाको संख्या २ रहेको छ। समावेशी शिक्षाको दृष्टिले हेर्दा पालुङटार नगरपालिकाका प्रारम्भिक बालविकास केन्द्रहरूमा अध्ययनरत कुल बालबालिकामध्ये दलित बालबालिकाको संख्या १३६ (२० प्रतिशत) र जनजाति बालबालिकाको संख्या १९८ (३० प्रतिशत) रहेको छ। यसले सामाजिक तथा सांस्कृतिक रूपमा पछाडि पारिएका समुदायका बालबालिकाको प्रारम्भिक शिक्षामा उल्लेखनीय सहभागिता रहेको देखाउँछ। विशेष गरी दलित र जनजाति समुदायका बालबालिकालाई प्रारम्भिक शिक्षाको मूल प्रवाहमा समेट्ने प्रयास प्रभावकारी बन्दै गएको संकेत गर्दछ। त्यसैगरी, अपाङ्गता भएका बालबालिकाको संख्या २ मात्र रहेको तथ्यले प्रारम्भिक बालविकास सेवामा अपाङ्गता भएका बालबालिकाको सहभागिता अत्यन्त न्यून रहेको देखाउँछ। दलित, जनजाति तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको सहभागिता निरन्तर वृद्धि गर्न लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने,अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान (Early Identification) र विद्यालय पहुँच सुनिश्चित गर्न स्वास्थ्य तथा शिक्षा क्षेत्रबीच समन्वय बढाउनुपर्ने,बालविकास केन्द्रहरूलाई अपाङ्गतामैत्री भौतिक संरचना, सिकाइ सामग्री तथा शिक्षण विधिबाट सुसज्जित बनाउनुपर्ने, समावेशी शिक्षा सम्बन्धी शिक्षक तथा सहजकर्ताको क्षमता अभिवृद्धि गर्नुपर्ने र विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको नियमित खोज तथा पहुँच कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

बालविकासका न्यूनतम सक्षमता मापदण्ड पूरा गरेका संस्थागत विद्यालयको संख्या ५ रहेको छ, जुन कुल संस्थागत विद्यालयको ५० प्रतिशत हो। न्यूनतम सक्षमता अन्तर्गत सुरक्षित कक्षाकोठा, खेलमैत्री सिकाइ सामग्री, प्रशिक्षित सहजकर्ता, बालमैत्री शौचालय र सुरक्षित खानेपानी जस्ता सूचकहरू समावेश गरिएका छन्। हाल यी मापदण्ड पूर्ण रूपमा कार्यान्वयन भएका केन्द्रहरूको अनुपात सीमित रहेको देखिएकाले गुणस्तर सुधारका लागि थप लगानी र अनुगमन आवश्यक देखिन्छ।

समग्रमा हेर्दा पालुङटार नगरपालिकामा प्रारम्भिक बालविकासको पहुँच विस्तार सन्तोषजनक देखिए पनि गुणस्तर, समावेशिता र न्यूनतम सक्षमता सुनिश्चिततामा अझ रणनीतिक हस्तक्षेप आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ।

तालिका १

प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण

जम्मा बालविकास		जम्मा बालबालिका			दलित बालबालिका			अपाङ्गता भएका बालबालिका		
प्रकार	संख्या	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा
सामुदायिक	४४३	२१९	२२४	४४३	७६	८१	१५७	२	२	४
संस्थागत	२४३	१३१	११२	२४३	४५	२६	७१	०	०	०
जम्मा	८८६	३५०	३३६	६८६	१२१	१०७	२२८	२	२	४

पालुङटार नगरपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ। यसले ५वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ। नगरपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ।हाल पालुङटार नगरपालिकामा बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारको कमी देखिएको छ। धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य–दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ। यद्यपि, नगरपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ।

३.१.३ उदेश्यः

क) बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु

ख) सबै बालबालिकालाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउनु

ग) बाल विकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाउनु

३.१.४ रणनीतिहरू

क) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

ख) बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने।

ग) निजी क्षेत्रलाई समेत केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहित गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने।

घ) अति विपन्न, दलित, सीमान्तकृत र अपाङ्ग बालबालिकालाई पहुँच सुनिश्चित गर्दै निःशुल्क भर्ना अभियान सञ्चालन गर्ने।

ङ) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

च) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने अपाङ्ग, असहाय, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि नमूना वालविकास केन्द्र विकास गरी पहुँच सुनिश्चित गर्ने,

छ) सामुदायिक लागत सहभागिता अभिवृद्धि गर्ने,

ज) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

झ) ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,

ञ) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,

ट) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

क) **अपेक्षित उपलब्धि र परिमाणात्मक लक्ष्य:** पालुङटार नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ। यस अन्तर्गत लक्षित उमेर समूहका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समावेशी र समान पहुँच उपलब्ध हुनेछ। साथै, सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको पूर्ण अनुभव हासिल गरी आवश्यक सक्षमता विकासपछि कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त गर्नेछन्, जसले उनीहरूको सिकाइको आधार सुदृढ भई दीर्घकालीन शैक्षिक सफलतामा सकारात्मक प्रभाव पार्नेछ। प्रमुख उपलब्धि र परिमाणात्मक लक्षलाई निम्नानुसारको तालिकामा देखाइएको छ।

क्र.सं	**सूचक**	**आधार वर्ष २०८२/८३**	**२०८३/८४**	**२०८४/८५**	**२०८५/८६**	**२०८६/८७**	**२०८७/८८**
१	प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर १००% भएको हुनेछ	१४०.८६	१३०	१२०	११०	१००	१००
२	प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्नादर १००% भएको हुनेछ	६७.५	७०	७५	८०	९०	१००
३	विद्यालय बाहिर रहेका ४-५ वर्षका बालबालिकाको प्रतिशत	४७.२	४०	३५	२५	१५	५
४	प्रारम्भिक बाल शिक्षाबाट कक्षा १ मा बढुवा भएका विद्यार्थी प्रतिशत	४१.२३	५५	६५	७५	९०	१००
५	प्रारम्भिक बालकक्षा दोहोऱ्याउने दर	५३.७७	४०	३०	२०	१०	५
६	प्रारम्भिक बालशिक्षाबाट कक्षा छाड्ने दर	४.९९	३	२	२	१	०
६	तालिम प्राप्त बालविकास सहजकर्ताको प्रतिशत १००% भएको हुनेछ	८०	८५	८८	९०	९६	१००
७	प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका १००% हुनेछन	८६.४७	९०	९४	९६	९८	१००
८	अभिभावक शिक्षा सञ्चालन गर्ने बालविकास केन्द्रको प्रतिशत	२६	५०	७५	९०	९५	१००
९	प्रारम्भिक बालविकास र शिक्षाको स्थानीय मापदण्ड अनुसार प्रमाणीकरण भएका केन्द्रको संख्या %	०	२०	५०	८०	९०	१००

प्रारम्भिक बाल विकास र शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

क्र.सं.	प्रमुख क्रियाकलाप	एकाइ	भौतिक लक्ष्य (५ वर्ष)						१० वर्ष लक्ष्य	कैफियत
			२०८३	२०८४	२०८५	२०८६	२०८७	जम्मा		
१	प्रारम्भिक बाल शिक्षाको उमेर समूह (४-५ वर्ष)का बालबालिकाको घरधुरी सर्वेक्षण तथा नक्साङकन	वडा	१०	१०	१०	१०	१०	५०	१००	वार्षिक अद्यावधिक
२	विद्यालय बाहिर रहेका बालबालिकाको खोज तथा विशेष भर्ना अभियान	अभियान	१	१	१	१	१	५	१०	समावेशी पहुँच सुनिश्चित
३	आवश्यकता अनुसार नयाँ बालविकास केन्द्र स्थापना	केन्द्र	२	२	१	१	१	७	१२	विद्यार्थी संख्या र सेवा अपुग / नपुगेको क्षेत्रमा
४	विद्यमान बालविकास केन्द्रलाई स्रोतपूर्ण केन्द्रमा रुपान्तरण	केन्द्र	५	५	५	५	५	२५	सबै केन्द्र	गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्न
५	प्रत्येक बालविकास केन्द्रमा ५ सिकाइ कुना तथा खेल सामग्रीको व्यवस्थापन	केन्द्र	६	६	६	६	६	३०	सबै केन्द्र	स्थानीय र राष्ट्रिय मापदण्ड अनुसार
६	बालमैत्री अपाङ्गता मैत्री तथा सुरक्षित भौतिक संरचाना विकास	केन्द्र	५	५	५	५	५	२५	सबै केन्द्र	समावेशी शिक्षाको आधार निर्माण

७	ECD सहजकर्ताको आधारभूत तालिम	जना	२०	२०	२०	२०	२०	१००	सबै सहजकर्ता	दक्ष जनशक्ति विकास
८	सहजकर्ताको पुनर्ताजकी तथा पेशागत विकास तालिम	जना	सबै	सबै	सबै	सबै	सबै	निरन्तर	निरन्तर	निरन्तर पेशागत विकास
९	विद्यालय तयारी (School Readiness) कार्यक्रम सञ्चालन	केन्द्र	६	८	८	८	१०	सबै केन्द्र	सबै केन्द्र	कक्षा १ प्रवेश तयारी
१०	स्थानीय भाषा, संस्कृति र परिवेशमा आधारित सिकाइ सामग्री विकास	सेट	१०	१०	१०	१०	१०	५०	१००	सिकाइ स्थानीयकरण
११	अभिभावक शिक्षा तथा सकरात्मक अभिभावकत्व कार्यक्रम	कार्यक्रम	५	५	५	५	५	२५	५०	परिवारको उत्तरदायित्व अभिवृद्धि
१२	समुदाय, विद्यालय र ECD केन्द्र साझेदारी कार्यक्रम	कार्यक्रम	५	५	५	५	५	२५	५०	समुदाय स्वामित्व अभिवृद्धि
१३	दलित, विपन्न, सिमान्तकृत तथा अपाङ्ग बालबालिका लक्षित सहयोग कार्यक्रम	बालबालिका	१००	१००	१००	१००	१००	५००	१०००	समावेशी पहुँच
१४	नियमित शैक्षिक सुपरीवेक्षण तथा प्राविधिक सहजीकरण	केन्द्र	सबै	सबै	सबै	सबै	सबै	निरन्तर	निरन्तर	गुणस्तर सुनिश्चितता
१५	ECD केन्द्रको न्यूनतम मापदण्ड मूल्याङ्कन तथा प्रमाणीकरण	केन्द्र	५	५	५	५	५	२५	सबै	गुणस्तर सुनिश्चितता

१६	निजी तथा सामुदायिक क्षेत्रलाई ECD सञ्चालनमा प्रोत्साहन	संस्था	२	२	२	२	२	१०	२०	माग भए बमोजिम
१७	ECD को शैक्षिक व्यवस्थापन सूचना प्रणाली(EMIS) मा अध्यावधिकरण	पटक	सबै	सबै	सबै	सबै	सबै	निरन्तर	निरन्तर	वास्तविक तथ्याङ्को आधारमा लगानी सुनिश्चित
१८	बालविकास केन्द्रको वार्षिक स्व मूल्याङ्कन	केन्द्र	सबै	सबै	सबै	सबै	सबै	निरन्तर	निरन्तर	निरन्तर सुधारमा स्व निर्देशन
१९	स्थानीय ECD समन्वय तथा सुपरीवेक्षण संयन्त्र सञ्चालन	बैठक	४	४	४	४	४	२०	४०	सुशासन तथा समन्वय
२०	ECD उत्कृष्टता पुरस्कार तथा प्रोत्साहन कार्यक्रम	केन्द्र	१	१	१	१	१	५	१०	ECD of the Year

३.२ आधारभतू शिक्षा

३.२.१ परिचय

नेपालको नेपालको संविधान ले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने अधिकार छ। यसले राज्यलाई सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ।राष्ट्रिय शिक्षा नीति ले आधारभूत शिक्षालाई १–८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सीपमुखी शिक्षामा जोड दिएको छ। नीति अनुसार सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो।त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने स्पष्ट व्यवस्था गरेको छ। यस ऐनले अभिभावकलाई बालबालिकालाई विद्यालय पठाउने जिम्मेवारी तोकेको छ भने राज्यलाई आवश्यक पूर्वाधार, शिक्षक र स्रोत–साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ। यसरी संविधान, नीति र ऐनले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन्।

३.२.२ वर्तमान अवस्था

पालुङटार नगरपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या ४१०३ शिक्षक दरबन्दी २५५ र विद्यार्थी- शिक्षक अनुपात ११:१ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित ११९८, जनजाति १८३३ र अपाङ्गता भएका बालबालिका ९ रहेका छन्।

संस्थागत विद्यालयहरूमा अध्ययन गर्दा, विद्यार्थी संख्या १४४३ शिक्षक दरबन्दी ६२ र शिक्षक–विद्यार्थी अनुपात २४:१ रहेको छ। दलित २४ % ,जनजाति ४२% र अपाङ्गता भएका बालबालिका २ जना लाई लक्षित गरी भर्ना र सिकाइ अवसर प्रदान गर्ने चुनौतीहरू विद्यमान छन्। विद्यालय पूर्वाधार, जस्तै कक्षा कोठा, शौचालय,खानेपानी खेलमैदान र सूचना तथा सञ्चार प्रविधि सुविधा केही संस्थागत विद्यालयमा पर्याप्त छैन। यस्ता कमजोरीहरूको सुधार, शिक्षक उपलब्धता सुनिश्चित गर्नु र समग्र सिकाइ वातावरण सुदृढ पार्नु आवश्यक छ। नगरपालिकामा शिक्षक दरबन्दी, विद्यालय पूर्वाधार तथा शैक्षिक सामग्रीको पहुँच क्रमशः सुधार भइरहेको छ। तथापि सिकाइ उपलब्धि, विद्यार्थीको आधारभूत भाषा तथा गणितीय सीप, प्रविधिमा आधारित शिक्षण, शिक्षकको निरन्तर पेशागत विकास तथा कक्षाकोठामा सिकाइ केन्द्रित शिक्षण अभ्यासलाई अझ सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ। शिक्षकतालिमलाई कक्षाकोठामा आधारित निरन्तर पेशागत सहयोग प्रणालीसँग आबद्ध गर्नुपर्ने आवश्यकता देखिन्छ। विद्यालय शिक्षामा बालिका तथा बालकको सहभागितामा उल्लेखनीय सुधार आएको छ। अधिकांश शैक्षिक सूचकहरूमा लैङ्गिक समानता सूचकाङ्क (GPI) सन्तुलित अवस्थामा पुग्दै गएको देखिन्छ। तथापि किशोरीहरूको माध्यमिक तहसम्मको निरन्तरता, बालविवाह, घरेलु जिम्मेवारी तथा सामाजिक मान्यताका कारण हुने विद्यालय छोड्ने जोखिमलाई निरन्तर सम्बोधन गर्न आवश्यक छ।आधारभूत तहमा विद्यार्थी भर्ना उच्च भए तापनि कक्षा दोहोरिने, विद्यालय छोड्ने तथा नियमित उपस्थिति सम्बन्धी चुनौतीहरू पूर्ण रूपमा अन्त्य भएका छैनन्। आधारभूत तहको टिकाउ दर र पूरा गर्ने दर सुधारोन्मुख अवस्थामा भए पनि सबै विद्यार्थीलाई कक्षा ८ सम्म

पुऱ्याउने लक्ष्य अझै चुनौतीपूर्ण रहेको देखिन्छ। विशेषगरी आर्थिक, सामाजिक तथा भौगोलिक कारणले केही विद्यार्थीहरू निरन्तर शिक्षाबाट वञ्चित हुने सम्भावना रहेको छ।

तालिका २

आधारभुत शिक्षासँग सम्बन्धित विवरण

जम्मा विद्यालय संख्या		**जम्मा विद्यार्थी**			**दलित विद्यार्थी**			**अपाङ्गता भएका विद्यार्थी**		
प्रकार	संख्या	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा
सामुदायिक	१७	१३३५	१३३६	२६७१	४९९	५९६	१०९५	१५	१३	२८
संस्थागत	१०	८३६	६००	१४३६	२६०	१८६	४८६	१	२	३
जम्मा	२७	२१७१	१९३६	४१०७	७५९	७८२	१५८१	१६	१५	३१

पालुङटार नगरपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ।पालुङटार नगरपालिकामा केही बालबालिका अझै विद्यालय बाहिर रहेका छन्। सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ। विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ।

३.२.३ उद्देश्य

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य बनाउनु
ख) सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु
ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु

३.२.४ रणनीतिहरू

क) कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले विशेष भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने
ख) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने
ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था तथा कार्यविधि तर्जुमा गर्ने
घ) अनिवार्य तथा निःशुल्क शिक्षाका लागि आवश्यक आर्थिक तथा अन्य स्रोतको सुनिश्चितता गर्ने
ङ) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण र समायोजन गरी शैक्षिक पहुँच सन्तुलित बनाउने
च) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरी विषयगत तथा कक्षागत शिक्षकको पर्याप्तता सुनिश्चित गर्ने
छ) सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गरी तिनलाई प्रतिस्पर्धी, प्रभावकारी र विश्वसनीय बनाउने
ज) शिक्षण–सिकाइ विधिमा आवश्यक परिमार्जन गरी विद्यार्थीकेन्द्रित, क्रियाकलाप आधारित तथा व्यवहारमुखी पद्धति अवलम्बन गर्ने
झ) कक्षा ३ सम्म आधारभूत कक्षा शिक्षण प्रभावकारी रूपमा कार्यान्वयन गर्ने
ञ) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने

ट) मूल्याङ्कनलाई शिक्षण–सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउने
ठ) कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने
ड) विद्यार्थीलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराई सिकाइ उपलब्धिमा सुधार ल्याउने
ढ) अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा सुधार गर्ने
ण) दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सिपहरूलाई सिकाइ क्रियाकलापमा समावेश गर्ने
त) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने
थ) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
द) शिक्षक विकास तथा सहायता प्रणालीलाई व्यवस्थित गर्ने
ध) शिक्षामा कार्यरत सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने
न) विद्यालय तथा शैक्षिक निकायको शासकीय र व्यवस्थापकीय पद्धतिमा सुधार गरी नतिजाप्रति जवाफदेहिता सुनिश्चित गर्ने
ऩ) विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने
प) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
फ) विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणयुक्त बनाउने
ब) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने
भ) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने
म) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने
य) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने
र) विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने तथा भाषिक र सामाजिक–सांस्कृतिक विविधताको सम्मान गर्ने
ऱ) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीजस्ता परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
ल) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी शिक्षालाई आधुनिक, सहज र प्रभावकारी बनाउने

३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि र परिमाणात्मक लक्ष्य

पालुङटार नगरपालिकामा आधारभूत शिक्षा सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य भएको हुनेछ। यसका साथै सिकाइ उपलब्धिमा वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार भएको हुनेछ। आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको सुनिश्चित गरिएको हुनेछ।

नतिजाको दृष्टिले, आधारभूत तहको खुद भर्नादर उच्च स्तरमा पुगेको हुनेछ। सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका हुनेछन् र आधारभूत तहको सिकाइ उपलब्धि ६१ प्रतिशत पुगेको हुनेछ, जसले विद्यार्थीहरूको समग्र सिकाइ क्षमता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नेछ।

प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य:

सं	सूचक	आधार वर्ष २०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८
१	आधारभूत शिक्षाको खुद भर्ना दर (%)	८०.४	८५	८८	९०	९५	१००
२	आधारभूत तहको कूल भर्ना दर (%)	९८.४७	९९	१००	१००	१००	१००
३	आधारभूत तहमा टिकाउ दर (%)	७९.६२	८०	८५	९०	९५	१००
४	आधारभूत तह पूरा गर्ने विद्यार्थीको प्रतिशत	८०.५७	९५	९०	९५	९८	१००
५	आधारभूत तह(कक्षा १-८) मा विद्यालय छोड्ने दर घटेको (%)	३.३८	२	२.५	१	०	०
६	आधारभूत तहमा कक्षा दोहोऱ्याउने दर (%)	१३.५४	१०	८	५	३	०
७	आधारभूत तहको लैङ्गिक समनता सूचकाङ्क (GPI)	०.९६	०.९७	०.९८	०.९९	१	१
८	आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या(%)	३२.४८	२५	२०	१५	१०	३
९	विद्यालय तयारी (ECD) अनुभव सहित कक्षा १ मा प्रवेश (%)	८६.४७	९०	९४	९६	९८	१००
१०	ICT प्रयोग गरी शिक्षण गर्ने विद्यालय (%)	१०	३०	५०	६०	८०	९०
११	इन्टरनेटको पहुँच भएका विद्यालय (%)	९९	१००	१००	१००	१००	१००
१२	पुस्तकालय तथा पठन संस्कृति कार्यक्रम सञ्चालन भएका विद्यालय (%)	८६.२	९०	९५	१००	१००	१००
१३	बालमैत्री विद्यालय मापदण्ड पुरा गरेका विद्यालय (%)	०	१५	२५	३५	५०	६०
१४	सुरक्षित खानेपानी भएका विद्यालयहरु (%)	६०	७०	८०	९०	९५	१००
१५	लैङ्गिक तथा अपाङ्गतामैत्री शौचालय भएका विद्यालय (%)	७५	८०	८५	९०	९५	१००
१६	विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन (%)	१००	१००	१००	१००	१००	१००
१७	विद्यालय सुधार योजना अध्यावधिक भएका विद्यालयहरु (%)	१००	१००	१००	१००	१००	१००
१८	सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ सम्पन्न भएका विद्यालय (%)	१००	१००	१००	१००	१००	१००

१९	स्थानीय पाठ्यक्रम कार्यान्वयन गरेका विद्यालय (%)	१००	१००	१००	१००	१००	१००
२०	पूर्ण बालमैत्री विद्यालय घोषणा भएका विद्यालय(%)	०	२०	३०	५०	६०	७०
२१	डिजिटल हाजिरी तथा विद्यालय सूचना प्रणाली प्रयोग गर्ने विद्यालय (%)	४९	६०	७०	८०	९०	१००
२२	हरित तथा वातावरण मैत्री विद्यालय (%)	०	१५	३०	४०	५०	७०
२३	आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%)	५१.३७	५५	५६	५८	६०	६५

प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य:

क्र.सं.	**प्रमुख क्रियाकलाप**	**एकाइ**	**भौतिक लक्ष्य (५ वर्ष)**						**१० वर्ष लक्ष्य**	**कैफियत**
			२०८३	**२०८४**	**२०८५**	**२०८६**	**२०८७**	**जम्मा**		
१	विद्यालय बाहिर रहेका बालबालिकाको घरधुरी सर्वेक्षण तथा अद्यावधिक विवरण संकलन	पटक	१	१	१	१	१	५	१०	वार्षिक अद्यावधिक
२	विशेष भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन	अभियान	१	१	१	१	१	५	१०	विद्यालय खुल्नुअघि
३	नगरपालिकाको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्यविधि तर्जुमा तथा कार्यान्वयन	वटा	१	-	-	-	पुनरावलोकन	१	२	आवश्यकता अनुसार
४	विद्यालय बाहिरका बालबालिकाको खोजी तथा भर्ना कार्यक्रम	बालबालिका	५०	४०	३०	२०	१०	१५०	३००	अनिवार्य शिक्षा कार्यान्वयन
५	छात्रवृत्ति तथा लक्षित समुदायका विद्यार्थी सहयोग कार्यक्रम (दलित, अपाङ्गता, विपन्न)	बालबालिका	५००	६००	७००	८००	९००	३५००	७५००	समतामूलक पहुँच
६	विद्यालय नक्साङ्कन तथा पहुँच विश्लेषण	पटक	१	-	-	-	१	१	३	प्रत्येक ५ वर्षमा
७	शिक्षक दरबन्दी पुनर्वितरण तथा विद्यालय समायोजन	पटक	१	१	१	१	१	५	१०	वार्षिक समीक्षा

८	विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनमा सहजीकरण	विद्यालय	४०	४०	४०	४०	४०	२००	४६०	सबै विद्यालय
९	विद्यार्थी केन्द्रित शिक्षण सिकाइ सम्बन्धी विषयगत शिक्षक तालिम	शिक्षक	१००	१००	१००	१००	१००	५००	१०००	चरणबद्ध ५ विषयमा ५ दिने कस्टमाइज्ड तालिम
१०	सिकाइ उपलब्धि सुधार कार्यक्रम (नेपाली, गणित, अंग्रेजी)	विद्यालय	२०	२५	३०	३५	४०	१५०	३००	Foundational Learning
११	विज्ञान तथा गणित प्रयोगशाला स्थापना/सुदृढीकरण	विद्यालय	५	५	५	५	५	२५	सबै विद्यालय	STEM शिक्षा
१२	नगर स्तरीय न्यूनतम सिकाइ उपलब्धि परीक्षण सञ्चालन	पटक	१	१	१	१	१	५	१०	वार्षिकरुपमा तोकिएको विषयमा मात्र ERO सँग समन्वय
१३	कक्षाकोठामा आधारित आधिकारिक मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रममा शिक्षक सहभागिता	शिक्षक	१००	१००	१००	१००	१००	५००	१०००	निरन्तर
१४	कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीका लागि उपचारात्मक कक्षा सञ्चालन	विद्यालय	१५	२०	२५	३०	४०	१३०	४००	आवश्यकता अनुसार
१५	जीवनोपयोगी तथा व्यवहारिक सिपसम्बन्धी कार्यक्रम सञ्चालन	विद्यालय	१५	२०	२५	३०	४०	१३०	४००	क्रमशः विस्तार

१६	अभिभावक शिक्षा तथा अभिमुखीकरण कार्यक्रम	कार्यक्रम	३०	३०	३०	३०	३०	१५०	३००	अभिभावक–विद्यालय सम्बन्ध
१७	विषयगत शिक्षक पेशागत सहयोग तथा मेन्टरिङ कार्यक्रम सञ्चालन	पटक	५	५	५	५	५	२५	५०	प्रत्येक वर्ष ५ विषयको १ /१ पटकको दरले
१८	प्रधानाध्यापक नेतृत्व विकास कार्यक्रम सञ्चालन	पटक	१	१	१	१	१	५	१०	वार्षिक
१९	डिजिटल हाजिरी प्रणाली विस्तार	विद्यालय	५	५	५	५	५	सबै	सबै विद्यालय	पारदर्शी व्यवस्थापन
२०	विद्यालय कार्यसम्पादन परीक्षण तथा सार्वजनिक प्रतिवेदन	विद्यालय	३९	-	३९	-	३९	सबै	सबै	वार्षिक
२१	विद्यालयमा सुरक्षित खानेपानी , लैङ्गिक तथा अपाङ्गमैत्री शौचालय निर्माण	विद्यालय	५	५	५	५	५	२५	सबै विद्यालय	आवश्यकता अनुसार
२२	विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम	विद्यालय	१५	१५	१५	१५	१५	७५	१५०	School Health Program
२३	बालमैत्री तथा समावेशी विद्यालय प्रमाणीकरण	विद्यालय	३९	-	-	-	-	३९	सबै	चरणबद्ध ५ वर्षमा १ पटक
२४	विद्यालयस्तरीय बाल क्लब तथा नेतृत्व विकास कार्यक्रम	विद्यालय	सबै विद्यालयमा							निरन्तर
२५	विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन	विद्यालय	सबै विद्यालयमा हरेक शुक्रबार							निरन्तर

२६	नगर स्तरीय न्यूनतम विद्यालय सक्षमता (Minimum School Standard) पूरा गराउने	विद्यालय	१०	१०	१०	९	-	सबै	सबै	निरन्तर सबै विद्यालय
२७	कार्यसम्पादनमा आधारित विद्यालय तथा शिक्षक प्रोत्साहन	विद्यालय	२	२	२	२	२	१०	२०	School of the year and Rising Schol for Education Quality (Basic Level)
		शिक्षक	३	३	३	३	३	१५	३०	आधारभूत तहमा अध्यापन गर्ने शिक्षकको कार्यसम्पादनको स्तर अनुसार ३ जना सम्मानित हुने
२८	हरित विद्यालय तथा जलवायु शिक्षा सम्बन्धी सचेतना कार्यक्रम	विद्यालय	१०	१०	१०	९	निरन्तर	निरन्तर	सबै विद्यालय	Green School Initiative
२९	किशोरकिशोरी स्वास्थ्य तथा जीवनोपयोगी सह शिक्षा कार्यक्रम	विद्यालय	१०	१०	१०	१०	१०	५०	१००	Life Skills Education
३०	विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन	विद्यालय	३९	३९	३९	३९	३९	230	460	नियमित

३१	स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन	विद्यालय	३९	३९	३९	३९	३९	230	460	निरन्तर
३२	विद्यालयमा आधारित मनोसामाजिक परामर्श सेवा विस्तार	विद्यालय	१०	१०	१०	९	३९	निरन्तर	निरन्तर	चरणबद्ध निरन्तर
३३	स्थानीय पाठ्यक्रम तथा स्थानीय संस्कृतिमा आधारित पाठ्य सामग्री विकास तथा परिमार्जन	सेट	३	२	-		पुनरावलोकन	निरन्तर	निरन्तर	स्थानीय पाठ्यवस्तु आवश्यकता अनुसार परिमार्जन
३४	विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील विद्यालय योजना निर्माण कार्यक्रम	कार्यक्रम	१०	८	८	६	५	३९	सबै विद्यालय	Safe School Framework
३५	विद्यालयमा इन्टरनेट जडान विस्तार	विद्यालय	सबै	सबै	सबै	सबै	सबै विद्यालय	सबै विद्यालय	सबै विद्यालय	Digital Access
३६	स्मार्टबोर्ड तथा डिजिटल सिकाइ कक्षा विस्तार कार्यक्रम	विद्यालय	६	६	६	६	५	२९	आवश्यकता अनुसार	चरणबद्ध
३७	पठन संस्कृति तथा पुस्तक पठन कार्यक्रम	कार्यक्रम	४०	४०	४०	४०	४०	सबै विद्यालय	सबै विद्यालय	पठनसंस्कृति र

३८	नगर शिक्षा गुणस्तर सुधार तथा अनुगमन प्रणाली सञ्चालन	पटक पटक	३	३	३	३	३	१५	४०	प्रमाणमा आधारित शासन प्रणाली स्थापना
३९	EMIS तथा डिजिटल विद्यालय सूचना प्रणाली कार्यान्वयन	विद्यालय प्रतिशत	१००	१००	१००	१००	१००	निरन्तर	निरन्तर	तथ्याङ्क सत्यापन
४०	विद्यालय सुधार योजना (SIP) निर्माण/अद्यावधिक	विद्यालय	४०	४०	४०	४०	४०	सबै	सबै विद्यालय	School Governance
४१	विद्यालयको सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ	विद्यालय	१५	१५	१५	१५	१५	७५	१५०	जवाफदेहिता अभिवृद्धि

३.३ माध्यमिक शिक्षा

३.३.१ परिचय

नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकालाइ माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९–१२) मा प्राविधिक तथा व्यवसायिकधारको सुरुवातगरिएको छ । यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ ।

विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

३.३.२ वर्तमान अवस्था

पालुङटार नगरपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या १२७५, शिक्षक दरबन्दी ६३ र शिक्षक–विद्यार्थी अनुपात २१: १ रहेको देखिन्छ। संस्थागत विद्यालय र सामुदायिक विद्यालमा अध्ययन गर्ने जम्मा विद्यार्थी १४३४ रहेको छ भने यी विद्यार्थीहरु मध्ये दलित २६%, जनजाति ४८ % र अपाङ्गता भएका बालबालिका ५ जना रहेका छन्। भौतिक पूर्वाधारका हिसावले यस नगरपालिकाका विद्यालयमा कक्षा कोठाको अवस्था सन्तोषजनक रुपमा पुग्ने देखिन्छ भने, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि जस्ता पुर्वाधारहरु पर्याप्त छैन। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। कक्षा ११-१२ को कुल भर्नादर जम्मा ५६.१५ मात्र छ जस्को कारण कक्षा १० बाट कक्षा १२ मा हुने ट्रान्जिसन दर निकै कम्जोर देखिन्छ । तथ्यानुसार सिकाइ सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ।

संस्थागत विद्यालयहरूमा अध्ययन गर्दा, माध्यमिक तह (९-१०) सञ्चालन भएका संस्थागत विद्यालयहरु जम्मा ४ ओटा छन   जसमा विद्यार्थी संख्या १५९ जना , शिक्षक दरबन्दी २० र विद्यार्थी शिक्षक अनुपात ८: १ रहेको छ। दलित जनजाति २१ जना र अपाङ्गता भएका बालबालिका ० (सुन्य) रहेको छ ।संस्थागत विद्यालयमा नियमानुसार पाउने छात्रवृत्तिलाई नगरपालिकाको लक्षित वर्गसंग सम्बन्धित गरी भर्ना र सिकाइ अवसर प्रदान गर्ने चुनौतीहरू विद्यमान छन्। विद्यालय पूर्वाधार, जस्तै कक्षा कोठा , शौचालय, खानेपानी , खेलमैदान र सूचना तथा सञ्चार प्रविधि जस्ता पूर्वाधारहरु नगरका केही संस्थागत विद्यालयमा पर्याप्त छैन। यस्ता कमजोरीहरूको सुधार, शिक्षक उपलब्धता सुनिश्चित गर्नु र समग्र सिकाइ वातावरण सुदृढ पार्नु आवश्यक छ।

तालिका ३

माध्यमिक शिक्षासँग सम्बन्धित विवरण

जम्मा विद्यालय संख्या		जम्मा विद्यार्थी			दलित विद्यार्थी			अपाङ्गता भएका विद्यार्थी		
प्रकार	संख्या	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा
सामुदायिक	१३	६०३	६७३	१०३६	१६३	१८२	३४५	१	३	५
संस्थागत	४	९९	६०	१५९	१३	८	२१	०	०	०
जम्मा	१७	७०२	७३३	११९५	१७६	१९०	३८६	१	३	५

नेपालको संघीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९–१२ लाई माध्यमिक शिक्षा मानिएको छ । पालुङटार नगरपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ। नगरपालिकाको ५ बर्ष माथिको साक्षरता दर जम्मा ७५.४% रहेको र माध्यमिक तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको देखिन्छ। माध्यमिक तहमा विषयगत शिक्षकको दरबन्दी कम भएकोले प्राथमिक तहका शिक्षक र संघीय शिक्षण सिकाई अनुदानका शिक्षकहरुबाट उक्त दरबन्दी अभाव पूर्ति गरिएको छ। माध्यमकि तह (९-१०) मा जम्मा ४७ स्वीकृत दरबन्दी भएको कारण अंग्रेजी, गणित, विज्ञान जस्ता विषय अध्यापन गर्न १४ जना सिकाइ अनुदानबाट करार गरिएको छ। विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ भने साविक उच्च माध्यमिक तहमा विद्यार्थी संख्या अत्यन्तै न्यून रहेको छ।

३.३.३ उद्देश्य

क) माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

ग) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

३.३.४ रणनीतिहरू

क) विद्यालयहरूको नक्साङ्कन तथा संरचनागत सुधार गरी माध्यमिक तह ९-१२ लाई एकीकृत गरी सञ्चालन गर्ने

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकता अनुसार स्थापना गर्ने

ग) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गर्ने

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने

ङ) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने

च) विद्यालय बाहिर रहेका बालबालिकाको लागि वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने

छ) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

ज) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने

झ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने

ञ) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने

ट) शिक्षण–सिकाइ पद्धतिमा सुधार गर्ने

ठ) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने

ड) स्मार्ट बोर्ड, इन्टरनेट तथा श्रव्य–दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने

ढ) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील(Resilient बनाउने

ण) कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि आवश्यक पूर्वाधार र छात्रवृत्तिको व्यवस्था गर्ने

त) माध्यमिक तहका विद्यालयहरूमा उपलब्ध स्रोत, पूर्वाधार र स्थानीय सम्भावनाका आधारमा विशिष्टीकृत खेल विकास केन्द्र स्थापना गरी प्रत्येक विद्यालयलाई कम्तीमा एक प्रमुख खेलको उत्कृष्टता केन्द्रका रूपमा विकास गर्ने

थ) विद्यालयमा यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने

द) सदाचार, अनुशासन र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने

ध) सफल व्यक्तिहरूसँग अन्तरक्रिया तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने

न) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने

प) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने

फ) स्थानीय अर्थतन्त्र र रोजगारीसँग जोडिएको प्राविधिक, सीपमूलक तथा करियर शिक्षा विस्तार गर्ने।

ब) कक्षा ९–१२ मा STEM (Science, Technology, Engineering, Mathematics) तथा नवप्रवर्तन (Innovation) शिक्षा प्रवर्द्धन गर्ने।

भ) विद्यार्थी करियर परामर्श, उच्च शिक्षा मार्गदर्शन तथा रोजगार अभिमुखीकरण सेवा सञ्चालन गर्ने।

म) विद्यालयको कार्यसम्पादन मूल्याङ्कन र नतिजामा आधारित प्रोत्साहन प्रणाली विकास गर्ने।

य) माध्यमिक तहमा अंग्रेजी, गणित र विज्ञान विषयको सिकाइ उपलब्धि सुधारलाई विशेष अभियानका रूपमा सञ्चालन गर्ने।

३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि र परिमाणात्मक लक्ष

माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। यस अन्तर्गत सबै बालबालिकाले नि:शुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् र खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ। सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गर्नेछन्, जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, शारीरिक तथा मानसिक विकासमा योगदान पुऱ्याउनेछ।

क्र.सं.	**सूचक**	**आधार वर्ष २०८२/८३**	**२०८३/८४**	**२०८४/८५**	**२०८५/८६**	**२०८६/८७**	**२०८७/८८**
१	माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना दर (%)	४३.६४	५५	६५	८०	९०	१००
२	माध्यमिक तहको कूल भर्ना दर(%)	५६.१५	६५	७५	८५	९५	१००
३	आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर(%)	९३.८	९५	९८	१००	१००	१००
४	माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक	१.०४	१	१	१	१	१
५	माध्यमिक तह (कक्षा १-१२) टिकाउदर (%)	१२.७७	१८	३०	५०	६०	७०
६	माध्यमिक तह (कक्षा १-१०) टिकाउ दर(%)	७२.७८	७८	८५	९०	९५	१००
७	कक्षा १०-११ संक्रमण दर (%)	४२.९४	५०	६५	७५	८९	१००
८	विद्यालय बाहिर रहेका माध्यमिक शिक्षा उमेर समूहका बालबालिकाको संख्या(%)	६०.१९	४०	३०	२०	१०	०
९	माध्यमिक तहमा दलित विद्यार्थीको भर्ना दर (%)	२५.०३	५०	६८	८०	९०	९५
१०	माध्यमिक तहमा जनजाति तथा सिमान्तकृत समुदायका बालबालिकाो भर्ना दर(%)	४७.२५	६०	७५	८८	९०	९५
११	अपाङ्गता भएका विद्यार्थीको भर्ना दर (%)	०.४२	०.८८	१	१.३	१.५	२
१२	माध्यमिक तहमा छात्रा भर्ना दर (%)	५७.४२	७५	८०	८५	९२	९८
१३	माध्यमिक तहमा छात्रा–छात्र समानता सूचकांक (GPI)	१.०४	१	१	१	१	१
१४	ICT सुविधा भएका विद्यालय (%)	९०	९५	१००	१००	१००	१००

१५	ICT तथा डिजिटल सिकाइ पहुँच भएका विद्यार्थी (%)	६५	७०	८८	९२	९६	१००
१६	स्मार्ट बोर्ड प्रयोग गर्ने विद्यालय (%)	१०	३०	५०	७०	९०	१००
१७	उच्च गतिको इन्टरनेट जडान भएका माध्यमिक विद्यालय (%)	१००	१००	१००	१००	१००	१००
१८	विज्ञान प्रयोगशाला मापदण्ड पूरा गरेका माध्यमिक विद्यालय (%)	९०	९५	१००	१००	१००	१००
१९	कम्प्युटर प्रयोगशाला भएका विद्यालय (%)	५०	७५	९०	१००	१००	१००
२०	शिक्षक कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा आबद्ध विद्यालय (%)	१००	१००	१००	१००	१००	१००
२१	प्रधानाध्यापक नेतृत्व विकास तालिम प्राप्त (%)	२०	४०	६०	८०	९०	१००
२२	SEE उत्तीर्ण दर (%)	८४.४	९०	९५	९८	१००	१००
२३	SEE मा GPA 3.2 वा सोभन्दा माथि प्राप्त गर्ने विद्यार्थी (%)	२४	३५	४०	४५	५०	५५
२४	कक्षा १२ उत्तीर्ण दर (%)	८०	८५	८८	९०	९५	९८
२५	विज्ञान संकायमा भर्ना हुने विद्यार्थी संख्या (%)	१५	१८	२२	२४	२८	३०
२६	विषयगत उपचारात्मक कक्षा सञ्चालन गर्ने विद्यालय (%)	८०	८८	९०	९४	९८	१००
२७	करियर परामर्श सेवा सञ्चालन भएका विद्यालय (%)	६६	६८	७८	८६	९४	१००
२८	करियर अभिमुखीकरण प्राप्त विद्यार्थी संख्या	५८	७०	८०	९०	१००	१००
२९	मनोसामाजिक परामर्श सेवा सञ्चालन भएका विद्यालय (%)	६३	६६	७४	८०	९३	१००
३०	यौन शिक्षा तथा आत्मरक्षा कार्यक्रम सञ्चालन भएका विद्यालय (%)	६०	६९	७८	८६	९४	१००
३१	विशिष्टीकृत खेल उत्कृष्टता केन्द्र स्थापना भएका विद्यालय (%)	१५	३०	३५	४५	५५	७०
३२	नियमित खेलकुद कार्यक्रममा सहभागी विद्यार्थी (%)	७८	८०	८८	९२	९६	१००
३३	विपद् उत्थानशील विद्यालय मापदण्ड पूरा गरेका विद्यालय (%)	३०	४०	५०	६०	७०	८०
३४	छात्रवृत्ति तथा लक्षित सहायता प्राप्त विद्यार्थी संख्या (%)	८०	९०	१००	१००	१००	१००
३५	विद्यालय सुधार योजना लागू भएका विद्यालय (%)	१००	१००	१००	१००	१००	१००

१३६	माध्यमिक तह सञ्चालन भएका विद्यालयमा न्यूनतम मापदण्ड (खानेपानी, सरसफाइ, महिनावारी स्वच्छता र सुरक्षित वातावरण) सुनिश्चित भएका विद्यालयको प्रतिशत	९८	१००	१००	१००	१००	१००
३७	विद्यार्थीको प्रतिभा विकासका कार्यक्रम सञ्चालन भएका विद्यालयको प्रतिशत	९८	१००	१००	१००	१००	१००
३८	बालमैत्री विद्यालय सूचक पूरा गरेका विद्यालयको प्रतिशत	१०	१८	२४	३५	४५	५०
३९	विद्यालयस्तरीय उद्यमशीलता कार्यक्रम सञ्चालन (%)	१०	१५	२०	३०	३५	४०
४०	STEM क्लब सञ्चालन भएका विद्यालय (%)	५	१५	२५	३०	४०	५०
४१	विज्ञान तथा शैक्षिक नवप्रवर्तन प्रदर्शनीमा सहभागी विद्यालय (%)	२०	३०	४०	५०	६०	७०
४२	अनुसन्धान तथा परियोजनामूलक सिकाइ लागू भएका विद्यालय (%)	१०	२०	३०	४०	५०	६०

ख) **प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण**

क्र.सं.	**प्रमुख क्रियाकलापहरु**	**एकाइ**	**भौतिक लक्ष्य (५ बर्ष)**						**१० वर्षको लक्ष्य**	**कैफियत**
			२०८३	**२०८४**	**२०८५**	**२०८६**	**२०८७**	**जम्मा**		
१	विद्यालय बाहिर रहेका बालबालिकाको घरधुरी सर्वेक्षण तथा अद्यावधिक विवरण संकलन गर्ने	पटक	१	१	१	१	१	**५**	**१०**	वार्षिक अद्यावधिक सूचक ८
२	विद्यालय उमेर समूहका बालबालिकाको खोज तथा भर्ना अभियान सञ्चालन गर्ने	अभियान	१	१	१	१	१	५	१०	सूचक १–१३
३	विद्यार्थी संख्या कम भएका कक्षा ११-१२ सञ्चालित विद्यालयलाई सेवा क्षेत्रको नक्साङ्कन गरी एकीकृत गर्ने	विद्यालय	२	२	२	२	२	१०	सबै आवश्यक विद्यालय	सूचक १५
४	अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्यविधि तर्जुमा तथा कार्यान्वयन गर्ने	वटा	१	-	-	-	पुनराव लोकन	**१**	**२**	आवश्यकता अनुसार
५	विद्यालय पुग्न कठिन भएका क्षेत्रमा यातयात सुविधा वा यातयात सहायता भौचर प्रणाली कार्यान्वयनमा ल्याउने	विद्यार्थी	१००	१००	१००	१००	१००	५००	१०००	सूचक १–१३

६	अति विपन्न, दलित सिमान्तकृत नागरिकका सन्ततिलाई शैक्षिक सहायता छात्रवृत्ति, कार्यक्रम सञ्चालन गर्ने	विद्यार्थी	५००	६५०	८००	९५०	११००	४०००	९०००	सूचक ९–१३, ४९
७	असहाय, गरिव तथा विपन्नताको कारणबाट विद्यालय छोडेका बालबालिकाको लागि आवासीय छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने	जना	५०	५०	५०	५०	५०	१००	२००	सूचक ९–१३, ४९
८	विद्यालय बाहिरका बालबालिकाका लागि वैकल्पिक तथा खुला शिक्षा कार्यक्रम	विद्यार्थी	०	५०	५०	५०	५०	२००	५००	सूचक ८, ४८
९	विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने प्राथमिकीकरण गरिएका सर्तहरु (PMEC) सुनिश्चित गर्ने	विद्यालय	५	५	५	५	५	२५	सबै विद्यालय	सूचक १६,
१०	सिकाइ सुधारको लागि माध्यमिक तहमा विषय शिक्षकको दरबन्दी व्यवस्थापन तथा परिपूर्ति (विज्ञान, गणित, अंग्रेजी लगायत) गर्ने	विद्यालय	५	५	५	५	५	२५		संघीय सिकाइ अनुदान सुचक ३४-३६
११	ICT, स्मार्ट कक्षा, डिजिटल शिक्षण तथा इन्टरनेट विस्तार कार्यक्रम सञ्चालन गर्ने	विद्यालय	५	५	५	५	५	२५	सबै विद्यालय	सूचक १७–२०
१२	कक्षा ९-१२ सञ्चालित विद्यालयमा विज्ञान, कम्प्युटर तथा STEM प्रयोगशाला स्थापना र सुदृढीकरण	विद्यालय	३	३	३	३	३	१५	सबै माध्यमिक विद्यालय	सूचक २१, २२, ६५–६९
१३	शिक्षक विषयगत योग्यता विकास तथा CPD कार्यक्रम	शिक्षक	१५०	१५०	१५०	१५०	१५०	७५०	१५००	सूचक २३–२४
१४	शिक्षक कार्यसम्पादन मूल्याङ्कन तथा पृष्ठपोषण प्रणाली सुनिश्चित गर्ने	विद्यालय	५	५	५	५	५	२५	सबै विद्यालय	सूचक २५, ५४
१५	प्रधानाध्यापक नेतृत्व विकास तथा कार्यसम्पादन सम्झौता	प्रधानाध्यापक	२०	२०	२०	२०	२०	१००	२००	सूचक २६, ५५
१६	विषयगत सिकाइ सुधार तथा उपचारात्मक शिक्षण अभियान	विद्यालय	१०	१०	१०	१०	१०	५०	निरन्तर	सूचक २७–३७
१७	नगरस्तरीय सिकाइ उपलब्धि परीक्षण तथा शैक्षिक गुणस्तर मूल्याङ्कन	पटक	१	१	१	१	१	५	१०	सूचक ५१
१८	SEE तथा कक्षा १२ नतिजा सुधार कार्यक्रम	विद्यालय	१०/१३	१०/१३	१०/१३	१०/१३	१०/१३	५०	निरन्तर	सूचक २७–३६
१९	करियर परामर्श, उच्च शिक्षा मार्गदर्शन तथा करियर मेला	विद्यालय	५	५	५	५	५	२५	सबै विद्यालय	सूचक ३८,३९, ७०–७४
२०	मनोसामाजिक परामर्श, यौन शिक्षा तथा आत्मरक्षा कार्यक्रम	विद्यालय	५	५	५	५	५	२५	सबै विद्यालय	सूचक ४०–४१
२१	नैतिक शिक्षा, जीवनोपयोगी सीप तथा समाजसेवा कार्यक्रम	विद्यालय	५	५	५	५	५	२५	सबै विद्यालय	सूचक ४२

२२	सफल व्यक्तिसँग अन्तरक्रिया तथा प्रेरणा कार्यक्रम	कार्यक्रम	५	५	५	५	५	२५	५०	सूचक ४३
२३	विद्यालयलाई विशिष्टीकृत खेल विकास तथा प्रतिभा विकास केन्द्रको रुपमा विकास गर्ने	विद्यालय	२	२	२	२	२	१०	सबै माध्यमिक विद्यालय	सूचक ४४, ४५, ५७
२४	विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील विद्यालय कार्यक्रम	विद्यालय	५	५	५	५	५	२५	सबै विद्यालय	सूचक ४६, ४७
२५	विद्यालय–समुदाय–अभिभावक साझेदारी तथा सामाजिक परिचालन	विद्यालय	५	५	५	५	५	२५	सबै विद्यालय	सूचक ५०
२६	नतिजामा आधारित विद्यालय सुधार योजना (SIP) निर्माण तथा कार्यान्वयन	विद्यालय	५	५	५	५	५	२५	सबै विद्यालय	सूचक ५२, ५३
२७	उत्कृष्ट माध्यमिक विद्यालय सम्मान कार्यक्रम	विद्यालय	१	१	१	१	१	५	१०	Secondary Level school of the year
२८	उत्कृष्ट माध्यमिक शिक्षक सम्मान कार्यक्रम	जना	३	३	३	३	३	१५	३०	भाषा क्षेत्र-१ STEM -१ SS-1
२९	सबै शिक्षकलाई आधुनिक शिक्षण सिकाइका विधि, परियोजनामा आधारित, अनुसन्धानमा आधारित, अनुभवात्मक सिकाइ सम्बन्धी तालिम प्रदान गर्ने	जना	५	५	५	५	५	२५	सबै विद्यालय	
३०	सीपमूलक, व्यावसायिक शिक्षा, उद्यमशीलता तथा रोजगार कार्यक्रम	विद्यालय	२	२	२	२	२	१०	सबै उपयुक्त विद्यालय	सूचक १४, ६०–६४
३१	विद्यायमा बालमैत्री स्थानीय शासन (CFLG) अवलम्बन तथा कार्यान्वयनको सुनिश्चित गर्ने	प्रणाली	१	१	१	१	१	५	संस्थागत	सूचक ५८, ५९ तथा समग्र सूचक
३२	आवधिक सिकाइ उपलब्धि मूल्याङ्कन तथा जवाफदेही प्रणाली विकास गर्ने	परीक्षण	१	१	१	१	१	५	१०	ERO समन्वय
३३	विद्यालय स्तरीय विज्ञानप्रदर्शनी तथा शैक्षिक नवप्रवर्तन मेला गर्ने	पटक	१	१	१	१	१	५	१०	विज्ञानतथाशैक्षिक प्रवर्धन

३४	विद्यालयमा विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने	विद्यालय	लक्षित	लक्षित	लक्षित	लक्षित	लक्षित	क्रमशः	सबै	NDRRMA सहकार्य

३.४ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई

३.४.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो।औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाई प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन। आफ्नो जीवनको इतिहास आफै लेख्छन। तसर्थ सिकाई जीवन पद्धतिसंग जोडिएको हुनेछ। अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ।निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासंग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ ।

३.४.२ वर्तमान अवस्था

पालुङटार नगरपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट नगरपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसंख्यामा कुल साक्षरता ८६.४ प्रतिशत भन्दा माथि पुगेको छ । नगरपालिकामा ६ वटा सिकाई केन्द्रहरू स्थापित छन भने ५ वटा हाल सञ्चालनमा छन ।विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको अवसर सुनिश्चित गर्ने लक्ष्य राखिएको छ। सबै उमेर समूहलाई शिक्षाको मूल प्रवाहमा जोड्दै जीवन पर्यन्त सिकाइलाई प्रोत्साहन गर्ने उद्देश्य लिएको छ। औपचारिक शिक्षाबाट बाहिर रहेका नागरिकहरूलाई समेट्ने संस्थागत संरचना सुदृढ गर्न आवश्यक देखिएको छ। केही सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहे पनि सबै वडामा

प्रभावकारी पहुँच विस्तार गर्नुपर्ने अवस्था रहेको छ। मदरसा, गुरुकुल, गुम्बा, विहार र वेद विद्याश्रमजस्ता वैकल्पिक संस्थाहरूको समन्वय र स्रोत सुदृढीकरण आवश्यक रहेको प्रौढ साक्षरता, खुला तथा दूर शिक्षामा सहभागिता बढाउन थप सहजीकरण आवश्यक रहेको छ।

३.४.३ उद्देश्य

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्मबाट जीवनोपयोगी, सीपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु

ख) सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,

ग) औपचारिक, अनौपचारिक तथा अरितिक माध्यमबाट प्राप्त ज्ञान, सिपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु

३.४.४ रणनीतिहरू

क) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसंख्याको पहिचान र अभिलेखीकरण गर्ने

ख) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने

ग) प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना, समायोजन तथा सुदृढीकरण गर्ने

घ) सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय केन्द्रका रूपमा विकास गर्दै विद्युतीय पुस्तकालय, सूचना केन्द्र तथा अन्य सेवा विस्तार गर्ने

ङ) "एक वडा एक पुस्तकालय" अवधारणा कार्यान्वयन गरी नगरस्तरीय पुस्तकालय सञ्जाल निर्माण गर्ने

च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने

छ) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने

ज) संघीय, प्रदेश सरकार तथा अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने

झ) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सीपमूलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने

ञ) नागरिकहरूको आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुसार सामग्री विकास तथा प्रयोग गर्ने

ट) खुला, वैकल्पिक, परम्परागत विद्यालय तथा मदरसा, गुरुकुल, गुम्बा, विहार र वेद विद्याश्रमसँग समन्वय र सुदृढीकरण गर्ने

ठ) सामुदायिक सिकाइ केन्द्रमार्फत सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्ने

ड) सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

ढ) समुदायमा रहेका परम्परागत ज्ञान तथा सीपहरुको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्ने

ण) अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने

त) सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने

थ) नगरपालिकालाई पूर्ण साक्षर तथा शिक्षित पालिका घोषणा गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना कार्यान्वयन गर्ने

३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिः सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त भएको हुनेछ।

क्र.सं.	सूचक	आधार वर्ष २०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८
१	भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्ष भन्दामाथि) (%)	८६.४	८८	९०	९५	९८	१००
२	भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्ष भन्दामाथि का महिला) (%)	४३	६०	६८	७५	८०	८८
३	आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या	३	४	५	८	८	१०
४	डिजिटल साक्षरता (मोवाइल तथा इन्टरनेटको आधारभूत प्रयोग, डिजिटल माध्यमबाट सुचना प्राप्ति, अनलाईन सेवाको प्रयोग सिप (१५ बर्ष माथिको) (%)	५५	६५	७२	७८	८५	९०
५	सामुदायिक पुस्तकालयको संख्या	०	३	४	५	६	७

ख) प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलापहरु	एकाइ	२०८३	२०८४	२०८५	२०८६	२०८७	५ वर्षको लक्ष्य	१० वर्षको लक्ष्य	कैफियत

१	निरक्षरहरुको तथ्याङक सङकलन तथा खण्डीकृत डाटावेस तयारी	पटक	१	१	१	१	१	५	१०	वार्षिक अद्यावधिक सूचक ८
२	डिजिटल साक्षरता, वित्तीय साक्षरता, एवम् नागरिक साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन	कक्षा	१	१	१	१	१	५	१०	
३	प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको स्थापना	केन्द्र	१	१	१	१	१	५	१०	
४	सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण तथा प्रविधिमैत्री सिकाइ केन्द्रको रुपमा विकास गर्ने	केन्द्र	१	१	१	१	१	५	१०	
५	सामुदायिक सिकाइ केन्द्रलाई पुस्तकालय सूचना केन्द्र तथा सिप विकास केन्द्रको रुपमा विकास गर्ने	केन्द्र	१	१	१	१	१	५	१०	
६	सहजकर्ता तथा व्यवस्थापकहरुको ICT तथा MIS सम्बन्धी क्षमता विकास गर्ने	केन्द्र	१	१	१	१	१	५	१०	
७	पालिका स्तरीय पूर्ण साक्षर तथा डिजिटल सक्षरपालिका घोषणा गर्ने	केन्द्र	१	१	१	१	१	५	१०	
८	समुदायिक सिकाइ केन्द्र, वडा र पालिका बीच सुचना आदन प्रदानको लागि एकीकृत सुचना प्रणाली स्थापना गर्ने	केन्द्र	१	१	१	१	१	५	१०	
९	सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्चालन हुने अनौपचारिक शिक्षा	केन्द्र	१	१	१	१	१	५	१०	

कार्यक्रमलाई कृषि, उद्धमशीलता,
स्वास्थ्य र सहकारीसँग आवद्ध गर्ने

परिच्छेद ४
अन्तरसम्बन्धित विषय क्षेत्रहरु

४.१ पाठ्यक्रम र मूल्याङ्कन

४.१.१ परिचय

नेपालमा विद्यमान संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षा ऐन तथा सम्बन्धित नियम–निर्देशनले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रमुख माध्यमका रूपमा लिएको छ। यी कानुनी प्रावधानअनुसार पाठ्यक्रमले विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक, जीवनोपयोगी सीप विकास गर्न लक्षित छ भने मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, दक्षता र सिकाइ प्रक्रियामा प्रगतिको मापन गर्दै विद्यार्थीको पूर्ण मूल्याङ्कन गर्न सुनिश्चित गर्दछ। यसले शिक्षक र विद्यालयलाई पनि जिम्मेवार बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तरीय सुधारको वातावरण सिर्जना गर्ने कार्य गर्दछ।

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालय अन्तरगत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो। पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरियो। यसै क्रममा वि.सं.२०७६ सालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तयार भई हाल कार्यान्वयनमा रहेको छ। उक्त पाठ्यक्रम प्रारुप अनुसार विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा एकैसाथ कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ। भने पालुङटार नगरपालिकाले पनि स्थानीय पाठ्यक्रम २०७६ निर्माण गरी कक्षा १ देखि ८ सम्म लागु गरेको छ।

४.१.२ वर्तमान अवस्था

पालुङटार नगरपालिकामा हाल पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ। विद्यालयहरूमा पालुङटारको स्थानीय आवश्यकता, भाषा, कला, संस्कृति, र सिप समेटिएको कक्षा १-८ को लागि "**हाम्रो पालुङटार**" नामक स्थानीय पाठ्यक्रम तयार भएको छ। स्थानीय पाठ्यक्रम तयार भएता पनि उक्त पाठ्यक्रममा उल्लेख भएका पाठ्यसामाग्रीको संकलन र संगठन गरी सबै कक्षाको पाठ्यसामाग्री तयार नभइ सकेको अवस्था छ। पालुङटार नगरपालिकाले स्थानीय पाठ्यक्रम को सन्दर्भ सामाग्री विकास गरी सबै कक्षामा उक्त पाठ्यक्रम प्रभावकारीरुपमा लागू गर्ने लक्ष्य राखेको छ, जसले विद्यार्थीको जीवनोपयोगी सीप, नैतिक शिक्षा, अनुशासन र समाजसेवा जस्ता विशेष क्षेत्र स्थानीय पाठ्यक्रमसँग पनि जोडिने छ। सिकाइको वास्तविक मूल्याङकनको लागि पाठ्यक्रमले तोकेको विषयवस्तु भित्र मूल्याङकनको आधार , मापदण्ड, र अङ्कनको तह (Rubrics)अनुसार विद्यार्थीको सिकाइ सक्षमतालाई लेखाजोखा गर्ने पद्धतिको विकास भएको हुनेछ। पाठ्यक्रमको प्रयोगले कक्षाकोठामा सक्षमतामा आधारित शिक्षण सिकाइ क्रियाकलापलाई संस्थागत गर्न सकिन्छ।

शिक्षाको गुणस्तर अभिवृद्धिका लागि मूल्याङ्कन तथा परीक्षा प्रणालीलाई परम्परागत, केवल सैद्धान्तिक र परीक्षाकेन्द्रित अभ्यासबाट रूपान्तरण गरी आधिकारिक, वैज्ञानिक, व्यवस्थित, समावेशी तथा नतिजामुखी बनाइनेछ। आधारभूत तथा माध्यमिक तहका प्रत्येक कक्षा र विषयका लागि पाठ्यक्रममा आधारित सिकाइ उपलब्धि मापन सूचकहरू विकास तथा कार्यान्वयन गरिनेछ। विद्यार्थीको वास्तविक सिकाइ उपलब्धि, सीप, क्षमता र व्यवहारगत परिवर्तनलाई समेट्ने निरन्तर, निर्माणात्मक तथा समग्र मूल्याङ्कन प्रणालीलाई सुदृढ गरिनेछ।

शिक्षकको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धि, परीक्षा नतिजा तथा कक्षाकोठा व्यवस्थापनसँग आबद्ध गरिनेछ। सहपाठी शिक्षण (Peer Learning) तथा सहकार्यात्मक सिकाइ अभ्यासलाई संस्थागत गर्दै सिकाइ उपलब्धिमा सुधार ल्याइनेछ। सिकाइमा पछाडि परेका विद्यार्थीहरूको पहिचान गरी Teaching at the Right Level (TaRL) विधिको प्रयोगमार्फत उपचारात्मक (Remedial) तथा स्तरअनुकूल सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ। परम्परागत शिक्षण विधि र अभ्यासलाई प्रतिस्थापन गर्ने गरी नवप्रवर्तनमुखी, क्रियाकलापमा आधारित, एवम् अनुभव जन्य सिकाइ हासिल गर्न परियोजना विधि, फ्लिप शिक्षण विधि, सहकार्यात्मक सिकाइ विधि जस्ता आधुनिक शैक्षणिक विधिलाई स्थापित गर्न शिक्षकलाई पेशागत सहायता उपलब्ध गराइनेछ । अपाङ्गता भएका, विशेष आवश्यकता भएका तथा सिकाइमा विविधता भएका बालबालिकाका लागि वैकल्पिक र अनुकूलित मूल्याङ्कन प्रणाली विकास गरिनेछ। साथै, प्रयोगात्मक कार्य, परियोजना कार्य, जीवनोपयोगी सीप, व्यावसायिक अभ्यास तथा इन्टर्नसिपलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरी सैद्धान्तिक ज्ञान र व्यवहारिक दक्षताबीच सन्तुलन कायम गरिनेछ। सूचना तथा सञ्चार प्रविधिमा आधारित परीक्षा तथा मूल्याङ्कन प्रणालीको क्रमिक विस्तार गरी विश्वसनीय, पारदर्शी र उत्तरदायी मूल्याङ्कन संस्कृति विकास गरिनेछ। नगरपालिकाले मूल्याङ्कन र अनुगमनलाई चुस्त बनाउन स्थानीय संयन्त्र निर्माण गर्ने र भविष्यमा माध्यमिक तहसम्मको परीक्षा स्थानीय तहबाट सञ्चालन गर्न पूर्वाधार र जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ। यसरी, पालुङटार नगरपालिकाले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेश अनुकूल, समावेशी, गुणस्तरीय र नतिजामुखी बनाउन अग्रसर रहेको देखिन्छ।

४.१.३ उद्देश्य

क) पाठ्यक्रममा आधारित शिक्षण सिकाइ क्रियाकलापबाट सिकारुमा ज्ञान सिप र व्यवहार विकासमा सहजीकरण गर्नु

ख) स्थानीय पाठ्यक्रम परिमार्जन तथा पाठ्यसामग्रीको निर्माण गरी कार्यान्वयन गर्नु

ग) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको वास्तविक सिकाइको निरन्तर, आवधिक र स्तरीकृत मूल्याड्डकन पद्धतिको कार्यान्वयन गर्नु ।

४.१.४ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,

ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,

ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,

घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

ङ) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,

च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,

छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,

ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,

झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,

ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

ट) स्थानीय पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,

ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,

ड) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास परिमार्जन एवम कार्यान्वयन गर्ने,

ढ) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने।

४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि

i. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ।

ii. स्थानीय पाठ्यक्रम परिमार्जन र पाठ्यसामग्रीको निर्माण भइ कार्यान्वयन भएको हुनेछ ।

iii. विद्यालय तहमा निरन्तर , आवधिक तथा वास्तविक मूल्याङकन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

iv. विद्यालय तहको पाठ्यक्रम कार्यान्वयनले विद्यार्थीको सिकाइ मूल्याङकनमा रूब्रिक्स (Rubric) को प्रयोग सुनिश्चित भएको हुनेछ

४.१.६ नतिजा तथा परिमाणात्मक लक्ष

क्र सं	सूचक	आधार वर्ष २०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८
१	एकीकृत पाठ्यक्रम लागु भएका विद्यालय संख्या	१००	१००	१००	१००	१००	१००
२	परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय	१००	१००	१००	१००	१००	१००
३	स्थानीय पाठ्यक्रम लागुगर्ने विद्यालय	१००	१००	१००	१००	१००	१००
४	विद्यार्थी सिकाइ मूल्याङकनमा आन्तरिक मूल्याङकन मापदण्ड प्रयोग गर्ने विद्यालय संख्या	१००	१००	१००	१००	१००	१००
५	बार्षिक शैक्षणिक कार्ययोजना निर्माण गरी शिक्षण गर्ने शिक्षक (%)	१००	१००	१००	१००	१००	१००
६	सिकाइको प्रमाणिक मूल्याङकनको लागि रुब्रिक्स सहितको सिकाइ अभिलेख पुस्तिका प्रयोग गर्ने विद्यालय (%)	१००	१००	१००	१००	१००	१००

क्र सं	प्रमुख क्रियाकलाप	एकाइ	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य १० वर्ष	कैफियत
			२०८३	२०८४	२०८५	२०८६	२०८७	जम्मा		
१	पाठ्यक्रमको प्रभावकारीरूपमा कार्यान्वयनका लागि शिक्षक शिक्षक तालिम सञ्चालन	तालिम	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
२	कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङकन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
३	स्थानीय पाठ्यक्रमको पाठ्यसामग्री विकास र कार्यान्वयन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	

४.२ शिक्षक व्यवस्थापन र विकास

४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारमा शिक्षक व्यवस्थापन र विकासको भूमिका निर्णायक हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनु आवश्यक छ। शिक्षकको विषयगत ज्ञान, शिक्षण सिकाइमा दक्षता र नमुना व्यवहारले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षकको पेसागत विकास सुनिश्चित गर्दै विद्यालयमा प्रभावकारी शैक्षिक नेतृत्व विकास गर्न आवश्यक छ। प्राथमिक तहमा शिक्षक–विद्यार्थी अनुपात विद्यार्थी सङ्ख्याको आधारमा, र माध्यमिक तहमा विषयगत मापदण्डका आधारमा शिक्षकको व्यवस्थापन गर्न आवश्यक देखिएको छ ।

पालुङटार नगरपालिकामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षक व्यवस्थापन तथा पेशागत विकासलाई प्राथमिकतामा राखी शिक्षकको ज्ञान, सीप, दक्षता र व्यावसायिक क्षमता सुदृढ गर्ने नीति अवलम्बन गरिनेछ। शिक्षकको निरन्तर पेशागत विकासका लागि आवश्यकतामा आधारित तालिम, कार्यशाला, विषयगत अन्तरक्रिया, मेन्टरिङ, कोचिङ, सहपाठी सिकाइ, अध्ययन–अवलोकन भ्रमण तथा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ अभ्यासलाई प्रोत्साहन गरिनेछ।

शिक्षकको कार्यसम्पादन, उत्तरदायित्व र पेशागत आचरणलाई सुदृढ गर्दै शिक्षण पेशालाई सम्मानित, आकर्षक र रोजाइको पेशाका रूपमा विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछन्। नवीन शैक्षिक प्रविधि, अनुसन्धानमूलक अभ्यास तथा विद्यार्थी केन्द्रित शिक्षण पद्धतिको प्रयोगलाई संस्थागत गरी कक्षाकोठामा गुणस्तरीय, समावेशी र सिकाइ उपलब्धिमुखी शिक्षण–सिकाइ वातावरण सुनिश्चित गरिनेछ।

यस प्रक्रियामार्फत शिक्षकलाई सक्षम, जिम्मेवार, नवप्रवर्तनशील तथा नतिजामुखी बनाउँदै विद्यालय शिक्षाको समग्र गुणस्तर सुधार, विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि तथा शिक्षाप्रति समुदायको विश्वास अभिवृद्धि गर्ने लक्ष्य लिइनेछ। नवीन शैक्षिक प्रविधि, अनुसन्धानमूलक अभ्यास तथा विद्यार्थी केन्द्रित शिक्षण पद्धतिको प्रयोगलाई संस्थागत गरी कक्षाकोठामा गुणस्तरीय, समावेशी र सिकाइ उपलब्धिमुखी शिक्षण–सिकाइ वातावरण सुनिश्चित गरिनेछ। यस प्रक्रियामार्फत शिक्षकलाई सक्षम, जिम्मेवार, नवप्रवर्तनशील तथा नतिजामुखी बनाउँदै विद्यालय शिक्षाको समग्र गुणस्तर सुधार, विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि तथा शिक्षाप्रति समुदायको विश्वास अभिवृद्धि गर्ने लक्ष्य लिइनेछ।

४.२.२ वर्तमान अवस्था

पालुङटार नगरपालिकाभित्रका विद्यालयहरुमा प्राथमिक तहका जम्मा २०६ जना शिक्षक कार्यरत छन् । निम्न माध्यमिक तहका जम्मा ४९ जना शिक्षक दरबन्दी रहेको छ । भने माध्यमिक तह (कक्षा ९-१०) मा जम्मा ४७ जना शिक्षकहरु कार्यरत छन । आधारभूत तह कक्षा १-५ मा कार्यरत शिक्षकहरुलाई माथिल्लो तहको कक्षामा शिक्षण कार्यको लागि खटाइएको अवस्था छ । यस नगरपालिकाको अधिकांश विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरबन्दी पर्याप्त नभएको हुनाले गणित विज्ञान र अंग्रेजी शिक्षकको लागि संघीय शिक्षण अनुदानबाट माध्यमिक तहमा १४ जना र आधारभूत तहमा ३ जना शिक्षकहरुलाई सेवा करार गरी व्यवस्थापन गरिएको छ । विद्यार्थी संख्यासँग अनुपात मिलाएर र विषयगतरुपमा शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गर्न अहिले टड्कारो आवश्यकता देखिन्छ । त्यस्तै, हाल कार्यरत शिक्षक तथा शिक्षिकाहरूका लागि नवीनतम् शिक्षण पद्धति, सूचना प्रविधि र बाल मनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिमको अभाव रहेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ। शिक्षण–सिकाइ क्रियाकलापलाई निरन्तर, प्रभावकारी र अविच्छिन्न बनाउन नगरपालिकाले आधारभूत तहमा कार्यरत महिला शिक्षकहरू सुत्केरी बिदामा रहँदा विद्यालयको नियमित पठनपाठनमा

कुनै अवरोध नआओस् भन्ने उद्देश्यले **सुत्केरी सट्टा शिक्षक व्यवस्था** कार्यान्वयन गरेको छ। यस अन्तर्गत हाल ३ जना सुत्केरी सट्टा शिक्षकको व्यवस्था गरी विद्यार्थीको सिकाइ निरन्तरता सुनिश्चित गरिएको छ। यस व्यवस्थाले एकातर्फ महिला शिक्षकहरूको मातृत्व अधिकारको सम्मान र संरक्षण गरेको छ भने अर्कोतर्फ विद्यालयमा शिक्षण–सिकाइको गुणस्तर तथा नियमितता कायम राख्न महत्वपूर्ण योगदान पुर्‍याएको छ। यस प्रकारको व्यवस्थामार्फत एकातिर बालबालिकाको सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव पर्न नदिई समावेशी, उत्तरदायी र विद्यार्थीमैत्री शैक्षिक वातावरण निर्माण गर्ने नगरपालिकाको प्रतिबद्धता प्रतिबिम्बित भएको छ भने अर्को तिर त्यसरी नियुक्त भएका सट्टा शिक्षकहरुले सुत्केरी विदामा रहेकी शिक्षककै विषय अध्यापन गर्न सक्छन की सक्दैनन् भन्ने प्रश्न पनि उत्तिकै छ । नगरपालिकामा शिक्षक व्यवस्थापन गर्दा कहिले काँही राजनीतिक हस्तक्षेप र नियुक्ति विवादले शैक्षिक गुणस्तरमा ह्रास ल्याइरहेको र शिक्षक व्यवस्थापन, खासगरी सरुवा-पदस्थापन र दरबन्दी मिलान कार्यलाई जटिल बनाएको देखिन्छ। यसर्थ शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि, कक्षाकोठा अभ्यास तथा समग्र शैक्षिक परिणामसँग वैज्ञानिक र वस्तुनिष्ठ रूपमा आबद्ध गर्ने संयन्त्रको विकास गर्न आवश्यक छ । विद्यालय नेतृत्वलाई प्रभावकारी बनाउन नगरपालिकाले प्रधानाध्यापकको नेतृत्व क्षमता विकास तथा विद्यालय व्यवस्थापन सुधारलाई प्राथमिकतामा राख्दै प्रधानाध्यापक र नगरपालिकाबीच कार्यसम्पादन सम्झौताको व्यवस्था गरेको छ। प्रधानाध्यापकलाई जिम्मेवारीप्रति उत्प्रेरित गर्न प्रोत्साहन भत्ताको समेत व्यवस्था गरिएको छ। यद्यपि कार्यसम्पादन सम्झौतामा उल्लेखित लक्ष्य तथा सूचकहरूको नियमित अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीलाई अझ प्रभावकारी बनाउनु आवश्यक रहेको छ।

४.२.३ उद्देश्य

क) तहगत, कक्षागत,विषयगतरूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

४.२.४ रणनीतिहरू

क) विद्यार्थी संख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र आवश्यकता अनुसार पुनर्वितरण गर्ने

ख) रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन गर्ने

ग) दक्ष र तालिमप्राप्त शिक्षकको आपूर्ति सुनिश्चित गर्ने र नियुक्ति प्रक्रिया पारदर्शी बनाउने

घ) शिक्षकको निरन्तर पेशागत विकासको लागि सङ्घ तथा प्रदेशसंगको समन्वयमा शिक्षण सिप विकास लगायत विषयमा सेवाकालिन / कस्टमाइज्ड तालिम सञ्चालन गर्ने

ङ) शिक्षकहरूको नियमित पेशागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने

च) शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगमा प्रशिक्षित गर्ने

छ) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, र अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग उपलब्ध गराउने

ज) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने

झ) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रममार्फत प्रेरित गर्ने

ञ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने

ट) प्रधानाध्यापकलाई नेतृत्व, विद्यालय व्यवस्थापन, लेखा तथा संसाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने

ठ) शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने

ड) नियुक्ति र पदस्थापन प्रक्रियामा राजनीतिक हस्तक्षेप न्यूनिकरण गरी योग्यता र अनुभव आधारित निर्णय सुनिश्चित गर्ने

ढ) कार्ययोजना, शैक्षिक योग्यता र अनुभवको आधारमा प्रधानाध्यापकको छनौट गर्ने

ण) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउने

त) शिक्षकले कक्षा काठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापक जिम्मेवार हुने

थ) शिक्षक व्यवस्थापन र विकासको प्रभावकारितालाई समय-समयमा अनुगमन गरी सुधारात्मक कदम चाल्ने

४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धि नतिजा तथा परिमाणात्मक लक्ष्य**

विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ। सुचकमा आधारित विद्यालय सुपरिवेक्षण पद्धति सुनिश्चित भएको हुनेछ। शिक्षक तालिम, शिक्षकको पेशागत विकास र शिक्षक सक्षमता प्रारुप प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ र शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको प्राप्त भएको हुनेछ।

क्र सं	**सूचक**	**आधारवर्ष२०८२/८३**	**२०८३/८४**	**२०८४/८५**	**२०८५/८६**	**२०८६/८७**	**२०८७/८८**
१	प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको संख्या(%)	१००	१००	१००	१००	१००	१००
२	आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक(%)	१००	१००	१००	१००	१००	१००
३	माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%)	१००	१००	१००	१००	१००	१००
४	शिक्षक पेशागत सहयोग प्रणाली लागु भएका विद्यालय संख्या (%)	५०	६५	८०	९०	९५	१००
५	शिक्षकले कक्षाकोठामा विताउने समयावधि (·Time Card) लागु भएको विद्यालय (%)	१०	२०	३०	४०	५०	६०
६	डिजिटल हाजिरी मेसिनमा हाजिर गर्ने शिक्षकको प्रतिशत (%)	९०	९५	१००	१००	१००	१००

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

क्र सं	प्रमुख क्रियाकलाप	एकाइ	भौतिक लक्ष्य (पाँच बर्ष)						भौतिक लक्ष्य (१० बर्ष)	कैफियत
			२०८३	२०८४	२०८५	२०८६	२०८७	जम्मा		
१	शिक्षक नियुक्ति	२	२	२	२	२	२	१०	२०	
२	अपाङ्गता भएका व्यक्ति, महिला, सिमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेशामा सहभागी गराउन क्षमता अभिवृद्धि	२	२	२	२	२	२	१०	२०	
३	शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय बृद्धि	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	
४	विद्यालयमा आधारित शिक्षक पेशागत सहयोग कार्यक्रम	५	५	५	५	५	५	२५	५०	
५	नगरपालिकासँग प्रधानाध्यापकको कार्यसम्पादन	३९	३९	३९	३९	३९	३९	सबै	सबै	
६	संघ र प्रदेशसँगको समन्वयमा गरिने सेवाकालीन/ कस्टमाइज्ड तालिम	३	३	३	३	३	३	३०	६०	

४.३ समता र समावेशीकरण

४.३.१ परिचय

शिक्षा क्षेत्रमा समता र समावेशीकरण विशेष रूपमा महत्वपूर्ण छन्। समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। विद्यालयले विद्यार्थीहरूको विविध आवश्यकता अनुसार पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकूल बनाउँछ। यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा फरक पृष्ठभूमिका तथा वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ।

कार्यक्रम कार्यान्वयन र शिक्षण सिकाइमा समता र समावेशीकरणले सामाजिक न्याय, समान अवसर, मानव अधिकारको संरक्षण र दिगो विकासलाई मात्रप्रवर्द्धन गर्दैन बालबालिको अनुभव जन्य सिकाइ प्रक्रियामा अर्थपूर्ण सहभागिताको समेत सुनिश्चितता प्रदान गर्छ । यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जीउने अवसर प्रदान गर्दछ। त्यसैले, समता र समावेशीकरणलाई नीति, योजना र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ।

४.३.२ वर्तमान अवस्था

पालुङटार नगरपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। नगरपालिकामा हाल २९ वटा सामुदायिक विद्यालय र १० वटा संस्थागत विद्यालय रहेका छन्, जसमा करिब ६३५८ जना विद्यार्थी अध्ययनरत छन्। तीमध्ये छात्राको संख्या करिब ४९ प्रतिशत रहेको छ भने दलित २९%, जनजाति ४५% , ब्राम्हण/ क्षेत्री १९% र अन्य समुदायका विद्यार्थीहरूको संख्या करिब ७ प्रतिशत रहेको छ।

नगरपालिकाले आर्थिक रूपमा कमजोर तथा वञ्चित समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ। नगरपालिकासँग विपन्न तथा असाहाय बालबालिका कार्यक्रम र नगरपालिकाको प्राविधिक शिक्षा सहयोग छात्रवृत्ति एवम आवासीय कार्यक्रम मार्फत विभिन्न प्रकारको छात्रवृत्ति प्रदान गरिदै आएको छ । हालसम्म करिब १३७८ जना विद्यार्थीले छात्रवृत्ति सुविधा प्राप्त गरेका छन्। त्यसैगरी अपाङ्गता भएका विद्यार्थीहरूको संख्या करिब ३७ जना रहेको छ र उनीहरूका लागि समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ।

यद्यपि, केही विद्यालयहरूमा शिक्षक दरबन्दी, स्रोतसाधन तथा पूर्वाधारको असमानता देखिन्छ। विशेष गरी दुर्गम बस्तीका बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल स्रोतमा पहुँच अझै चुनौतीपूर्ण रहेको छ। समग्रमा हेर्दा, पालुङटार नगरपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे पनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम तथा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ।

४.३.३ उद्देश्य

क) शिक्षा तथा सामाजिक सेवामा सबै बालबालिका र समुदायको समान पहुँच सुनिश्चित गर्दै विशेषगरी वञ्चित, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्नु

ख) जात, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गता तथा भौगोलिक अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्नु

४.३.४ रणनीतिहरू

क) विद्यालयमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई नियमित अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

ख) विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त गतिविधिहरूमा बालबालिकाको समावेशी तथा समान सहभागिता सुनिश्चित गर्ने

ग) विद्यालयमा विशेषगरी छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' वा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने

घ) प्रत्येक विद्यालयमा गुनासो पेटिका राखी विद्यार्थी तथा सरोकारवालाहरूका गुनासो सङ्कलन र समाधानको व्यवस्था गर्ने

ङ) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू (शौचालय, र्याम्प, सुरक्षित कक्षा कोठा आदि) निर्माण तथा सुधार गर्ने

च) घरधुरी सर्वेक्षणमार्फत बालबालिकासम्बन्धी आवश्यक विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने

छ) साधारण विद्यालयमा भर्ना भएर अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाका लागि स्रोत कक्षा वा आवश्यक सहयोगी सेवा उपलब्ध गराउने

ज) समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने

झ) विशेषगरी किशोरीहरूलाई हुने विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने

४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धि, नतिजा र परिमाणात्मक लक्ष्य:**

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ। आर्थिक सामाजिक कारणले पछाडि परेका समुदायका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

क्र सं	शिक्षामा समता समावेशीकरणका सुचक	आधारवर्ष२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८
१	आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या	१६७	१३०	१००	५०	२०	०
२	आधारभूत तहको लैङ्गिक समता सुचक	१.४	१.०२	१	१	१	१
३	माध्यमिक तहमा लैङ्गिक समता सूचक	१.०२	१	१	१	१	१
४	आधारभूत तहको टिकाउ दर %	८९	९५	१००	१००	१००	१००

प्रमुख क्रियाकलाप र लक्ष्य

क्र.सं.	**प्रमुख क्रियाकलाप**	**एकाइ**	**भौतिक लक्ष्य ५ बर्ष**					**भौतिक लक्ष्य**	**कैफियत**
			२०८३	**२०८४**	**२०८५**	**२०८६**	**२०८७**	**२०८८**	**(१० बर्ष)**
१	शिक्षाको अवसरबाट वञ्चित हुनाको कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर
२	बालबालिकाको स्क्रिनिङ गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रवन्ध	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर

३	बालबालिकाको सिकाइ आवश्यकता अनुरुपका सिकाइ सामग्री, अन्य आवश्यक सामग्री विकास तथा पेशागत विकास कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुलाई समावेश	पटक	३	३	३	३	३	३	५
४	शिक्षामा समता र समावेशीकरण क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी सङ्घ संस्थाबीच जवाफदेहीता सहितको कार्यगत समन्वय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर
५	निर्देशिका अनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनौट तथा छात्रवृत्ति वितरण (अपाङगता, भएका तथा विभिन्न किसिमका आवसीय छात्रवृत्ति समेत)	विद्यार्थी संख्या	१६०	२००	२२०	२५०	३००	३५०	५००
५	अपाङ्गता मैत्री विद्यालय संख्या	७	१०	१५	२०	३०	३९	३९	३९
६	छात्र छात्रा बालमैत्री शौचालय प्रतिशत	३७	४०	४५	४९	५०	६०	७०	१००
७	असहाय, गरिव तथा विपन्न नागरिक एवम अति सिमान्तकृत समुदायको सन्ततिलाई शैक्षिक सहायता प्रदान गरेको संख्या	विद्यार्थी संख्या	१५०	१७५	२००	२५०	२७५	३००	४००
८	संस्थागत विद्यालयले प्रदान गर्ने नियमानुसारको छात्रवृत्ति प्राप्त विद्यार्थी संख्या(%)	१०	२०	३०	४०	५०	६०	७०	१००

४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र विकास, नियमित उपस्थिती र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ। साथै, विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यस कार्यक्रमले सहयोग गर्दछ।

४.४.२ बर्तमान अवस्था

पालुङटार नगरपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। विद्यालयमा पत्रु खाना निषेध गर्दै सामुदायिक विद्यालयहरूमा बालविकासदेखि कक्षा ५ सम्मको दिवाखाजामा स्थानीय स्तरमा उपलब्ध उत्पादनलाई प्राथमिकता दिने नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याइएको छ ।

नगरपालिकाका सबै माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भइसकेको छ र बाँकी विद्यालयमा निर्माण प्रक्रिया जारी छ। कक्षा ६–१२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ। साथै, सबै विद्यालयमा प्राथमिक उपचार सामाग्रीको बाकस राखिएको छ र बालिकाहरूका लागि विद्यालय पोषण कार्यक्रम मार्फत आइरन चक्की वितरण गरी पोषण सुधारमा सहयोग पुऱ्याइएको छ।

यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिती र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुऱ्याउँदै समता र समावेशीकरणलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण भूमिका खेलेका छन्।

४.४.३ उद्देश्यहरु

क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु

ग) विद्यालयमा पत्रु खाना निषेध गरी स्थानीय उत्पादनमा आधारित दिवाखाजाको प्रवन्ध गर्नु

४.४.४ रणनीतिहरू

क) सबै सामुदायिक र संस्थागत विद्यालयमा बालविकासदेखि कक्षा १२ सम्म पोषिलो र ताजा दिवाखाजा उपलब्ध गराउने।

ख) विद्यालय भान्सा, भण्डार, भान्सामा प्रयोग हुने भाँडावर्तन र सामाग्री सुधार्ने, समूहमा हात धुने सुविधा विस्तार गर्ने।

ग) पर्याप्त पानी, साबुन, सफाइ सामाग्री, अलग–अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, कक्षा र परिसर सरसफाइ सुनिश्चित गर्ने।

घ) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व वितरण नियमित गर्ने।

ङ) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड वितरण प्रभावकारी बनाउने।

च) विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

छ) अपाङ्गता भएका, वञ्चित र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी कार्यक्रम पहुँच सुनिश्चित गर्ने।

ज) शिक्षक र कर्मचारीलाई तालिम दिई क्षमता विकास गर्ने।

झ) अभिभावक र समुदायलाई अनुगमन, सुधार र मूल्याङ्कनमा सक्रिय सहभागी बनाउने।

ञ) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने।

ट) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने

४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिः विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ।

क्र सं	**सूचक**	**आधार वर्ष २०८२/८३**	**२०८३/८४**	**२०८४/८५**	**२०८५/८६**	**२०८६/८७**	**२०८७/२०८८**
१	प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%)	१००	१००	१००	१००	१००	१००
२	कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%)	१००	१००	१००	१००	१००	१००
३	दिवा खाजा प्राप्त गर्ने कक्षा	५	६	७	८	९	१०
४	बार्षिकरुपमा विद्यालयको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको संख्या	१०	१५	२०	२५	३०	३९
५	खानेपानी शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको विद्यालय संख्या	१५	१८	२०	२५	२८	३०
६	नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालय संख्या	१	४	६	८	१०	१३

ख) प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

क्रसं	प्रमुख क्रियाकलाप	एकाइ	भौतिक लक्ष (५ वर्ष)						भौतिक लक्ष्य	कैफियत
			२०८३	२०८४	२०८५	२०८६	२०८७	जम्मा	(१० वर्ष)	
१	दिवा खाजाको लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध भएका विद्यालय	सङ्ख्या	२५	३०	३५	३९	३९	३९	३९	
२	स्वास्थकर तथा पौष्टिक दिवा खाजाको प्रवन्ध भएका विद्यालय	सङ्ख्या	२५	३०	३५	३९	३९	३९	३९	
३	दिवाखाजाको लागि चाहिने खाध्य समग्री आपुर्तिमा भागलिने स्थानीय कृषि सहारी किसान समूहलाई तालिम तथा सहयोग	पटक	२	२	२	२	२	१०	२०	
४	विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त पानी साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय	शौचालय संख्या	६०	६०	६०	६०	६०	६०	६०	
५	कक्षा ६ देखि१२ सम्मका छात्राहरुलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
५	आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी र सुक्ष्म पोषक तत्व प्रदायक ट्याव्लेटहरु (भिटामिन ए, आइरन, फोलिक एसिड आदी प्रदान गरिएको विद्यार्थी	विद्यार्थी	सबैलाई	सबैलाई	सबैलाई	सबैलाई	सबैलाई	सबैलाई	सबैलाई	
७	विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन	सेट								

४.५ आपतकालीन अवस्थामा शिक्षा

४.५.१ परिचय

आपतकालीन अवस्था, जस्तै प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य संकटका बेला बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ। यस क्रममा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, अनलाइन वा सामुदायिक आधारमा सिकाइको व्यवस्था गरिनु पर्छ। शिक्षण सामग्री, शिक्षक प्रशिक्षण र विद्यार्थीहरूको पहुँचमा ध्यान दिँदै सबै बालबालिकाले समान अवसर पाउनुपर्छ। आपतकालीन शिक्षाले मात्र बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्दैन, उनीहरूको मानसिक स्वास्थ्य, सुरक्षा र सामाजिक सुरक्षा पनि प्रवर्द्धन गर्छ। यसले दीर्घकालीन विकास र समावेशी समाज निर्माणमा योगदान पुर्‍याउँछ।

४.५.२ वर्तमान अवस्था

पालुङटार नगरपालिकाको शिक्षा प्रणाली पछिल्ला वर्षहरूमा विभिन्न बहुआयामिक संकटहरूको प्रत्यक्ष प्रभावबाट प्रभावित भएको छ। विशेषगरी २०१५ को गोरखा भुकम्पले विद्यालयका भौतिक पूर्वाधार, सिकाइ वातावरण तथा मनोसामाजिक पक्षमा दीर्घकालीन असर पुर्‍याएको थियो। त्यसपश्चात् COVID-19 pandemic का कारण लामो समय विद्यालय बन्द हुँदा त्यस वेलाका पालुङटार नगरपालिका भित्रका ५३ ओटै विद्यालयहरुका ९५९० जना विद्यार्थीको सिकाइ उपलब्धिमा उल्लेखनीय गिरावट, सिकाइ क्षति (Learning Loss), विद्यालय छाड्ने जोखिम, डिजिटल पहुँचमा असमानता तथा सामाजिक-आर्थिक रूपमा कमजोर समुदायका बालबालिकाको शिक्षामा पहुँचमा थप चुनौती उत्पन्न भयो। ग्रामीण भौगोलिक अवस्था, सीमित इन्टरनेट तथा सूचना-प्रविधिमा पहुँचको कमी, शिक्षकको डिजिटल क्षमता र वैकल्पिक सिकाइ व्यवस्थाको अपर्याप्तताले यी समस्यालाई अझ गम्भीर बनायो। यसैबीच बाढी, पहिरो, अतिवृष्टि, खडेरी, आगलागी तथा अन्य प्राकृतिक प्रकोपका कारण विद्यालय सञ्चालन, विद्यार्थीको नियमित उपस्थितिमा अवरोध, पूर्वाधारमा क्षति तथा शैक्षिक निरन्तरतामा बारम्बार चुनौती देखिएको छ। जलवायु परिवर्तनबाट सिर्जित जोखिमले भविष्यमा शिक्षा प्रणालीलाई अझ बढी लचिलो (Resilient) बनाउने आवश्यकता स्पष्ट रूपमा देखाएको छ।

यी संकटहरूको प्रभाव विद्यार्थी, अभिभावक, विद्यालय तथा स्थानीय सरकार सबै तहमा देखिएको छ। विद्यार्थीहरूमा सिकाइ अन्तर (Learning Gap), मनोसामाजिक तनाव, नियमित अध्ययनप्रतिको रुचिमा कमी तथा आधारभूत सीप विकासमा असर परेको छ भने अभिभावकले आर्थिक संकट, रोजगारी गुम्ने अवस्था र वैकल्पिक सिकाइका लागि आवश्यक स्रोतको अभावका कारण बालबालिकाको शिक्षामा अपेक्षित सहयोग गर्न कठिनाइ भोग्नुपरेको थियो। नगरपालिकाले विद्यालय पुनःसञ्चालन, स्वास्थ्य सुरक्षा मापदण्ड कार्यान्वयन, सिकाइ पुनर्स्थापना कार्यक्रम, विद्यालय पूर्वाधार पुनर्निर्माण, छात्रवृत्ति तथा शैक्षिक सहयोगका कार्यक्रम सञ्चालन गरे पनि स्रोत–साधन, दक्ष जनशक्ति र विपद् तयारी प्रणाली अझ सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ। त्यसैले आगामी शिक्षा योजनाले विपद् जोखिम न्यूनीकरण (DRR), जलवायु अनुकूल तथा उत्थानशील (Resilient) विद्यालय, डिजिटल सिकाइ प्रणाली, मनोसामाजिक सहयोग, समावेशी शिक्षा, सिकाइ क्षति पूर्ति कार्यक्रम, विद्यालय सुरक्षा योजना तथा समुदाय–अभिभावक–स्थानीय

सरकारबीचको सहकार्यलाई केन्द्रमा राखी शिक्षा प्रणालीलाई भविष्यका महामारी, प्राकृतिक विपद् तथा अन्य आकस्मिक संकटप्रति सक्षम, लचिलो र दिगो बनाउने दिशामा रणनीतिक रूपमा अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ।

४.५.३ उद्धेश्य

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु

ख) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु

४.५.४ रणनीति

क) संघीय सरकारले बनाएको विपद्/आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास गर्ने।

ख) स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने।

ग) स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने।

घ) विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने।

ङ) नगरपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने, जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने।

च) प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार गर्ने।

छ) महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण–सिकाइ उपाय तयार गर्ने।

ज) स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपतकालीन क्षमता विकास गर्ने।

झ) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन गर्ने।

ञ) हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

ट) संकट/आपतकालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने।

ठ) Covid-19 जस्ता संकटले पार्ने छोटो र लामो अवधि प्रभाव पहिचान गरी समाधान गर्ने।

ड) विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजना समावेश गर्ने।

ढ) शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी ज्ञान र व्यवहारिक तालिम दिने।

ण) अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागी बनाउने।

त) संकट–आपतकालिन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने।

४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धी:

i. आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ।

ii. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।

iii. सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ।

iv. आपतकालीन अवस्थामा बैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुनेछ।

v. सबै विद्यालयमा विद्यालय सुरक्षा योजना कार्यान्वयन भई विपद्प्रति उत्थानशील (Resilient) र सुरक्षित सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ।

vi. विपद्का कारण हुने शैक्षिक क्षति, विद्यालय बन्द हुने अवधि तथा सिकाइ अवरोध न्यूनतम स्तरमा झरेको हुनेछ।

vii. सबै विद्यार्थी, शिक्षक र विद्यालय व्यवस्थापन समितिमा विपद् पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापनासम्बन्धी क्षमता विकास भएको हुनेछ।

ख) नतिजा र परिमाणात्मक लक्ष्य

क्र सं	सूचक	आधारवर्ष २०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८
१	बालबालिकालाई आधारभूत जीवनोपयोगी सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय संख्या	४	५	६	७	८	१०
२	हरित विद्यालय संख्या	०	२	४	६	८	१०
३	जलवायु परिवर्तन तथा दीगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम गर्ने विद्यालय संख्या	२	४	६	८	१०	१३
४	विद्यालयस्तरीय School Disaster Risk Reduction and School Safety Plan तयार गरी कार्यान्वयन भएका विद्यालय (%)	२	४	६	८	१०	१३
५	विपत जोखिम मूल्याङकन (Risk Assessment) सम्पन्न भएका विद्यालय (%)	२	४	६	८	१०	१३

६	विपत् प्रतिरोधी (Resilient) मापदण्ड पुरा गरेका विद्यालय (%)	१०	१२	१४	१६	१८	२०
६	विद्यालयमा बालमैत्री तथा मनोसामाजिक सहयोग उपलब्ध विद्यालय (%)	२	४	६	८	१०	१३
७	अग्नी नियन्त्रण प्रणाली उपलब्ध भएका विद्यालयको (%)	०	२	४	६	८	१०
८	प्राथमिक उपचार सामग्री उपलब्ध भएको विद्यालयको (%)	१०	२०	४०	५०	६०	८०
९	विपत सचेतना कार्यक्रममा सहभागी विद्यार्थीको प्रतिशत	२०	३०	४०	५०	६०	७०
१०	विपत विमा वा जोखिम व्यवस्थापनमा आवद्ध विद्यालय संख्या	३	५	८	१०	१२	१३
११	विपदको समयमा वैकल्पिक सिकाइ (Alternative Learning) सञ्चालन गर्न सक्षम विद्यालयको (%)	४०	५०	६०	७०	८०	९०

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

क्र सं	प्रमुख क्रियाकलाप	एकाइ	भौतिक लक्ष						१० वर्षको जम्मा	कैफियत
			२०८३	२०८४	२०८५	२०८६	२०८७	जम्मा		
१	पालिका स्तरीय विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण तथा पुनरावलोकन	पटक	५	५	५	५	५	२५	५०	
२	स्थानीय तह र विद्यालय क्षमता विकास	पटक	५	५	५	५	५	२५	५०	
३	विपत् पूर्व तयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम	पटक	५	५	५	५	५	२५	५०	
४	शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिलाई DRR, Search & Rescue तथा प्राथमिक उपचार तालिम प्रदान गर्ने	पटक	५	५	५	५	५	२५	५०	
५	विद्यालय सुरक्षा योजना (School Disaster Management Plan) तयार गर्ने, बार्षिक अध्यावधिक गर्ने, विद्यालय विपत् व्यवस्थापन तथा सुरक्षा समिति गठन तथा परिचालन गर्ने	पटक	५	५	५	५	५	२५	५०	
६	पालिका स्तरीय जोखिम नक्साङकन, GIS आधारित जोखिम प्रोफाइल, जोखिम न्यूनीकरण कार्ययोजना निर्माण	पटक	५	५	५	५	५	२५	५०	
७	विद्यालयका सबै भवन तथा अन्य भौतिक संरचानको प्राविधिक परीक्षण	पटक	५	५	५	५	५	२५	५०	
८	भुकम्प, आगलागी, बाढी पहिरो लगायतका विपत् अभ्यास सञ्चालन, विद्यार्थी तथा शिक्षक अभिभुखीकरण	पटक	५	५	५	५	५	२५	५०	
९	प्राथमिक उपचार सामग्री, अग्नि नियन्त्रण सामग्री, आपतकालीन सूचना बोर्ड तथा उद्धार सामग्री उपलब्ध गराउने	पटक	५	५	५	५	५	२५	५०	

१०	सुरक्षित Assembly Area निर्माण, खानेपानी, शौचालय, हात धुने स्थान तथा बालमैत्री सुरक्षा पूर्वाधार विकास	पटक	५	५	५	५	५	२५	५०
११	Learning Continuity Plan, डिजिटल सिकाइ, रेडियो/अफलाइन सिकाइ सामग्री विकास तथा शिक्षकलाई ICT तालिम	पटक	५	५	५	५	५	२५	५०
१२	शिक्षा शाखा, विपद् व्यवस्थापन समिति, स्वास्थ्य शाखा, सुरक्षा निकाय तथा समुदायबीच समन्वय संयन्त्र स्थापना, नियमित अनुगमन तथा आकस्मिक प्रतिकार्य प्रणाली विकास	पटक	५	५	५	५	५	२५	५०
१३	DRR, जलवायु परिवर्तन, विद्यालय सुरक्षा, प्राथमिक उपचार तथा वातावरण संरक्षणसम्बन्धी सह–पाठ्यक्रम गतिविधि सञ्चालन गर्ने	पटक	५	५	५	५	५	२५	५०

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.६.१ परिचय

विद्यालयमा बालबालिकाले सुरक्षित र गुणस्तरीय शिक्षा प्राप्त गर्न भौतिक पूर्वाधार अत्यन्त महत्वपूर्ण हुन्छ। शिक्षा नियमावली २०५९ अनुसार, प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल तोकिएको छ। यसले प्रत्येक विद्यार्थीले पर्याप्त स्थानमा पठनपाठन गर्न सक्ने वातावरण सुनिश्चित गर्छ।विद्यालयका आधारभूत भौतिक पूर्वाधारमा सुरक्षित विद्यालय भवन, पढ्नका लागि कक्षाकोठा, खेलकुदका लागि खेलमैदान, शौचालय, स्वच्छ पानी, सफाइ र पुस्तकालय/बुक कर्नर जस्ता सुविधा समावेश हुन्छन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयलाई बालमैत्री, सुरक्षित, हरित र विपद् जोखिममुक्त बनाउन भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी र पुस्तकालय जस्ता सम्पूर्ण पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्थापन गरेको छ।यी पूर्वाधारले मात्र शिक्षा पहुँच सुनिश्चित नगरी बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र विकासमा पनि योगदान पुऱ्याउँछ।

४.६.२ वर्तमान अवस्था

पालुङटार नगरपालिकाका २९ वटा सामुदायिक विद्यालयमा हाल १०२ वटा भवन/पूर्वाधार ब्लक र ३७६ वटा कक्षाकोठा रहेका छन्, जसमध्ये ३१२ वटा कक्षाकोठा नियमित शिक्षण–सिकाइका लागि प्रयोग भइरहेका छन्। यसका अतिरिक्त प्रशासनिक कक्ष, बहुउद्देश्यीय हल, शौचालय, क्यान्टिन, छात्रावास तथा पुस्तकालयजस्ता सहायक पूर्वाधारहरू पनि उपलब्ध छन्। समग्र रूपमा आधारभूत शैक्षिक पूर्वाधारको पहुँच सन्तोषजनक देखिए तापनि यसको वितरण र गुणस्तर विद्यालयअनुसार असमान रहेको छ। विशेष गरी केवल २ वटा विद्यालयमा पुस्तकालय, २ वटा विद्यालयमा छात्रावास र २ वटा विद्यालयमा मात्र अपाङ्गमैत्री शौचालय उपलब्ध हुनुबाट समावेशी, गुणस्तरीय तथा आधुनिक सिकाइ वातावरण निर्माणमा अझै उल्लेखनीय लगानी आवश्यक रहेको देखिन्छ। यसले आगामी शिक्षा योजनाले विद्यालय पूर्वाधारलाई केवल भवन निर्माणमा सीमित नगरी सिकाइमैत्री, समावेशी, प्रविधिमैत्री र बालमैत्री वातावरण विकासतर्फ केन्द्रित गर्नुपर्ने आवश्यकता औँल्याउँछ।

भवनको संरचनागत तथा भौतिक अवस्थाको विश्लेषणले विद्यालय पूर्वाधारको दीर्घकालीन सुरक्षा र दिगोपनका विषयमा थप ध्यान दिनुपर्ने अवस्था देखाएको छ। कुल १०२ भवनमध्ये ५२ वटा आरसीसी फ्रेम संरचनाका र १९ वटा स्टिल ट्रसयुक्त इँटा संरचनाका भए पनि ६ वटा भवन अझै माटोको गारो प्रयोग भएका परम्परागत संरचनामा आधारित छन्। भौतिक अवस्थाका आधारमा ३३ वटा भवन राम्रो, ४२ वटा मध्यम, १६ वटा नाजुक, ९ वटा जीर्ण तथा २ वटा अत्यन्त जीर्ण अवस्थामा रहेका छन्। अर्थात् करिब ७४ प्रतिशत भवन तत्काल प्रयोगयोग्य अवस्थामा भए पनि बाँकी २७ वटा भवन मर्मत, रेट्रोफिटिङ वा पुनर्निर्माणको आवश्यकता भएका संरचनाका रूपमा रहेका छन्। विशेष गरी शैक्षिक प्रयोजनका भवनमध्ये १२ वटा भवन (८ नाजुक, ३ जीर्ण र १ अत्यन्त जीर्ण) को अवस्थाले सुरक्षित सिकाइ वातावरणमा प्रत्यक्ष जोखिम सिर्जना गरेको छ। भूकम्पीय जोखिमयुक्त गोरखा जिल्लाको भौगोलिक अवस्थालाई दृष्टिगत गर्दा विद्यालय भवनलाई विपद् प्रतिरोधी, सुरक्षित र जलवायु अनुकूल पूर्वाधारका रूपमा विकास गर्नु आगामी शिक्षा योजनाको प्रमुख प्राथमिकता हुनुपर्छ।

विद्यालयको सरसफाइ, स्वास्थ्य सुरक्षा तथा पूर्वाधार व्यवस्थापनको अवस्थाले पनि थप सुधारको आवश्यकता देखाएको छ। नगरपालिकाभित्र बालक र बालिकाका लागि आवश्यक शौचालय तथा युरिनलको आधारभूत व्यवस्था भए तापनि ६२ वटा शौचालयमध्ये केवल ३८ वटा मात्र पूर्ण रूपमा सञ्चालनमा रहेका छन् भने २४ वटा सञ्चालनमा छैनन् र ४० वटा सम्बन्धी अद्यावधिक विवरण उपलब्ध छैन। यसले विद्यालयमा स्वास्थ्य, सरसफाइ तथा मासिक धर्म व्यवस्थापन (Menstrual Hygiene Management) जस्ता पक्षमा प्रभाव पार्न सक्ने देखिन्छ। साथै विद्यालय पूर्वाधारको नियमित मर्मत–सम्भार प्रणाली, वार्षिक मर्मत कोष, सम्पत्ति व्यवस्थापन प्रणाली तथा पूर्वाधारको आवधिक प्राविधिक परीक्षण प्रभावकारी रूपमा संस्थागत भइसकेको अवस्था देखिँदैन। त्यसैले आगामी शिक्षा क्षेत्र योजनाले जीर्ण तथा नाजुक भवनको पुनर्निर्माण र रेट्रोफिटिङ, कार्यशील शौचालयको सुनिश्चितता, अपाङ्गमैत्री पूर्वाधार विस्तार, पुस्तकालय, विज्ञान प्रयोगशाला तथा बहुउद्देश्यीय सिकाइ केन्द्रहरूको विकास, साथै नियमित मर्मत–सम्भार र विद्यालय सुरक्षा योजनालाई एकीकृत रूपमा अघि बढाई सुरक्षित, समावेशी, विपद् प्रतिरोधी र गुणस्तरीय शैक्षिक वातावरण निर्माणलाई उच्च प्राथमिकतामा राख्न आवश्यक देखिन्छ।

४.६.३ उद्देश्य

क) सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदका लागि पर्याप्त, सुरक्षित र समावेशी विद्यालय भौतिक पूर्वाधार सुनिश्चित गर्नु

ख) विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्द्धन गर्नु

ग) सबै विद्यालयमा सिकाइका लागि आवश्यक प्राथमिकीकरणमा परेका न्यूनतम् भौतिक अवस्थाको सुनिश्चित गर्नु

घ) जलबायु परिवर्तनका असरबाट सुरक्षित हुन climate Smart Infrastructure बनाउन परामर्श गर्नु

४.६.४ रणनीतिहरू

क) विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका मापदण्ड तयार गर्ने।

ख) पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि संघसंस्था, सरोकारवालासँग लागत साझेदारी गर्ने।

ग) कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा/खाजाका घरलगायत पूर्वाधार समावेश गरेर डिजाईन गर्ने।

घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्थासहित स्तरोन्नति गर्ने।

ङ) पूर्वाधार निर्माणसँगै विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्ने।

च) विद्यालय भौतिक पूर्वाधारका लागि सूचक तयार गरी अनुगमन गर्ने।

छ) आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित गर्ने।

ज) विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने।

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।

ञ) खेलकुद मैदान, पुस्तकालय/बुक कर्नर र अन्य सिकाइ स्रोत सुनिश्चित गर्ने।

ट) विद्यार्थीहरूको पहुँच र समावेशीता सुनिश्चित गर्दै सबै पूर्वाधार डिजाइन गर्ने।

ठ) अनुगमन, मूल्याङ्कन र सुधार मार्फत पूर्वाधारको टिकाउपन र प्रभावकारिता सुनिश्चित गर्ने।

४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

क) उपलब्धिः

i. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ।
ii. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुनेछ ।
iii. सबै कक्षा कोठा सुरक्षित,प्रयाप्त र सिकाइमैत्री बनेका हुनेछन
iv. विद्यालयमा सुरक्षित खानेपानी र सरसफाइ सुविधा सुनिश्चित भएको हुनेछ ।
v. सबै विद्यालयमा पुस्तकालय र अध्ययन केन्द्र विस्तार भएको हुनेछ ।
vi. विद्यालयहरुमा विज्ञान तथा ICT प्रयोगशाला विस्तार भएको हुनेछ ।
vii. विद्यालयमा वहुउद्देश्यीय सिकाइ तथा खेलकुद पूर्वाधार विकास भएको हुनेछ ।
viii. विद्यालयमा सुरक्षित खेलमैदान तथा खुल्ला स्थान विकास भएको हुनेछ ।
ix. विद्यालमा हरित तथा वातावरणमैत्री पूर्वाधार विकास भएको हुनेछ ।
x. विद्यालयको सम्पत्ति व्यवस्थापन तथा मर्जिङमा गएका विद्यालयका खाली भवन र जग्गाको संरक्षण भएको हुनेछ ।
xi. विद्यालय परिसर सुरक्षित र व्यवस्थित भएको हुनेछ ।

ख) नतिजा र परिमाणात्मक लक्ष्य

क्र सं	सूचक	आधारवर्ष २०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	२०८७/८८
१	भुकम्प प्रतिरोधी विद्यालय	३०	३२	३४	३६	३८	३९
१	नयाँ निर्माण गर्नुपर्ने कक्षा कोठा संख्या	१०	१५	२०	३०	४५	४०
३	बाढी पहिरो लागायत प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय	३	३	३	३	३	३
४	न्यूनतम पूर्वाधार पुरा गरेका विद्यालय (%)	८०	८८	९०	९५	१००	१००
५	जीर्ण/ नाजुक भवन वा रेट्रोफिटिङ भएका भवन	१२	१०	८	६	४	२
६	प्रयोग योग्य तथा मापदण्ड अनुसारको भवनको प्रतिशत	९०	९२	९५	९७	९८	९८
७	पूर्णरुपमा सञ्चालनमा रहेका शौचालयको प्रतिशत	१००	१००	१००	१००	१००	१००
८	अपाङगता मैत्री च्याप्म तथा शौचालय भएका विद्यालयको प्रतिशत	७०	१००	१००	१००	१००	१००
९	पूर्णरूपमा क्रियाशील पुस्तकालय भएका विद्यालयको प्रतिशत	१००	१००	१००	१००	१००	१००
१०	विज्ञान प्रयोगशाला भएका विद्यालयको प्रतिशत	१००	१००	१००	१००	१००	१००
११	आइसिटी प्रयोगशाला भएका विद्यालयको प्रतिशत	१००	१००	१००	१००	१००	१००

१२	बहु उद्देशिय हल वा सिकाइ केन्द्र भएका विद्यालयको प्रतिशत	१०	२०	३०	४०	५०	६०
१३	मापदण्ड अनुसार खेलमैदान भएका विद्यालयको प्रतिशत	२०	३०	४०	५०	६०	७०
१४	वर्षाको पानी सङ्कलन, वृक्षरोपण, फोहोर व्यवस्थापन भएका विद्यालयको प्रतिशत	१००	१००	१००	१००	१००	१००
१५	बार्षिक मर्मत योजना र मर्मत कोष भएका विद्यालयको प्रतिशत	३०	३५	४०	४५	५०	६०
१६	बार्षिक सम्पत्ति अभिलेख गर्ने विद्यालयको प्रतिशत	१००	१००	१००	१००	१००	१००
१७	स्वास्थ्य कक्ष/ प्राथमिक उपचार सामग्री भएका विद्यालयको प्रतिशत	३०	४०	५०	६०	७०	८०
१८	कम्पाण्ड, गेट र सुरक्षा व्यवस्था सहितका विद्यालय प्रतिशत	४०	५०	६०	७०	८०	९०

४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

४.७.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ ।

सूचना तथा सञ्चार प्रविधि (ICT) विद्यालय शिक्षामा सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागी र आधुनिक बनाउन प्रयोग गरिन्छ। ICT मार्फत शिक्षकहरूले बहु-माध्यमिक सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र शिक्षण सफ्टवेयरको प्रयोग गरी पाठ्यक्रमअनुसार सिकाइ अनुभव समृद्ध बनाउन सक्छन्। विद्यार्थीहरूलाई खोज, अनुसन्धान, प्रोजेक्ट कार्य र संवादात्मक सिकाइमा सहभागी गराउने ICT ले सिकाइलाई सक्रिय र रचनात्मक बनाउँछ।विद्यालय शिक्षामा ICT को प्रयोगले शिक्षण–सिकाइलाई विद्यार्थी केन्द्रित बनाउँछ, सूचना पहुँच सजिलो बनाउँछ, सहकार्य र सञ्चार प्रवर्द्धन गर्छ र डिजिटल सीप विकासमा सहयोग पुऱ्याउँछ। यसले मात्र ज्ञान प्राप्तिमा सहजता ल्याउने होइन, भविष्यका दक्ष र सृजनशील नागरिक तयार पार्नमा पनि महत्वपूर्ण योगदान दिन्छ।

४.७.२ वर्तमान अवस्था

यस नगरपालिकाका विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग विस्तार हुँदै आएको छ। केही माध्यमिक र आधारभूत विद्यालयमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड र इन्टरनेट सुविधा उपलब्ध छन्। शिक्षकहरूले सिकाइ प्रक्रियामा डिजिटल स्रोत, अनलाइन सामग्री र प्रस्तुति प्रविधिको प्रयोग गर्दै पाठ्यक्रम अनुसार पाठ सञ्चालन गरिरहेका छन्।

तर, सबै विद्यालयमा ICT पहुँच समान छैन। दुर्गम क्षेत्रका विद्यालयहरूमा उपकरण, इन्टरनेट र प्रशिक्षित शिक्षकको अभावले डिजिटल शिक्षामा चुनौती देखा परेको छ। नगरपालिकाले ICT पहुँच, उपकरण उपलब्धता, शिक्षक तालिम र डिजिटल पाठ्य सामग्री विकासमा काम गर्दै आएको छ।

समग्रमा, हाम्रो यस नगरपालिकामा ICT को प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि सिकाइ अनुभव समृद्ध बनाउने क्रम जारी छ, तर समावेशी र पूर्ण पहुँच सुनिश्चित गर्न अझ योजना र स्रोतको आवश्यकता देखिन्छ।

४.७.३ उद्देश्य

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु

ख) ICT प्रयोगमार्फत डिजिटल क्षमता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्नु

४.७.४ रणनीतिहरू

क) सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण (कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि) उपलब्ध गराउने।

ख) शिक्षकहरूको ICT प्रयोग क्षमता वृद्धि गर्न तालिम र कार्यशाला सञ्चालन गर्ने।

ग) कक्षा र विषय अनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्य सामग्रीको प्रयोग बढाउने।

घ) शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने।

ङ) शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।

च) विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवा प्रवाहमा ICT प्रयोग विस्तार गर्ने।

छ) सामुदायिक सिकाइ केन्द्रहरूमा ICT स्थापना गर्ने।

ज) दुर्गम क्षेत्रका विद्यालयमा ICT पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइन समाधानको व्यवस्था गर्ने।

झ) ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्द्धन गर्ने।

ञ) ICT सम्बन्धी अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजनामा समावेश गरी प्रभावकारिता सुनिश्चित गर्ने।

४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुनेछ।

परिच्छेद ५
विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।
यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।

५.१ संस्थागत क्षमता विकास

५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थाग्त संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।
योजना कार्यान्वयनका लागि नगर कार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलनर प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ। विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ।

५.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन्।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन्। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिकोसमीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागिजिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र लुम्बिनी प्रदेशले सामाजिक विकास

डिभिजन कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छभने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ।

५.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
ख) तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
घ) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

५.१.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।
ख) संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने।
ग) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने।
घ) शिक्षक पेशागत सहयोग प्रणाली स्थापन गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने।
ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने।
च) विद्यालय कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।
छ) विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने।
ज) शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने।
झ) विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने।
ञ) मानव, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।
ट) स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने।
ठ) ICT र डिजिटल प्रणालीमार्फत प्रशासन र शिक्षण–सिकाइ प्रक्रियालाई सुदृढ गर्ने।
ड) विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने।
ढ) विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने।

५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ
ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

५.२.१ परिचय

संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। यस सन्दर्भमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक आवश्यकता, प्राथमिकता र स्रोत साधनलाई ध्यानमा राखी शिक्षा योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउने उद्देश्यले तय गरिएको रणनीतिक र कार्यान्वयनमुखी योजना हो।यसले विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, वैकल्पिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि सुधार लगायतका विषयलाई समेट्छ।

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत योजना निर्माण, स्रोत व्यवस्थापन, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका स्पष्ट प्रक्रिया र संरचनाहरू तय गरिन्छ। यस प्रक्रियामा स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा सम्बन्धित सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ।

५.२.२ वर्तमान अवस्थाः

नगरपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्रअनुसार शिक्षा क्षेत्रको व्यवस्थित विकासका लागि स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध गर्नेछ। नगरपालिकाले शिक्षा शाखामार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्नेछ। योजना कार्यान्वयन अन्तर्गत नगरपालिकाले विद्यालयहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने, विद्यालय सुधार योजना कार्यान्वयनमा सहजीकरण गर्ने, शिक्षक दरबन्दी व्यवस्थापन तथा आवश्यकता अनुसार पुनर्वितरण गर्ने, रिक्त पदमा शिक्षक नियुक्ति प्रक्रियामा सहजीकरण गर्ने तथा शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ कार्यक्रम सञ्चालन गर्नेछ। साथै सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गर्ने, विद्यालय पूर्वाधार विकास गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने कार्यहरू पनि गरिनेछन्।

यसका अतिरिक्त नगरपालिकाले सरोकारवालासँग समन्वय गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा आवश्यक जनशक्ति, स्रोत व्यवस्थापन र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्ने प्रयास गर्नेछ। जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ ।

५.२.३ उद्देश्यहरुः

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

५.२.४ रणनीतिहरू

क) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

ञ) सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ

ख) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

५.३ अनुगमन तथा मूल्याङ्कन

५.३.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ।प्रत्येक बिद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ।विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षक,

प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन्।अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ।कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ।खासगरी शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ।बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ।कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन।प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन्।सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ।

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ।योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

५.३.३ उद्देश्य

क) अनुगमन तथा मूल्यांकनको लागि संयन्त्रको निर्माण गर्नु
ख) अनुमगन तथा मूल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाउनु
ग) योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु

५.३.४ रणनीतिहरू

क) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने।
ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने।
ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।
घ) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने।
ङ) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गर्ने
च) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने।

छ) योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

परिच्छेद ६
लगानी र स्रोत व्यवस्थापन

६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्यूसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ ।

६.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको

रुपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन। विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत २१ हजार रहेको छ। तिहारको भैलो देखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेकाछन्। पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन्। अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन। नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ।

६.३ उद्देश्य

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

६.४ रणनीतिहरू

क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

ख) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,

घ) वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने,

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने।

६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने।

परिच्छेद ७
कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

७.१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ।स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन ।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ। विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररीक्षण, निरीक्षण गर्नेछन्। अनुगमन कार्य सुचकमा आधारित हुनेछ। अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्विन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

७.२ वर्तमान अवस्था

स्थानीय तहलाई तोकिएका शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा शिक्षा, युवा तथा खेलकुद शाखाले अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ तर पनि विद्यालय तहमा सघनरुपमा सूचकमा आधारित भइ अनुगमन तथा सुपरीवेक्षण हुन सकेको छैन। शैक्षणिक कार्यहरुमा कक्षा कोठामा उपस्थित भएर शिक्षकलाई पाठ्यक्रम कार्यान्वयन र शिक्षण सिकाइको सन्दर्भमा पृष्ठपोषण दिनुपर्ने आवश्यकता छ। अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय र संस्थागत बनाउन बाँकि नै छ। कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन, त्यसको प्रगति समिक्षा र प्रतिविम्वन पनि हुन बाँकी नै छ। प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजीकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ। सङ्घमा शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन् । पालुङटार नगरपालिकाको नगर शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ। अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ।

क्र.स.	अनुगमन गर्ने निकाय	अनुगमन प्रकृया	जिम्मेवारी	अनुगमन समय	अनुगमन सूचक
१	वडा शिक्षा समिति		प्रधानाध्यापक	दैनिक	

२	नगर शिक्षा समिति		व्यवस्थापन समिति	मासिक	
३	वडा कार्यालय		अनुगमन समिति संयोजक	मासिक	
४	पालिका		शिक्षा युवा तथा खेलकुद शाखा	मासिक	आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन
५	शिक्षा विकास तथा समन्वय इकाइ		इकाइ प्रमुख	वार्षिक	
६	जिल्ला समन्वय समिति	अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन	प्रमुख तथा पदाधिकारी	वार्षिक	
७	शिक्षा अधिकृत		वडा शिक्षा समिति	मासिक	
८	विद्यालय सुपरिवेक्षक		वडा अध्यक्ष	मासिक	
९	शिक्षा तथा मानव श्रोत विकास केन्द्र		अन्य सरोकारवाला निकाय	आवश्यकता अनुसार	
१०	प्रदेश शिक्षा विकास निर्देशनालय		शिक्षक अभिभावक सघ	त्रैमासिक	
११	नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था				

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

७.३ उद्देश्य

क) बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

७.४ रणनीतिहरू

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,

ग) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,

घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,

ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,

च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,

ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,

झ) सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,

ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,

ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने।